# अनन्त स्मृतिमा
## स्व. नारायणी पाठक

**जन्म : २०१६ साउन १ गते**
**स्वर्गारोहण : २०७८ जेठ १२ गते**



**नारायणी मेमोरियल फाउण्डेसन**
**नेम फाउण्डेसन** (NAME Foundation)
**कन्काई नगरपालिका-४, इलुवावारी, झापा**

जुन मानिसको साथमा ममतामयी आमा हुन्छिन्, उ कहिल्यै गरिब हुन सक्दैन

*-अब्राहम लिङ्कन*

आज मैले जति गरेँ यी सबैका लागि म मेरी आमाप्रति ऋिणि छु

*-जर्ज वासिङ्टन*

दिल खुलेर रुनका निम्ति सबैभन्दा उत्तम ठाउँ आमाको काख हो ।

*-जोडि पिकोल्ट*

मेरी आमा जिउँदो भगवान हुनुहुन्छ ।

*-लिओनार्दो डिकाप्रियो*

संसारको धनी मानिस पनि आफ्ना आमा वीना त गरिब नै हुन्छ

*-अज्ञात*

मलाई एक असल आमा देउ, म तिमीलाई एक असल राष्ट्र दिने छु

*-नेपोलियन बोनापार्ट*


**अनन्त स्मृतिमा स्व. नारायणी पाठक**

**सम्पादक एवं लेखक - वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठक**
**(पूर्व नायव महान्यायाधिवक्ता)**

प्रकाशक : नारायणी मेमोरियल फाउण्डेसन
कन्काई नगरपालिका - ४, इलुवाबारी (भापा)
प्रिन्टिङ : Routa Printing Support, Anamnagar
प्रकाशन मिति : २०७९/०२/१२
प्रकाशन प्रति : ५००


सर्वाधिकार : प्रकाशकमा

# सम्झनामा

# स्व. देवीप्रसाद पाठक



| जन्म | स्वर्गारोहण |
|---|---|
| वि.सं. १९९१ | २०७७ |

**सम्पूर्ण ज्ञात अज्ञात पूर्वजहरुको सम्मान र स्मृतिमा समर्पण**

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

# शुभकामना

सामाजिक, शैक्षिक, साहित्यिक क्षेत्रको विकासमा सहयोग पुऱ्याउने, ज्येष्ठ नागरिक सम्मान एवम् अनाथ, असक्त, असहाय, बाबुआमाबाट परित्यक्त, कमजोर आर्थिक अवस्था भएका बालबालिकाको शैक्षिक उन्नयनमा सहयोग पुऱ्याउन छात्रवृत्ति प्रदान गर्ने उद्देश्यका साथ गैरनाफामूलक जनहितकारी सामाजिक संस्थाका रूपमा नारायणी मेमोरियल फाउन्डेसन (NAME Foundation) स्थापना भएकोमा मलाई खुसी लागेको छ ।

दिवङ्गत हुनुभएका पूर्वज एवम् प्रियजनहरूको स्मृति र सम्मानमा उहाँहरूको जीवनगाथा झल्कने स्मृति अङ्कसमेत प्रकाशन गर्ने योजनामुताबिक फाउन्डेसनले स्वर्गीय नारायणी पाठकको स्मृतिमा यो स्मृति माला प्रकाशन गर्न लागेको थाहा पाउँदा थप हर्षित छु । यसपूर्व "स्मृतिका पानामा स्व. देवीप्रसाद पाठक" प्रकाशन गरिसकेको फाउन्डेसनका तर्फबाट भविष्यमा समेत यसरी नै पूर्वजका स्मृतिमा उहाँहरूका जीवनगाथा झल्कने स्मृति अङ्क प्रकाशन हुने अपेक्षा गरेको छु ।

विभिन्न दाताहरूले यस फाउन्डेसनको संस्थापक सदस्यता ग्रहण गरी आफ्ना पूर्वजहरूको स्मृति र सम्मानमा प्रदान गरेको रकमबाट स्थापित अक्षय कोषमार्फत स्थापनाको प्रथम वर्षमा नै तेह्रथुम जिल्लाका सातओटा विद्यालयका नौ जना र झापा जिल्लाका पन्ध्रओटा विद्यालयका सोह्र जना गरी आधारभूत एवम् माध्यमिक विद्यालयमा अध्ययनरत जम्मा पच्चिस जना विद्यार्थीलाई पूर्वजहरूकै नाममा छात्रवृत्ति प्रदान गर्न सफल भएकोमा फाउन्डेसनको सराहना गर्दछु । उक्त छात्रवृत्ति सङ्ख्या प्रत्येक वर्ष बढाउँदै लैजाने योजना रहेको जानकारी पाउँदा झनै खुसी लागेको छ ।

सामाजिक सेवा एवम् परोपकारी कार्यका लागि स्थापित यस फाउन्डेसनको शैक्षिक छात्रवृत्ति कार्यक्रमका लागि आफ्ना पूर्वज एवम् प्रियजनका स्मृतिमा उहाँहरूका नाममा छात्रवृत्ति स्थापना गर्ने दाताहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको जानकारी पाउँदा थप हर्षानुभूति भएको छ । पूर्वजहरूको स्मृति र सम्मान गर्ने हाम्रा धार्मिक, सामाजिक एवम् सांस्कृतिक प्रचलन र मान्यतामा ह्रास आउँदै गरेको परिप्रेक्ष्यमा यस फाउन्डेसनले एउटा नयाँ कार्यको सुरुआत गरेको छ । दाताका परोपकारी मन र हातहरू यसै गरी अझ बढ्दै जाउन् भन्ने अपेक्षासहित फाउन्डेसनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति
२०७९ वैशाख ७

# प्रकाशकीय

जन्मपछि मृत्यु अवश्यभावी छ । तर जीवनभर मृत्युबारे सोच्दैनौ । जीवनको पूर्णता, सुख र समृद्धिको आशा र अकाङ्क्षामा दौडादौड गर्दागर्दै मृत्युको मुखमा पुग्छौँ । जीवनको उत्तरार्धमा आईपुग्दा र जीवनलाई फर्केर हेर्दा जीवनमा गर्नुपर्ने थुप्रै कामहरू रहेछन् भन्ने थाहा हुन्छ । स्थायित्व त जीवनमा गरेका कार्यहरूमात्र हुने रहेछन् । जीवनमा गरेका कार्यको लेखाजोखा बाँचिन्जेल त्यति गरिँदैन । जब व्यक्ति यो लोक छोडर अर्को लोकमा जान्छ तब उस्का कार्यहरूको लेखाजोखा र गुणहरूको विवचेना सुरु हुन्छ यो यथार्थता हो । आखिर सबैले यो लोक छाडेर जानु त निश्चितै छ तर को, कहिले, कसरी, कुन गतिमा जाने हो त्यो अनिश्चित् हुँदो रहेछ । सेक्सपियरले "संसार एउटा नाट्यशाला हो हामी त्यसका पात्र हौँ अन्त्यमा आआफ्नो भूमिका खेलेर विदा हुन्छौँ" भन्नुभए जस्तै कोरोना महामारीको कारण नै भन्नु पर्छ, स्व. नारायणी ओली पाठक अनायास छोराछोरी नातिनातिना आफन्त कुलकुटुम्ब सबैलाई छाडेर विदा भइन । उनीसँगको विछोडको क्षण अहिले कल्पना गर्न पनि कठिन छ । उनले पक्कै पनि काँक्राका चिरा जस्ता नातिनातिनाको पौरख हेर्न पाइएला भन्ने सोचेकी थिइन होलिन् । तर यो धर्तिमा सोचेको सबै कुरा कहाँ पुग्ने रहेछ र ?

यसरी ०७८।२।१२ का दिन अनायासमै आमा गुमाउनु परेका छोराछोरी, बुहारी ज्वाइँहरूले आफ्नो धार्मिक कृत्य सम्पन्न गरे पश्चात आमालाई कसरी सम्झने भन्ने बारेमा छलफल गर्दा उनले माया गरेर बनाएको झापा इलुवाबारीको घरलाई सबै पूर्वजहरुको स्मृति एवं सम्मानका लागि साझा गृहको रूपमा स्थपित गरौं । त्यो घरबाट स्व. नारायणी पाठक र अन्य सम्पूर्ण पूर्वजहरूको स्मरण एवं सम्मानमा केही परोपकारी कामको सुरुवात गरौं भन्ने प्रस्ताव सबैका लागि स्वीकार्य भयो । तत्पश्चात् स्व. नारायणी पाठक लगायत सबैको स्मृतिमा उपकारी कार्य गर्ने उद्देश्यका साथ नारायणी मेमोरियल फाउण्डेसनको जन्म हुन पुग्यो । उक्त फाउण्डेसनमार्फत स्व.नारायणी पाठकका साथै स्व. हजुरबुवा, हजुरआमा डिल्लीराम पाठक, स्व. शुभद्रा पाठक, स्व. देवीप्रसाद पाठक, स्व.दीव्यश्वरा पाठक, स्व. विष्णुप्रसाद पाठक र स्व. धनमाया पाठक लगायत अन्य सबै दिवंगत पूर्वजहरूको सम्मान र सम्झनामा उहाँहरुकै नाममा केही उपकारी कार्यको सुरुवात गरी समाज सेवा गरौं भन्ने सल्लाह भयो । उक्त फाउण्डेसनका विविध कार्यहरु मध्ये पहिलो कार्य अनाथ अशकत एवं असहाय बालबालिकाहरूको शिक्षामा सहयोग गर्न केही धनराशीको

बन्दोबस्त गरौं र सोही संकलित राशीबाट सामुदायिक स्कुलमा अध्ययनरत ७ देखि १२ कक्षासम्मका विद्यार्थीलाई वार्षिक शैक्षिक छात्रवृत्ति प्रदान गरी दिनदु:खीको भविष्य निर्माणमा थोरै भएपनि सहयोग गरौं भन्ने पवित्र भावनाका साथ अक्षयकोष स्थापना समेत भइसकेको र अक्षयकोष थप गर्दै लाने कार्य निरन्तर रहेको छ । परिवार बाहेक अन्य आफन्तजनहरूसमेत आफ्ना बुबाआमा र प्रियजनका स्मृतिमा उहाँहरूकै नाममा अक्षयकोष खडा गरी उपकारी कार्यको सुरुआत भएको छ । यसरी उक्त फाउण्डेसनलाई एउटा चीरस्थायी संस्थाको रूपमा विकसित गर्ने योजनाले मुर्तरुप लिन थालेको छ । उक्त स्थापित संस्थाको पहिलो प्रकाशन कार्यको रूपमा स्व. देवीप्रसाद पाठकको जीवन गाथालाई, उहाँको योगदानलाई स्मृतिग्रन्थका रूपमा लिपिबद्ध गरी प्रकाशित गर्ने कार्य सम्पन्न भईसकेको छ । स्व. नारायणी पाठकको स्मृति अङ्क प्रकाशन हुँदैछ । यस फाउण्डेसनले भविष्यमासमेत संस्थापक सदश्यहरूका बुवाआमा एवं प्रियजनका जीवनगाथा झल्कने गरी थप स्मृति ग्रन्थहरू प्रकाशन गर्ने लक्ष्य रखेको छ । फाउण्डेसनमा जो कोहीले पनि आआफ्ना पूर्वजहरूको सम्मान एवं स्मृतिमा स्व. पूर्वजहरूकै नाममा र दाताहरूकै इच्छामा अक्षयकोष स्थापना गर्न चाहेमा त्यस्तो छात्रवृत्ति रकम ग्रहण गर्ने र मूलधनको ब्याजले दाताको चाहना र इच्छालाई व्यवस्थापनसम्म फाउण्डेसनले गरिदिने लक्ष्य संस्थाको विधानमा प्रष्ट रूपमा उल्लेख छ । उक्त कार्यमा समाजसेवी दाताका उपकारी मनहरू अझ बढ्ने अपेक्षासमेत गरिएको छ ।

संस्था स्थापना हुनु ठूलो कुरा होइन तर संस्थालाई चीरस्थायी र लक्ष्य अनुरूप कार्य गर्न सक्ने बनाउनु नै मूल कुरा हो । यस पुनीत कार्यमा सबैको सहयोग भएमा निश्चय पनि संस्थाको उद्देश्य प्राप्तिमा बल पुग्ने अपेक्षा गरेको छु । प्रस्तुत स्मृति प्रकाशनका लागि पुस्तक सेटिङ डिजाइनमा सहयोग पुर्‍याउने सुरज राई र प्रुफ रिडिङ गरिदिनुहुने श्री सीताराम उप्रेतिलाई समेत फाउण्डेसनको तर्फबाट धन्यवाद दिन चाहान्छु । अन्त्यमा फाउण्डेसनका तर्फबाट दिवंगत स्व.नारायणी पाठकलगायत सम्पूर्ण पूर्वजहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

**बरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठक**
**अध्यक्ष,**
**नारायणी मेमोरियल फाउण्डेसन**

# विषयसूची


| | | |
|---|---|---|
| स्वर्गीय नारायणी पाठकको जीवनगाथा | **नरेन्द्रप्रसाद पाठक** | ९ |
| प्यारी बहिनी नारायणीको सम्झनामा छोटो शब्दचित्र | **गणेश ओली** | २४ |
| सम्झनामा स्व. बहिनी नारायणी | **हरिप्रसाद उप्रेती** | २८ |
| ममताकी खानी सबैकी प्यारी आमा | **डा. सम्राट वश्याल** | ३१ |
| मेरी भाउजू | **रामकुमार पाठक** | ३६ |
| मेरो जीवनको प्रेरणाकी श्रोत स्व. दिदीप्रति केही शब्द | **श्रीप्रसाद शिवाकोटी** | ३८ |
| आमा | **वीना पाठक** | ४० |
| छोरी नारायणीको स्मृतिमा | **अनिरुद्र ओली** | ४३ |
| बहिनी नारायणीको सम्झनामा | **नेत्र संग्रौला** | ४५ |
| दिदी नारायणी प्रति मेरो स्मरण | **डा. हिमाल सङ्ग्रौला** | ४६ |
| एउटा छोराको सम्झनामा ती आखिरी दिनहरु | **प्रदीप पाठक** | ४८ |
| आमाहरूको स्मृतिमा केही हरफ | **सरिता सिलवाल पाठक** | ५६ |
| सम्धिनीसँगको अन्तिम वार्तालाप | **सरिता प्रसाईं** | ५७ |
| सम्झनामा प्यारी भाउजू | **टङ्कप्रसाद पाठक** | ५८ |
| ममता र प्रेरणाको सागर आमा | **ईरिना प्रसाई** | ६० |
| भाउजूसँगका स्मृतिका क्षणहरू | **मीना पाठक सिटौला** | ६२ |
| दिदीको सम्झनामा चिठी | **सीता ओली चिमरिया** | ६५ |
| स्मृतिमा आमा | **रेनुका पाठक** | ६६ |
| स्मृतिमा सम्धिनी | **शुभद्रा बस्याल** | ६८ |
| प्रथम जन्मजयन्तिमा तिमीलाईं सम्झदा | **नरेन्द्रप्रसाद पाठक** | ७० |
| आमा | **महेन्द्र चुडाल** | ७२ |
| आमाको यादमा | **वीना पाठक** | ७३ |
| आमा तिमीलाई म भुलु कसरी | **रीना पाठक** | ७४ |
| रित्तो भएको हाम्रो माईती गाउँ | **गौरा ओली** | ७५ |
| दुखेको मन | **हर्षित चुडाल** | ७६ |
| Memories Of Aama From My Diary | **Shuvashree Bashyal** | ७८ |
| Aama, Bless Us From The Heaven | **Aarushi Pathak** | ८० |
| रानो हराएको मूल घर | सोम प्रकाश प्रसाईं | ८१ |
| 'नारायणी मेमोरियल फाउण्डेसन' विधान, २०७८ | | ८२ |
| नारायणी मेमोरियल फाउण्डेसन शैक्षिक छात्रवृत्ति निर्देशीका, २०७८ | | १०५ |
| जिल्ला प्रशासन कार्यालय दर्तापत्र | | १०९ |
| नारायणी मेमोरियल फाउण्डेसन छात्रवृत्ति निवेदन फारम | | ११० |
| नारायणी मेमोरियल फाउण्डेसन शैक्षिक सत्र २०७९ को वार्षिक छात्रवृत्तिका लागि छनौट भएका विद्यालय एवम् विद्यार्थीहरू | | ११२ |
| तस्बिरमा स्वर्गीय नारायणी पाठक | | ११७ |

# स्वर्गीय नारायणी पाठकको जीवनगाथा

नरेन्द्रप्रसाद पाठक

## बाल्यकाल

स्व. नारायणी पाठक ओलीको जन्म २०१६ साल श्रावण १ गतेका दिन तेह्रथुम जिल्लाको आठराई साविक पोखरी गाउँपालिका होडाको सेढाइ गाउँमा स्व बुवा अविकेशर ओली र आमा तुलसादेवी ओलीको जेठी छोरीको रूपमा भएको थियो। उनीभन्दा माथि एक दाजु मात्र थिए। उनी मुनि पाँच जना बहिनी र एउटा भाइ भएकाले सबैको एक किसिमले संरक्षक नै थिइन् उनी। दाजु गणेश ओली र बैनी नारायणीलाई बाबु आमाले मात्र नभई स्वर्गीय हजुर बुवा र हजुर आमाले पनि खुबै माया गर्थे। हजुर आमाकी उनी एक प्रकारले भण्डारे नै थिइन्। भन्डारमा राखेको केही चिज निकाल्नु पर्दा र राख्नु पर्दा पनि हजुर आमाले भण्डारको चाबी मलाई नै दिन्थिन भनेर भन्ने गर्थिन्। उनी जेठी छोरीका रूपमा जन्मेकी हुनाले बाल्यकालमा सबैकी दिदी भएकाले उनको अरुभन्दा बढी जिम्मेवारी रहन्थ्यो। प्रारम्भिक शिक्षा सरस्वती प्रा.वि. होडामा पढ्न थालिन्। कक्षा ५ को पढाईपछि उनी श्री पोखरी मा.वि.मा कक्षा ६ मा पढ्न थालिन। स्कुल जानुका अतिरिक्त हजुरआमा, आमालाई सहयोग गर्नु र भाइबहिनीको हेरचाह गर्नु दोहोरो भूमिका उनमा थियो। सबैलाई सन्तुलित रूपमा राख्न सक्ने खुबी उनीमा सानै देखि नै थियो। स्कुलमा भाले जुधाई मात्र होइन फुटबल खेल्न पनि उनी अघि सर्थिन्। तर के गर्नु पढ्न दिएनन् भन्थिन् उनी।

तत्कालीन समयमा पहाडको ग्रामीण बस्तीको केटाकेटीको दिनचर्या बिहान बेलुका आफ्नो गच्छेअनुसारको केही न केही काम गर्नु नै पर्दथ्यो। वस्तु, बाख्रा चराउने, घाँसपानी गर्ने लगायतका काममा निकै भरपर्दोरूपमा गरेको कुरा बारम्बार सुनाउने

गर्थिन् । बुवासँग घोडा चढेर मधेस आएको र बुधबारेमा मामा घरमा बसेको, जमुनाबारीको घरमा बसेको बराबर सम्झने गर्थिन । आफ्नो ठुली दिदी मामालाई दिएको कारण दुई नाताको सम्बन्धले ठुलै परिवार भए पनि ठुल दिदीकै घरमा राती बस्न रुचाउँथ्यौँ भन्थिन । मावली घरका मामा माइजू मामाका छोराछोरी सबैका लागि उनी प्रिय दिदीबहिनी र भान्जीका रूपमा चिनिन्थिन् । प्रस्ट बोल्ने सबैलाई सहजै साइनो केलाएर आदरभाव गर्ने हक्कि स्वाभावका कारण मावलमा पनि उनी सबैको प्यारकी खानी नै थिइन् ।

## विवाह बन्धनमा बाँधिएको प्रसङ्ग

तत्कालीन समयमा अहिले जस्तो समाजको कुरीति र अन्धविश्वासले छाडेको थिएन । छोरी नातिनीलाई रजश्वला नभई कन्यादान गर्न पाउनु धर्म जित्नु सम्झिइन्थ्यो । सोही मान्यतालाई हजुरआमाले पनि पछ्याउँदै थिइन । फलतः हजुरआमा एवम् बुवाको दिमागमा उनको विवाह गर्ने सोच विकसित भैसकेको रहेछ । यतिकैमा म पंक्तिकार पनि ९ दिनमै आमा गुमाएको टुहुरो बालक विस्तारै हुर्कदै गएको हुँदा मेरो विवाह गरिदिने हजुरआमाको इच्छा पनि उत्तिकै प्रबल बन्दै गएको रहेछ । सोही क्रममा पंक्तिकारको विवाहका लागि केटी खोज्नेक्रम चलिरहेको थियो । अमुक ठाउँमा केटी माग्ने विवाह गर्ने कुरा करिव करिव निश्चित भैसकेको थियो । तत्कालीन परम्पराअनुसार विवाहको निश्चित गर्न पत्र पुज्ने चलन थियो । केटा पक्षबाट पत्र लगाउनेक्रममा छोरीको विवाह नगर्ने कुराको सूचना प्राप्त भएछ । त्यतिकैमा स्व. नारायणी ओली पाठकका पिताजी अविकेशर ओली पनि सोही सक्रान्ति बजारमा पुग्नुभएको रहेछ । उहाँले पहिले कुरा छिनिसके पछि अन्तिममा पत्र लगाउन नमान्न र कुरा फेर्नु राम्रो होइन । यस्ता चेलीबेटी हाम्रा पनि छन् भन्नु भएछ । मेरा काका पनि कुरा छिनेकी केटीको कुरा फेरिएपछिको तनावमा हुँदा सामान्य भलाकुसारी पछि ससुरा अविकेशर ओलीकहाँ केटी माग्नु आउने प्रस्ताव राख्नु भए छ । केटो लिई आउनु जोडी मिले सल्लाहा गरौला भन्ने आश्वासन दिएको हुँदा मेरा माइला काका प्रेमप्रसाद पाठकले मलाई लिएर जानु भयो । १३ वर्षकी सानी केटी टेर्लिङको निलो साडी लगाएकी थिइन् । भित्र भान्सामा सायद आमालाई सघाउँदै थिइन् । खोइ कुन्नी तिनले के सोचेकी थिइन् विवाह पश्चातको जीवन । तर हेर्दा निकै खुसी नै देखिन्थिन् । दुवै जनाको देखादेख पछि उनका पिताजीले लौ कुरा मिल्यो मैले छोरी दिएँ भन्नुभयो । विवाह गर्ने कुरा

निश्चित भयो । खाना खाएर घरतर्फ लाग्यौं । त्यस बखत मेरो १५ वर्षको उमेर थियो म ९ कक्षामा पढ्दथे । उनी सायद ७ कक्षामा पढ्थिन् होली । पण्डितलाई चिना हेराउँदा ठिकै छ भन्ने खबर आयो । २०३० साल बैशाख २० गते विवाह गर्ने निश्चित भयो । मेरा स्कुलका तत्कालीन प्र.अ. B.S.C. दीपक भट्टराइले म घोडामा चढेर आएको देखेर जन्त जान प्रतीक्षारत रहेका अवस्थामा मलाई नमस्कार गरे । यौटा प्र.अ.ले यौटा विद्यार्थीलाई नमस्कार गरेकामा म लाजले भुतुक्कै भएँ । अनि उनैले तँ आजको मुख्य मान्छे होस् । त्यसैले नमस्कार गरेको भनेर मलाई बताए ।

बेलुका विवाहको लगन सुरु भयो । बेहुली निकाल्ने समय भयो । जग्गेमा बसेका बेलामा मलाई पटक पटक स-साना के के वस्तुका डल्लाले माथि बरण्डबाट हिर्काउथे । कस्ले हिर्काएको डल्लाले भन्दा चुहानडाडामा दिदीहरूले ज्वाई मन नपरेर हिर्काएको अरे भन्थिन उनी पछि मलाई । सायद विवाहको समयमा मेरो तत्कालीन खानपीन, रहनसहन, भेशभूषा फरक थियो । त्यति स्वस्थ र आकर्षक पनि थिइँन होला । तै पनि उनी मसँग विवाह भएकामा खुसी नै देखिन्थिन् । मलाई लाग्थ्यो उनी उमेरले कमै भएता पनि म भन्दा अलिक परिपक्व देखिन्थिन । सायद छोरी मान्छे भएर होला की !

## गृहस्थी जीवनमा प्रवेस

विवाह भएको झण्डै एक वर्ष सम्म उनी माइती मै बसिन् । २०३१ साल फागुन महिनामा उनी आफ्नो ईवाको घरमा आइन् । १४ वर्षकै उमेरमा विवाह बन्धनमा बाधिए पनि १६ वर्ष देखि उनले आफ्नो घर खानुपऱ्यो । म S.L.C. दिएर हिँडे पछि उनी पहाड घरमा बसिन् । पहाडको ठाउँ, दसैँ तिहारमा घर लिप्नु, सफा सुग्घर गर्नुपर्ने, घर रङ्ग्याउन कमेरो बोक्नु पर्ने जस्ता नियमित कार्य थिए । एक पटक उनी ह्वाकुको कमेरे खोलामा कमेरो बोक्न जादाका दुःखदको क्षणलाई जहिले पनि सम्झिन्थिन् । ७-८ महिना पहाडको घरमा बसेपछि २०३२ सालमा झापा चप्रामारी घरमा आएपछि १८-२० जना मानिसलाई बिहान खाना दिउँसो खाजा बेलुका खाना र घाँस काटेर सिजनमा धान रोप्ने जस्ता कार्य पनि उनले गरिन् । झापा आएपछि म सुरुङ्गा बजारमा किराना दोकान खोलेर व्यापार गर्न थाले । सुरुङ्गा दोकानमा केही दिन बसेर पुनः उनी मुलघर चप्रामारीमा नै बस्न थालिन् । दोकान गर्दागर्दै २०३२ सालमा आइ.ए. पढ्न भनि म धरान गएँ । दुर्भाग्य भनौ वा सौभाग्य फेल भैइयो तत् पश्चात पुनः दोकानै गरियो । अर्को वर्ष राजविराजमा कानुन पढ्न गइयो । उनी चप्रामारीमै बस्दै थिइन् । यसरी २०३३ साल देखि ०३९

साल सम्म म पढाइमै निरन्तर लागिरहे । २०३२ सालमा राजविराजमा पढ्न गएका बेला कहिलेकाहि घर आउदाका बखत कलेज जाने दिन मैले थाहै नपाई उनका आफ्ना पेवा पैसा २०-४० रुपैया मेरो गोजीमा हालिदिन्थिन् । म पछि थाहा पाउँथे । सायद उनी मलाई खर्चको अभाव हुन्छ होला भनेर ठान्थिन होलिन् ।

राजविराजको पढाई सके पछि म बि.एल पढ्न काठमाडौँ गएँ । कहिले पढाई सकिन्छ भन्थिन् अझै ३ वर्ष लाग्छ भनेर जवाफ दिन्थेँ । सायद श्रीमान् श्रीमति सँगै बस्ने रहरले त्यसो भनेको होला ? २०३३ सालमा छोरा प्रदीप र २०३६ सालमा वीना छोरीको जन्म भयो । छोरा प्रदीप पनि बढ्दै गयो ।

भाइ टीका पनि कलेज पढ्न काठमाडौँ नै आउने भए । उनी आएको २ वर्षपछि प्रदीपलाई पनि सँगै लिएर आउने सल्लाह भयो । सायद ६ वर्षको थियो होला । निजलाई बालकुमारी बोर्डिङमा भर्ना गरियो । मैले नायब सुब्बाको जागिर २०३७ सालबाट सुरु गरे पनि उक्त जागिरले परिवारलाई खान लाउन हम्मेहम्मे हुन्थ्यो । त्यसमा पनि पढाई सकिएको थिएन । २०३८ सालमा सकिनु पर्ने वि.एलको पढाई ०३६ सालको जन आन्दोलनका कारण भण्डै १ वर्ष पर धकेलिन पुग्यो । बल्ल २०३९ सालमा बि.एलको सर्टिफिकेट प्राप्त भयो । तत् पश्चात वकालत गर्न भनेर झापा चन्द्रगढीमा जग्गा पनि किनियो । तर उनले जागिरै खानुपर्छ भनेर सल्लाह दिइन् । म पनि द्वैध मनस्थितिमा थिएँ । उनको सल्लाहाले प्राथमिकता पायो । फलतः लोक सेवामा शाखा अधिकृतको फारम भरेँ एकै पटकमा पास पनि भइयो । २०३९ साल चैत्रबाट शाखा अधिकृतमा नियुक्ति भई सरकारी वकिलको रूपमा मेरो पहिलो पोष्टिङ ताप्लेजुङ जिल्लामा भयो । पोष्टिङ भएको तीन महिना पछि सेवाकालीन तालीम सकेर म ताप्लेजुङ गएँ । उनी पनि दशै पश्चात कात्तिकमा ०३९ साल असार १७ गते जन्मिएकी कान्छी छोरी रीनालाई काखमा च्यापेर छोरी विनालाई साथैमा लिई बुवासँग पहाड ईवाको घरमा आइन ।

## जागिरे श्रीमानका श्रीमतीका रूपमा उनको जीवनचर्या

२०४० सालमा म ताप्लेजुङमा जिल्लामा सरकारी वकिलका रूपमा काम गर्दाको अवस्थामा आठराई ईवाको घरमा म ताप्लेजुङबाट उनलाई लिन आएँ । तत् पश्चात उनी जागिरे श्रीमानको श्रीमतीका रूपमा आफूलाई रूपान्तरण गर्ने र जीवनलाई सहज रूपमा व्यतित गर्न पाएको अनुभूति गर्न थालिन् । सानैमा पढाई छाड्नु परेको र शैक्षिक योग्यताको कमीका कारण जागिरे कर्मचारीका श्रीमतीको तुलनामा उनलाई प्रस्तुत हुन कठिन हुने गर्थ्यो होला । त्यसैले उनले अलिअलि अङ्ग्रेजी

शब्द पढ्नु पऱ्यो भन्ने प्रस्ताव राखिन् । मैले पनि केही गृहकार्य दिन थालेँ । छोटो समयमा उनले अङ्ग्रेजीको शब्दभण्डार निकै बढाउँन पुगिन् । जुन शब्दभण्डारको उपयोग उनी विदेश यात्रा गर्दा, किनमेल गर्दा, खानपीन गर्दा निकै उपयोग भएको महसुस गरेकी थिइन् ।

जागिरे जीवनका क्रममा म जताजता सरुवा भएँ उनी पनि मसँगै जान्थिन् । साथमा दुईटी छोरीलाई लिएर हिँड्थिन् । छोरा प्रदीप भने झापा मै बोर्डिङ पढ्ने भएकाले साथमा लगिएन । जिल्लाहरूमा अन्य कर्मचारीका श्रीमती म्याडमहरूसँग राम्रै सँग घुलमिल हुन सक्थिन् उनी । जिल्लामा भएका म्याडमहरू कही कतै भेला हुँदा पनि वकिल्नी साहेवनीलाई बोलाउनुपर्छ छोड्न हुँदैन भन्थे । किनकि साथीहरूसँग मिल्ने रमाउने उनको गुण नै थियो । ताप्लेजुङमा रहँदा तत्कालीन जिल्ला न्यायाधीश गिरीराज पौडेलको म्याडमसँग उनको निकै घनिष्टता थियो । पछिसम्म त्यो सम्बन्धले निरन्तरता पाएको थियो । त्यस्तै इन्स्पेक्टर देवीलाल तामाङ्को श्रीमती चन्द्रा थापा तामाङ म्याडमसँग पनि उनको सम्बन्ध निरन्तर कायमै रहेको थियो । जागिरको दौरानमा उनी ताप्लेजुङ, नुवाकोट, ओखलढुङ्गा, धरान, बुटवल बसिन् । बसेका ठाउँहरूमध्ये ताप्लेजुङको बसाई उनका लागि निकै रमाइलो बसाई भनेर सम्झिन्थिन् तर जहाँ गए पनि उनी सबै साथी सङ्गीसँग छिटै घुलमिल हुने उनको क्षमता थियो । झण्डै ४८ वर्षको उनीसँगको सहयात्रा निकै रमाइलो र सहज थियो ।

## विदेश यात्रा

### क. थाइल्याण्डको राजधानी बैंकक २०६१

उनी सामान्य गृहिणी भए पनि विदेश यात्रा गर्ने प्रशस्त अवसर प्राप्त गरेकी थिइन् । विदेश यात्रामा जाँदा खाने कुरामा उनको निकै चाख हुन्थ्यो । तै पनि विदेश यात्राबाट फर्कँदा सबै छोराछोरीलाई केही न केही सामान किनेर ल्याउने उनको बानी थियो । प्रथम पटकको थाइल्याण्डको राजधानी बैककको यात्रा उनको अविस्मरणीय यात्रा बनेको थियो । निकै नाम चलेको होटलको २० औं तलाको बसाई ५ तारे होटलको खानाका परिकारहरू हेर्दा उनलाई के खाउ के नखाउँ लाग्थ्यो रे तर जुस प्रशस्त खाने गर्थिन् । अन्य वस्तु चाहि बढी सोचेर खाने गर्थिन् । तर अरु जे जति खाए पनि भात खान नपाउँदा एक दिन होटलको बेरालाई बोलाई Plain rice को खोजी गरेपश्चात भात खान पाएकोमा निकै आनन्द भएको कुरा बेला बेला भनिरहन्थिन् ।

ख. सिङ्गापुर २०६६

बैंककपछि उनको विदेश यात्राको क्रममा सिङ्गापुर र मलेसियाको दोस्रो यात्रा थियो । सिङ्गापुरका साडी सिङ्गापुरको मुस्ताफा सेन्टरमा किन्न पाउँदा निकै खुसी भएकी थिइन् । सिङ्गापुरको सामुन्द्रिक यात्रा र सन्तोषा पार्कको रमाईलो दृश्यको निकै वर्णन गर्थिन् । मनोरञ्जन पनि प्रशस्त लिएकी थिइन् । सिङ्गापुरको ३ दिनको बसाईमा मलेसियाबाट सिङ्गापुर double decker बसमा सिरानको तलामा बसेर प्राकृतिक मनोरम दृश्य हेरेको रमाईलो क्षण उनको विदेश यात्राको सम्झानामा आइरहन्थ्यो । त्यसमा पनि यात्राको क्रममा बहिनी ज्वाइँ सोमप्रकाश प्रसाईं र बहिनी कमलासमेत यात्रामा सँगै भएको हुँदा उनका लागि झनै रमाईलो थियो ।

ग. दुबई

सिङ्गापुरपछिको दुबईको यात्रा निकै रोचक र रमाइलो ठान्दथिन् । जहाँ Desert Safari मा घुमेको र उँटमा चढेको र त्यहाँको स्थानीय नाच उनका लागि निकै स्मरणीय थियो । त्यसमा पनि मित्र हरि उप्रेती र बहिनी यशोदासँगको जोडीको साथले यात्रालाई झनै रमाईलो बनाएको थियो । किनकी दुबै जना यात्राका लागि निकै रमाईलो वातावरण सिर्जनमा गर्न सक्दथे । दुबईको यात्राको सबै बन्दोवस्तो भाइ सन्तोष प्रसाईं (बहिनी यशोदाका दिदीका छोरा) ले मिलाई दिएकाले यात्रामा आफूले कुनै तनाव लिनु परेन । यात्रा सुखद थियो ।

घ. अस्ट्रेलिया

यसैगरी चौथो यात्राका क्रममा अष्ट्रेलियाको यात्रा पनि निकै रमाइलो भयो । त्यसमा पनि छोरी वीनालाई पनि साथैमा लान पाएकामा उनी निकै खुसी थिइन् । बहिनी नर्वदा र ज्वाई नरेश कुमार पाण्डे अस्ट्रेलियामा भएको र छोरा अनमोल र सुवासले यात्रा सम्बन्धी सबै व्यवस्था मिलाएकाले अन्यत्र यात्रा भन्दा अस्ट्रेलियाको यात्रा निकै रमाईलो सहज र फलदायी बनेको थियो । सिड्नीको आसपासको पर्यटकीय स्थलको भ्रमणको बन्दोवस्त छोरा अनमोल पाण्डेले गरेका थिए । त्यस्तै मेलवर्नको यात्राको चाँजोपाजो छोरा सुवास पाण्डेले मिलाएका थिए । दुईओटै छोरा बुहारीसँगको सहयात्रामा उनी निकै रमाएकी थिइन् ।

ङ. इण्डोनेसिया/मलेसिया

उनको विदेश यात्राको अन्तिम एवम् पाचौँ यात्रा इन्डोनेसियाको बाली र मलेसिया

थियो । बालीमा समुन्द्रमाथिको होटलमा बसेर क्रुज डिनर खाएको प्रसङ्गलाई उनले जोकोही भेट्दा पनि भन्ने गर्थिन् । सायद त्यो क्षण उनको विदेश यात्राको रमाईलो क्षण बनेको थियो । मलेसियाको ८० तले टुइनटावरको टुप्पोमा गई मलेसियाका सडक, गाडी र अग्ला अग्ला भवन देख्दा उनी निकै प्रभावित बनेकी थिइन् ।

**च. भारत**

छिमेकी मुलुक भारतको यात्रामा उनको पहिलो यात्रा हरिद्वार थियो भने गया, बनारस, गुहाटीको कामाख्या, कलकत्ताको काली मन्दिर, हाउडाको पूल, जगन्नाथपुरीको यात्रा उनका हिन्दुस्ताका स्मरणीय यात्रा थिए ।

भ्रमणका क्रममा चीनको साङ्घाई र बेजिङ र भारतकै उत्तरप्रदेशको वृन्दावनमा जाने उनको इच्छा भने अधुरो नै रह्यो ।

**छ. स्वदेश यात्रा**

स्वदेश यात्राका क्रममा मुक्तिनाथको यात्रा उनको निकै रमाइलो तीर्थयात्राको रूपमा मानिन्थ्यो । जहाँ आफ्ना तीनओटै  ससुराहरू दुइटी फूपुहरू र आमा दाजु दिदी, देवरलगायतको पारिवारिक तीर्थयात्रा थियो । बारम्बार उक्त तीर्थयात्राको वर्णन गर्ने गर्थिन् । सल्यानको स्वर्गद्वारी, ताप्लेजुङको पाथिभरा मन्दिर रसुवाको गोसाईकुण्ड, दोलखाको भीमसेनको मन्दिर, तनहुँको बालमिकी आश्रम, गुल्मीको रिडी, लगायतको यात्रा उनका तीर्थयात्राका स्मरणीय स्थलहरू थिए । खोटाङको हलेसी मन्दिर जाने योजनामा उनी थिइन् तर कोरोना कहरका कारण त्यहाँ जान सकिनन् । यो बाहेक रसुवा, नुवाकोट, रामेछाप, स्याङ्जा, पाल्पा, ओखलढुङ्गा, गुल्मी, पोखरा, गोरखाको भ्रमणसमेत उनका आन्तरिक भ्रमण थिए ।

## परिस्थिति अनुरूप जिउन सक्ने क्षमता र सेवाभावकि धनी

उनी जीवनलाई जिउन निकै जान्दथिन । सबै छोराछोरीसँग प्रत्येक हप्ता भेला भै Dry Picnic गर्ने उनको एक प्रकारको शोख नै बनिसकेको थियो । खानपिनमा किफायति गर्नु हुदैन । बाचुन्जेल भएसम्मको आर्थिक हैसियतलाई पुरापुर सदुपयोग गर्नुपर्छ भन्ने मान्यतामा उनी थिइन् । कुनै चीज वा वस्तु साँचेर के पो गर्नु ? गच्छेअनुसार बाचुञ्जेल सुखभोग गर्नु नै पर्छ भन्ने मान्यता थियो उनको । विभिन्न जिल्लाबाट सरुवा हुँदै काठमाडौँ आउँदाको आर्थिक अभाव पनि उनले नभोगेको होइन । यस समयमा आउने आर्थिक अभावलाई पनि व्यवस्थापन गर्न सक्ने कला

उनमा छँदै थियो । कोही कसैलाई केही दिउँ भन्ने भावना उनमा थियो । छोरी चेलीबेटी नातिनातिनालाई हिड्ने बेलामा केही रकम दिन पाए हुन्थ्यो भन्थिन् र दिन्थिन् पनि । त्यसमा उनलाई राम्रै सन्तुष्टी मिल्दथ्यो । काठमाडौँको भाडाको कोठाको बसाई, उपचार गर्न आउँने आफन्तको घुइँचो, केटाकेटीको पढाई बिहानैदेखि सबै बन्दोवस्तो गर्नुपर्ने, अस्पतालमा बिरामी र कुरुवासमेतलाई खाना पुऱ्याउनु पर्ने लगायतको जिम्मेवारी भए पनि उनी कहिल्यै रिसाउँदिन थिईन् । आफ्नो सामर्थ्य अनुसारको सेवा गर्नुपर्छ भने उनको सेवाभाव अहिले पनि सबैले सम्भिने गरेका छन् ।

## सबैकी मायाकी खानी

उनी घर परिवारका सासुससुरा, देवरनन्द, जेठाजु, जेठानी, देउरानी, ज्वाईहरू लगायत सबैको मायालु माइली बुहारी र माइली भाउजू नै थिइन् । नन्दहरू कमला, वेदी, टीका, शान्ता, लक्षिमा र मीरालाई सँधै सम्भिन्थिन् । देवर टीका, टङ्क र प्रकाशसँग राम्रो सम्बध थियो । अभ बढी आत्मीयता टङ्कसँग थियो । किनकी भाइ टङ्क, छोरी वीना सँगै जन्मेका र कहिलेकाहि आफ्नो दूध खानसमेत आउँथे भन्थिन् । भाइ टङ्कको भावनासँग विवाह भएपश्चात् भावनालाई सानी देखेर उनी निकै माया गर्थिन् । भावना पनि हामी चप्रामारी घर जाँदा आदर भाव र माया गर्थिन् । उनी चप्रामारीमा नै बस्न रुचाउँथिन् ।

बुवाआमा पनि माईली भापा आउने भन्ने थाहा पाउनासाथ निकै खुसी हुनुहुन्थ्यो । ठुलदाजु र भाउजूलाई पनि बराबर सम्भिने गर्थिन् । मेरो खुट्टो भाँचीदा ठुलदाजुले शनिश्चरे डाक्टरकोमा लगिदिएको र इलुवाबारीको घर बनाईदिएकोमा निकै खुसी प्रकट गर्थिन् । माइती घर तिरका आमा बुवा दिदीबहिनी, दाजुभाइकी पनि उनी प्रिय छोरी बिहिनी र ठुली दिदीमा गनिन्थिन् खोइ किन हो ? उनलाई सबैले जतिखेरै भेटे पनि माया नै गर्दथे । बुधवारेको उनको मावली गाउँ पुग्दा निकै खुसी हुन्थिन् । मावल पट्टीका सङ्ग्रौला परिवारकी पनि उनी नारायणी, ठुली नै थिइन् । सबैले प्यारी भान्जी बैनी दिदी नै भन्थे । उनीप्रति सबैले दर्जाअनुसार शिरनै निहुराउँथे । नाता केलाउने र सम्मान गर्ने सीप उनमा औधि थियो । आफ्ना नाता कुटुम्बमा मात्र छैन गाउँघर, इष्टमित्रमा पनि उनी उत्तिकै प्रिय थिइन् । सबैबाट आत्मीयता र प्यार पाउने सायद उनको पूर्वजन्मको कमाइ नै थियो । धेरै कम मान्छेले मात्र यस्तो माया प्रेम र सम्मान पाउन सक्छन् ।

## झापा सुरुङ्गाको घर पूजा र मायाको अन्तिम चिनो वितरण

उनले काठमाडौँमा आफै पानी हाल्दै निकै परिश्रम गरी बनाएको घर थियो विशालनगरमा । उक्त घर सबै श्रोत साधनले परिपूर्ण हुँदा हुदै पनि उनी जहिले पनि झापामा घर नभएको गुनासो गर्थिन । अंशबण्डा गर्दा आफूलाई यौटा घर बनाउने जमिन पनि किन नराखेको भनेर मलाई बारम्बार भन्थिन् । त्यतिखेर सायद मेरोमा पनि झापामा घर बनाउने सोचै थिएन होला । त्यस्तो सोच भएको भए म १-२ कट्ठा जमिन राख्न सक्थे । बुवाले त्यति त पक्कै पनि दिनुहुन्थ्यो । दाजु भाइले पनि अन्यथा सोच्दैन थिए । तिमीलाई पछि जग्गा किनिदिउँला चिन्ता नगर भनि सम्झाउने गर्थें ।

समय बित्दै गयो । जागिरबाट म ५१ वर्षको उमेरमा नेपाल सरकारको विशिष्ट श्रेणीबाट पदावधिका कारण अनिवार्य अवकाश भएं । छिटो निवृत्त भएको हुँदा निस्कृय बस्न मन लागेन । निजी कानुन व्यवसायका रूपमा पूनः वकालत प्रारम्भ गरें । जागिरमा भन्दा निजी कानुन व्यवसायमा केही बढी आम्दानी हुने निश्चितै थियो । फलतः व्यवसायको आम्दानीले झापामा उनका नाममा १ विघा जग्गा खरिद गरेपश्चात उनलाई जीवनमा निकै ठूलो सन्तुष्टि प्राप्त भएको अनुभूति भएको थियो ।

झापामा बेलाबेलामा जाने हुँदा यौटा सानो घर दाजुभाइको संरक्षणमानै हुनेगरी बनाउनुपर्छ भन्ने सल्लाह भयो । सोही मुताविक ठुलदाजु, लक्ष्मीप्रसाद भाइ टीका बसेको ठाउँमाथि इलुवाबारीमा नै घर बनाउने सल्लाह उनैले दिएकी थिइन् । ठुलदाजु लक्ष्मीप्रसाद पाठकसँग घर बनाउने विषयमा सल्लाह गर्दा उहाँले पनि रामै हुने सुझाव दिनुभयो । त्यसपछि उहाँलाई नै आसपासमा यौटा सानो जग्गा खोज्न भनियो । फलतः उहाँकै नजिक जग्गा भेटीयो । सानो घर बनाउन पुग्ने जग्गा खरिद भयो । जग्गा खरिद भएको केही दिनमा नै घर बनाउने सल्लाहा भयो । काइँलो भाइ टङ्क पाठकले निर्माण सामाग्री लगायतको व्यवस्थापन गर्ने जिम्मा लिइदिए । निर्माण स्थलको रेखदेख र खटन पटनको जिम्मेवारी ठुलदाजु लक्ष्मीप्रसाद पाठकले लिइदिनु भयो । संयोगको कुरा बुहारी इरीनाका कान्छा काका सम्धी बुहारी चतुरराज प्रसाइँले यौटा घरको नक्साको स्केच बनाइदिनु भयो । त्यहीअनुसार ०७३ भाद्रमा नै घर निर्माण कार्य सुरुभयो । जग हालेको ६ महिना मै ०७३ फागुन १२ गते घरमा गृहप्रवेशको साइत तय गरियो । जुन दिन नाती आह्वान पाठकको पहिलो वर्षको जन्म दिन पनि परेको थियो । त्यो दिन परिवारका

सबै सदस्यका लागि खुसीका दिन थियो । नयाँ घरको साइत गर्न सानो पूजा पनि लगाएका थियौँ । पूजा भएकाले सबै आफन्त छोरी, चेलीबेटीसमेतका उपस्थिति भएको थियो । फागुनको महिना अलिक फुर्सदको समय र हिउँदको समय भएको र उनको विशेष निम्तो भएकाले परिवारको उपस्थिति निकै राम्रै थियो । परिवारको त्यस्तो उपस्थिति सायद यस अघि भएको मलाई सम्झना छैन । काठमाडौँबाट पछ्यौरा ४० थान र केही साडीसमेत लिएर गएकी थिइन् । सबै जेठानी, देउरानी, चेलीबेटीहरू दिदी, बहिनीहरूलाई यौटा यौटा चिनो मजेत्रो र साडीहरू पनि उनले दिएकी थिइन् । सायद सबैका लागि त्यही नै उनको अन्तिम मायाको चिनो हुनपुग्यो । त्यति खेरको चिनो मीरालाई दिएको कता छुटेछ क्यार । पुनःपछि अर्को वर्ष छुट्टै मजेत्रा किनेर पठाइन । मेरा ३-३वोटा छोरा छोरीका विवाहमा ती बहिनीहरूलाई केही दिन पाएको छैन । यौटा यौटा चिनो दिनुपर्छ भनी उनी झापा जानु अघि नै वीना छोरीमार्फत् झण्डै ४० ओटा पछ्यौरा र केही साडीहरू किन्न लगाएकी थिइन् ।

संयोग कै कुरा होला मेरो जीवनमा कहिल्यै नमनाएको ६० औँ वर्षको जन्मदिन पनि बुवा आमाको माल्यार्पणबाट प्रथम पटक मनाइयो । वर्षमा २-३ पटक उक्त घरमा जाने बस्नेक्रम निरन्तर थियो । छोराछोरी नातीनातिना ज्वाईहरू सबै त्यो घरमा खुबै रमाएर बस्दथे । ८-१० जना परिवार जाँदाबस्दा पुग्ने भाडाकुडाँ लत्ताकपडाको बन्दोबस्त उनले पहिल्यै गरिसकेकी थिइन् । सायद उनले यति छिट्टै संसार छोडेर जानुपर्ला भन्ने पनि सोचेकै थिइनन् होला । दैवको लीला । अब चाहि हिउँदमा ४-५ महिना उतै गएर बस्ने हो । अब बुवाले पनि यो वकालत छाडिदिनु । यो काठमाडौँको प्रदूषणमा कति बस्नु मलाइ त त्यो घरमा गएर बसेपछि आनन्द आउँछ भन्थिन् । तर उनको त्यो धोको भने अधुरै रह्यो ।

## तिहारको अन्तिम टीका २०७५

उनी प्राय झापामा दसैँमा गएपछि तिहारमा काठमाडौँ मै आउने गर्थिन् तर २०७५ सालमा भने उनले आमालाई पनि इलुवाबारीको घरमा ल्याएर राखेकी थिइन् । माइली बहिनी नर्बदा पनि सो वर्ष दिदीसँग सुरुङ्गाको घरमा नै बसिन । दुई दिदीबहिनीले झण्डै डेढ महिना जति आमालाई ल्याएर राखेका थिए । त्यसैले त्यो वर्षको तिहार त्यही घरमा मनाउने निधो भयो । गणेश दाई र भदाहरू ईश्वर, किशोरसमेत आएका थिए । धेरै वर्षपछिको दाजु र भदाहरूलाई टीका लगाइदिएको

र ६ वटी दिदीबहिनी एकै ठाउँ भेला भएको सायद त्यो नै रमाइलो क्षण थियो भन्ने गर्थिन् । त्यो टीका नै उनको अन्तिम भाइ टीका हुन पुग्यो ।

## नयाँ घर कम्पाउन्डमा फलफुलका बिरुवा रोप्ने रहर

झापाको घरमा सरेपछि उनको चाहाना वरबगैँचा लगाउने थियो । फागुन १२ गते गृह प्रवेश गरेपश्चात केही दिन बसेर काठमाडौँ आइयो । असारको अन्त्यतिर झापा जानुपर्छ फलफुल रोप्ने सिजन हो यो भन्थिन् । नभन्दै श्रावणको पहिलो साता झापा गइयो । ठुलदाजुले केही सुपारीका बेर्ना ल्याएर राखेका रहेछन् । तल चप्रामारी मुलघरमा पनि यौटा ठुलो सुपारीको बोट र अम्बाको बोट रहेछ । आमाले यो सुपारी र अम्बा पनि लगेर रोप्नु भन्नासाथ उनी खन्न तयार भैहालिन् । आमाले कामी साइलालाई बोलाउनु पर्छ उसैले खनेर निकाल्छ र लगेर रोपिदिन्छ भन्नु भयो । नभन्दै कामी साइलादाइलाई बोलाइयो । उनलाई पनि लिएर बुवा म, र उनी इलुवाबारी गइयो । ठुलदाजुसमेत भै सुपारी, अम्बा, कागती, रोपियो । सुपारी रोप्ने क्रममा राता कमीलाले बुवालाई टोकेको अहिले याद आउछ । रोपेका सबै बिरुवाहरू सरे तर कागती राम्रो भएन भनेपछि भाइ टङ्कले पाठक साइलाकहाँबाट कागती ल्याएर रोपिदिएको त्यो पनि २-३ वर्षमा पनि नफुले पछि पुनः लाफादी गएर मैले अर्को कागतीको विरुवा ल्याइदिएँ त्यो उनैले रोपीन् । हेरौँ अब त्यो फल्छ फल्दैन । रोपेका आप फल्न थाले । लिचिहरू पनि फले, अम्बाहरू फल्नफुल्न थाले तर फलेका फलफुल आफूले खाने इच्छा अपुरै रहे पनि अरुलाई खुवाउने उनको इच्छा पूर्ण भयो । त्यसैमा सायद उनीले चित्त बुझाएकी होलिन् । किनकि उनको जो कोहीलाई थोरै भएपनि खुवाउने, दिने मन सार्थक भयो होला । काठमाडौँबाट भाइ टङ्कमार्फत प्लेनबाट गुलाव जामुनको बिरुवासमेत मगाइन् र रोपिन । त्यो निकै फस्टएको छ । उनको त्यो प्यारो वृक्ष भएकाले त्यो वृक्षको नाम नारायणी वृक्ष नामाकरण गर्नुपर्ने सोच विकसित भएको छ । अब हेरौँ ।

## छोराछोरीबाट सन्तुष्टि

छोराछोरी बढेपछि विवाह गर्दिनुपर्ने बुवाआमाका कर्तव्य एक दायित्वकै रुपमा हुन्छ । उमेरमा छोरा प्रदीप जेठो भएपनि छोरीको पहिले विवाह गर्नुपर्ने हाम्रो संस्कार र परम्पराले पहिलो विवाह छोरी वीनाको हुनपुग्यो । आफ्नै छिमेकी जिल्ला ताप्लेजुङ निवासी कुलकुटुम्बसँग छोरीको विवाह गर्न पाउँदा उनी निकै खुसी

थिइन् । ज्वाई पनि निकै भलाद्मी हुनु उनको अर्को खुसी थियो । ठुली छोरीको एक छोराको जायजन्म भई नाति हर्सित चुडालको ब्रतबन्धसमेत गर्न पाएकोमा उनी निकै मख्ख थिइन् । नातिको विवाहसमेत हेर्ने उनको इच्छा भने पुरा हुन सकेन । छोरा प्रदीपको पनि आफ्नै कुलकुटुम्ब र दोहोरा नाताभित्र विवाह हुने सन्जोग मिल्न पुग्यो । दोहोरो नाताले घरमा सहज पारिवारिक वातावरण सिर्जना हुनुले उनमा झन आनन्द थियो । आरुषी नाम गरेकी नातिनी र निकै बर्षको अन्तरमा आह्वान नाम गरेको नाति जन्मिएपछि त उनी झन खुसीले गदगद थिइन् । सानी छोरी रीनाको विवाह पनि आफ्नै बुहारीका कान्छा मामा त्यसमा पनि डाक्टरसँग हुने सन्जोग मिल्न पुग्यो । सानी छोरीको पनि एक नाति ब्रम्ह र नातिनी शुभश्री बस्यालसमेत हुर्केकोमा उनलाई निकै सन्तोष मिलेको थियो । पारिवारिक रूपमा कुनै तनाव एवम् दुःख थिएन । एक छोरा दुई छोरी पाँच नातिनातिनासहितको एउटा सुन्दर र सुनौलो परिवारमा उनी सँधै रमाउन पाएकी थिइन् । विदेशमा कोही छोराछोरी ज्वाई नगएका र आफ्नै मुलुकमा योग्यताअनुसारको पेशा पाएकोमा सबै सन्तुष्टिनै थिए । त्यसैले सबै छोरीज्वाई नातिनातिना शुक्रबार आउने बित्तिकै भेला हुनु एउटा नियमित दिनचर्या नै बनेको थियो । नातिनातिना फटाफट घरमा आउँदा उनमा अर्कै उल्लास आउथ्यो । कुन ज्वाई कुन छोरी कुन नातिनातिनाले के मन पराउँछन् अघिनै जोहो गरेर राख्थिन् । ज्वाईहरूको पनि छोरा सरहको व्यवहारबाट उनीमा पारिवारिक सन्तुष्टिको कुनै कसर बाँकी थिएन । केही चिज ल्याउन मात्र होईन पकाउन पनि स्वयम् ज्वाइँहरू भान्सामा प्रवेश गर्न रुचाउँथे । उनी त्यसमा अभ्यस्त भइसकेकी थिइन् । छोराछोरी ज्वाई नातिनातिनाको भेटघाट जमघट र घुमफिरको योजना पहिले नै बनाउथिन् । एउटा अनौठो र मायवी परिवारमा रमाएकी थिइन् उनी । उनी बगैचाको पारीजात थिइन् । जहाँ गुलाब, मखमलीलगायतका फूलहरूको बिचमा वास्नाकी पारिजात थिइन । जसले छरेको बासना सबैले सुगन्धित रूपमा ग्रहण गर्थे र रमाउथे । उनी नभएपछि त्यो पारिजात पनि ओईलाएको छ । पुन फक्रन सकेको छैन, सुगन्ध छर्न पनि सकेको छैन ।

## दाजुभाइ र बहिनीप्रतिको सदभाव र प्रेम

दाजु गणेश ओली, बहिनीहरू नर्वदा, निर्मला, विन्दा, गौर र सीता सबैको विवाह भइसकेको थियो । भाइ ध्रुवको पनि आफ्नै चिनजानको नातामा विवाह भएकोमा उनी खुसी थिइन् । दाजुभाइ, दिदीबहिनी सबैप्रति गाढा आत्मीयता थियो ।

बहिनीहरूमध्ये सुरुमा अन्तरी बहिनीको बारेमा निकै चिन्तित थिइन् । तर पछि उनी जागिरे जीवनमा प्रवेश गरेपछि खुसी थिइन् । विदेशयात्राको क्रममा ज्वाईको देहवसान भएपश्चात बहिनी निर्मलाको बारेमा बेलाबेला निकै चिन्तित हुन्थिन् । कान्छी बहिनी भएर हो की क्याहो, सीता सोझी छ, केही जान्दिन । ज्वाई व्यापारको सिल्सिलामा काकडभिट्टामा बस्छन् । केटाकेटी कसरी हुर्काउछिन् भन्थिन तर पछि केटाकेटी हुर्किंदै गएपछि सीताबाट पनि सन्तुष्टि नै थिइन् । निर्मला बहिनीले पनि बिर्तामोडबाट कोलाटोली भाइ ध्रुवको जग्गा किनेर त्यही घर बनाइन् । खेतीपाती सुरु गरेकोमा उनलाई सन्तोष मिलेको थियो । तर उनको अहिलेको घरगोठ वस्तुभाउ, अन्नपात भित्रिएको र सुखभोग गर्न थालेको भने प्रत्येक्ष देख्न पाइनन् । माथिबाट हेर्दै होलिन् सायद । भाउजू नजानिदो रोगबाट ग्रस्त भएको कुरा पारिवारिक रूपमा सुरुमा थाहा नपाउँदा सुरुमा केही टाढिए पनि रोगको पहिचान भएपश्चात सबै दाजुभाइ भाउजू र भदा उपर उदार आत्मीय सम्बन्ध बढेको थियो । सबै माइतीहरूसँग राम्रो मिलन थियो । एकअर्काको दु:ख, सुख सँग सबै उत्तिकै परिचित थिए । आफ्ना ससुराका कामको दसौँ दिनका दिन भाउजूको देहान्त हुनुबाट थप बेचइन्मा उनी थिइन् । भाउजू बितेकोमा पश्चाताप गर्दै दाजुको एकल जीवनको बारेमा चिन्तित थिइन् । तर भाउजूसँग आफू पनि केही महिनाको अन्तरमै जाने कुराको उनले कुनै तरहबाट पनि केही आभास पाइनन् ।

## मृत्युवरण अघिका दिनचर्या

२०७७ साल चैत्र ७ गते कान्छा काका स्व. विष्णुप्रसाद पाठकको काठमाडौँमा भएको असामयिक निधनबाट हामी निकै चिन्तित थियौ । सोही दिन बेलुका काकालाई अन्तिम संस्कारका लागि म झापा लिएर गएँ । भोलिपल्ट बिहानको फ्लाईटबाट उनी पनि झापा आइन अन्तिम दाहसंस्कारमा उनी पनि सम्मिलित भईन । काकाको १० दिनको काम सकेर म काठमाडौँ आएँ । उनी १३ दिनको काम सकेर आउने सल्लाह भयो । आफूलाई रुघाखोकीले सताएको छ भन्थिन् । काकाको काम सकिए पछि आमालाई भेट गर्न कोलाटोली गइन् । पछि रुघा खोकी ठीक पनि भयो । २०७७ साल चैत्र २७ गते हवाईजहाजबाट उनी काठमाडौँ आइन्, उनी सन्चै थिइन् । २०७८ सालको नयाँ वर्ष बैसाख १ गते आफ्ना परिवारबीच बनभोजका रूपमा मनाउने सल्लाह भयो । ललितपुरको लाकुरीभन्ज्याङमा जाने स्थान तय भयो । सम्धी बेनुपराज प्रसाईंको परिवारसमेत उक्त बनभोजमा सामेल हुनुभयो । तीनचार दिनपछि जीउ साह्रै दुखेको छ भन्न थालिन् । म अफिसमा भएको हुदा भतिज विवेक पाठकलाई लिएर आउँन भनैँ । निजले ठुलो ममीलाई लिएर आए । म

पनि अफिसबाट बानेश्वरको पेन क्लिनिकमा गई जचाइयो। औषधी दिए तर पनि सन्चो भएन। तत् पश्चात् कोभिड– १९ को सङ्का लागि छोरा प्रदीपले जँचाउन लगे। बेलुका रिपोर्ट पोजेटिभ आयो। सबैले सावधानी अपनायौ। भोलिपल्ट मेरो पनि जाँच गरियो। मेरो पनि पोजेटिभ नै देखियो। एउटै कोठामा अलग अलग पलङ्मा एकअर्कालाई हेर्दै गफ गर्दै दिनचर्या बिताइयो। खानपिनमा पनि ठिकै थियो। छातिको एक्सरे गरियो। त्यो पनि ठिकै थियो। अक्सिजन लेभल बेलाबेलामा जाँचियो। त्यो पनि ठिकै थियो तै पनि जीउ भने दुखिरहेको छ भन्न थालिन्। उनी बेलाबेला कृष्ण गीताका श्लोकहरू पनि पढ्ने गर्थिन्। अस्पताल जानु अघिल्लो दिन ओछ्यानमा उठेर गीताका शिलोकहरू पढ्न थालिन्। त्यस क्रममा दिउँसो श्लोक पढ्थिन् “एक दिन मैले प्रभुसँग सोधेँ कसरी मुक्ति मिल्छ ?” लगायतका श्लोक पढन थालिन्। मैले पनि उनीले श्लोक पढेको बखत मोबाइलबाट भिडियो खिचे त्यो भिडियो मसँगै छ। उनीले आफु खुसी गाएका भजनहरू अहिले पनि मोबाइलमा सुरक्षित नै छन्। मैले पुनः खोलेर हेर्न सकेको छैन। त्यसको भोलिपल्ट ज्वाई डा.सम्राटसँग सल्लाह हुँदा एकपटक जँचाउ अनि डाक्टरले जे भन्छन् त्यही गरौंला भन्ने सल्लाह भयो। मैले गाडी निकाले उनले आफ्ना केही लगाउने कपडा झोलामा हालेर निस्किन्। तत्पश्चात् ह्याम्स अस्पताल गइयो। डाक्टरले जाँच गर्दा छातीमा केही दाग देखिन्छ। घर लाने कि भर्ना गर्ने सोधे। डा. सम्राट र छोरा प्रदीपसमेत सबैको सल्लाहामा सुरक्षित रहन भर्ना नै गरौँ भन्ने सल्लाह भई भर्ना गरियो। बेलुका रातमा फोनबाट कुराकानी भइरहन्थ्यो। भित्रै हिँड्ने सजिला चप्पल पनि मगाइन्। इरुले चप्पल लगिदिईन्। दिनचर्या राम्रै बित्दै थियो। एकदिन बेलुका फोन गरिन। बुवा, मलाईत नर्सहरूले तपाईंको फोक्सो बिग्रेको छ भन्छन् बाँच्दिन कि क्या हो भनिन् ? मैले के त्यस्तो कुरा गरेको सबै औषधी दिएको छ ठिक हुन्छ भने। नभन्दै बिहान खबर आयो आई. सी.यु.मा राखेको छ भनेर उनीसँगको मेरो अन्तिम बोली त्यही हुनगयो। आइ सि.यु. मा राखेको २ दिन पछि श्वास प्रश्वासमा झन समस्या देखापर्‍यो। डाक्टरको सल्लाहअनुसार भेन्टिलेटरमा राखियो। पटकपटक भेन्टिलेटरबाट बाहिर निकाल्न कोसिस गर्दा पनि सफल हुन सकिएन। त्यहीबाटै उनी सदाका लागि विदा हुन पुगिन्। दैवको लीला, अलविदा !

## परोपकारी एवम् सामाजिक कार्यमा नारायणी मेमोरियल फाउण्डेसन

मिति २०७८ जेठ १२ गते को बिहान ८ बजेको समयमा असामयिक रूपमा मृत्युवरण हुन पुगेकी स्वर्गीय नारायाणी पाठकको १५ दिनको धार्मिक कृत्य सम्पन्न

गरेपश्चात अब उनलाई कसरी सम्झने ? भनी छोराबुहारी, छोरीज्वाँईबिच छलफल हुँदा मैले उनीले सारै रहरले बनाएको झापाको घरमा बस्ने उनको प्रगाढ इच्छा थियो । तर झापाको उक्त घरमा बस्ने उनको अन्तिम इच्छा पूर्णहुन नपाउँदै उनले यो संसार छोडेर जानु पऱ्यो । त्यसैले उनीत्यो घरमा सँधै बसिरहुन, सबैले उनको स्मरण गरिरहुन । आफू एवम् छरछिमेकीले वरपर हिँड्दा पनि उनको नाम सम्झिरहुन भन्ने इच्छालाई सार्थक बनाउ । त्यसका लागि उनका नाममा नारायणी मेमोरियल फान्डेसन (NAME Foundation) दर्ता गरी त्यो संस्थामार्फत् अनाथ, असक्त र असहाय विद्यार्थीहरूको शैक्षिक उन्नयनमा सहयोग पुऱ्याउँ भन्ने प्रस्ताव राख्दा छोराबुहारी, छोरीज्वाई सबैले उक्त प्रस्तावलाई स्वीकार गरी NAME Foundation को विधान निर्माण गरी तुरुन्तै फाउण्डेसन दर्ता गरी हाल उक्त घरमा नेम फाउण्डेसनको कार्यालय स्थापना हुन पुगेको छ । यसै वर्ष तेह्रथुम जिल्लाका ७ वटा विद्यालय र झापाका १५ वटा विद्यालयका २४ जना अनाथ असहाय र अशक्त विद्यार्थीहरूलाई उक्त फाउण्डेसनमार्फत छात्रवृत्ति प्रदान गर्ने कार्यसमेत सुरु भईसकेको छ । यसबाट उनी यस धर्तीमा जीवितै रहेको आभाष मिलेको छ । भौतिक रूपमा उनी नभए पनि आत्मिक रूपमा सबै आफन्तमाझ छिन् । अनाथ असहाय असक्त साना बालबालिकाको साथमा उनीहरूलाई शिक्षाको दीप बाल्न मद्दत गर्दैछिन् । अब उनी पारिवारिक मोह त्यागी परोपकारी एवम् सामाजिक एवम् शैक्षिक कार्य संचालनमा अग्रसर भएकी छन् । अब उनी परोपकारी कार्यमा निरन्तरलागि परेको आभास मिलेको छ । उनले घर परिवारका स्वर्गीय हजुरआमा, हजुरबुवा, बुवाआमा माइतीतर्फका बुवा, हजुरबुवा, हजुरआमा, सानीआमा र काका काकी र मामा र अन्य आफन्त प्रियजनको साथ पाएकी छन् । सबैको स्मृतिका अक्षयकोष स्थापना भएको छ । यो बाहेक आफन्तहरूसमेत आफ्ना बुवा आमा प्रियजनका नाममा अक्षयकोष राख्ने क्रम बढिरहेको छ ।

उनले फाउण्डेसनका माध्यमबाट सम्पूर्ण पूर्वजहरूको मायाँ पाएकी छन् । त्यसैले छोटो अवधिमा नारायणी मेमोरियल फाउण्डेसन सबैको साझा र स्मरणीय संस्थाको रूपमा विकसित हुन पुगेको छ । पूर्वजहरूको सम्मान र स्मरणमा नारायणी मेमोरियल फाउण्डेसनको ख्याति बढ्दै गएको आभास मिलेको छ । सायद उनी भौतिक रूपमा रहँदा अरुलाई दिएको मायाँ र सम्मानको कारण अभौतिक रूपमा रहँदा पनि उनी सम्मान पाउन सफल भएकी छन् ।

# प्यारी बहिनी नारायणीको सम्झनामा छोटो शब्दचित्र

गणेश ओली

विर्तामोड न.पा..वार्ड नं. ३, झापा

वि.सं. २०१६ साल श्रावण १ गते स्व.पिता श्री अविकेशर ओली र माता तुलसा देवी ओलीको कोखबाट दोश्रो सन्तान तथा जेठी छोरीको रूपमा तेह्रथुम छातेढुङ्गा तत्कालीन वार्ड नं. ६ होडा सेढाइँ गाउँको सुन्दर घरमा मेरी प्यारी सहोदर समवयस्क बहिनी नारायणी ओली पाठकको जन्म भएको थियो । एउटै आमाको कोखबाट जन्म लिएर एउटै स्तनपान गरेकी बहिनीको अकल्पनीय देहवसानको पीडा व्यक्त गर्ने शब्द नै छैन भन्दा अतिशयोक्ति हुने छैन । कञ्जनजङ्घा हिमश्रृङ्खलाबाट निस्किएको निरन्तर बहने तमोर नदीको अलौकिक दृश्य, कञ्चनजङ्घा कुम्भकर्ण हिमालको मनोरम प्राकृतिक छटायुक्त सिरानी साथै सल्लेरीको मन्द सुसाइसँगै रहेको सुन्दर वनेलीयुक्त जन्मभूमिको काखमा मेरी पृय बहिनी स्व. नारायणीको बाल्यकाल सुखैसँग व्यतित भएको थियो । होडा गाउँकै सरस्वती आधारभूत विद्यालयमा प्रारम्भिक शिक्षा आर्जन गरेकी उनले विदाको दिनमा हजुरे, बैदाङ, आहाले, च्यादर, कमेरे खोलो र गहते पाखामा वस्तु बाख्रा हेर्दै र बालसखीहरू सँगै गट्टा र पौडी खेल्दै आफ्नो शैशवकाल बिताएकी थिइन् । उमेर वढ्दै जाँदा घर काजका सम्पूर्ण काममा जाँगरिली थिइन् । घरकी जेठी छोरी भएकीले आमाले विशेषगरी भान्साको जिम्मा दिएर आफू बाहिरको काममा जाने हुँनाले सानै उमेर देखि भान्साका सबै काममा उनी निपुण थिइन् । एक शब्दमा भन्नुपर्दा पुक्खली स्वाभावकी उनीमा नारीसुलभ एक गृहिणीमा हुनु पर्ने सबै गुणहरू १६ वर्षकै उमेरमा माइतीघरमा नै विकसित भएका थिए ।

बैनीले प्रारम्भिक शिक्षा लिएको समयमा छोरीलाई उच्च शिक्षा दिन आवश्यक छैन भन्ने तत्कालीन समयको गलत अनि विकृत सोच र छोरीको जन्मलाई उल्लासको रूपमा नलिने खराब सामाजिक मूल्य र मान्यता रहिरहेकाले धेरै पढाउनुभन्दा पनि सुपात्र कुटुम्ब माग्न आए भने विवाह गर्दिए पछि दायित्व पूरा हुने संस्कार अनुरुप २०३० साल बैशाखमा बहिनीको विवाह मेरा यशस्वी हाल वद्नसिव बन्न पुग्नु भएका ज्वाई श्री नरेन्द्रप्रसाद पाठकका साथमा सम्पन्न भयो र उनको ग्राहस्थ जीवनको आरम्भ भयो । समयचक्रसँगै उहाँहरूका १ छोरा प्रदीप पाठक, बुहारी

इरीना, दुई छोरीहरू वीना पाठक चुडाल र रीना पाठक वस्याल र पाँच नाति नातिनाहरूको सुनौलो संसार बन्यो । विवाह पश्चात ज्वाइको उच्च शिक्षा लिनका लागिसमेत बहिनीको प्रेरणा, हौसला, र सहयोग रहेको थियो । साथै परिवार संचालनमा रथको एक पाङ्ग्रा बनेर उदाहरणीय सहकार्य र माया रहेको थियो । साँच्चै भन्नुपर्दा माइती घरकी समेत उनी शोभा र लक्ष्मी थिइन् । उनको बिदाई पछि माइतीघरमा आएको आर्थिक स्खलनले समेत यो कुरा पुष्टि गरेको छ । हामी दुई दाजुभाइ र छ बहिनीको जन्म आमाले दिनु भएकोमा हामी सबै आठै जना यस धर्तीमा रहिरहन पाउँदा आमासहित हामी सबै आफूलाई भाग्यमानी ठान्दै आएकामा सबैलाई माया, विवेक पुऱ्याएर अभिभावकत्व ग्रहण गर्ने बहिनीलाई अनायास गुमाउनु पर्दाको पीडा अवर्णनीय र ज्यादै दुखद छ । बहिनीको स्वर्गगमनबाट सम्पूर्ण पाठक परिवार र हाम्रो माइती परिवारमासमेत जुन क्षतिको रिक्तता छाएको छ त्यो सदा अपूरणीयनै रहने छ ।

आमाले भन्नुभएको बैनीको बारेको सानो रोचक प्रसङ्ग जोड्ने अनुमति चाहान्छु । बैनी धेरै सानी वालकै हुँदा सारै बिरामी परी देहान्त नै भएको ठानी तुलसाको मठमा कुसामाटी गरेर राखी सकिएको थियो रे । तत्कालीन पहाडी परिवेशमा डाक्टर, औषधिको सुविधा नहुँदा धामी, झाँक्रीको शरणमा जानुको विकल्प पनि थिएन । धामी, झाँक्रीप्रतिको विश्वास र भरोसा त्यो समाजको बाध्यता र बिरामीको नियति नै थियो । बैनी अन्तिम सारी भएपछि धामी घरमै ल्याइएको रहेछ । त्यसबेला गाउँघरमा कहलाइएका धामी पद्मप्रसाद शिवाकोटी (हाम्रा जन्तरे) जसलाई आमा काका भन्नुहुन्थ्यो उहाँसँगै गएर मेरी छोरी बचाइदिनुहोस भनेर आग्रह गरे पछि ढ्याङ्ग्रो लिएर जन्तरे फुपाजुले यमराजले सातो लगेको छ भनेर घोर चिन्ता गरे पछि बहिनीको श्वास प्रश्वास सुरुभएछ । तुलसाको मठमा पर्याप्त तुलसी भएको ठाउँमा राख्दा धेरै अक्सिजन पाएर बिरामी पुनर्जिवित हुने वैज्ञानिक आधारलाई मान्न सकिन्छ तथापि बैनीलाई बचाएको श्रेय धामी जन्तरे फुपाजुलाई नै गएको थियो । जे भएर होस मरिसकेकी बहिनीले पुनर्जन्म पाएकी थिइन् रे । मैले यो प्रसङ्ग किन यहाँ जोड्न चाहेको भने बैनी त्यो अवस्थाबाट फिरेर ६२ वसन्त पार गर्दै एउटा सुनौलो सृष्टि रचेर सफल अभिभावकत्व निर्वाह गर्दा गर्दै अथाह मातृवात्सल्य दिँदादिँदै, निस्वार्थ पति प्रेमको गर्व गर्दागर्दै अकल्पनीय रूपमा यस धर्तीबाट सदाका लागि विलीन हुन पुगिन् । उनको आत्माको चीर शान्तिको कामना गर्दै नियतिसँगै सम्झौता गर्नुबाहेक अब हामीसँग केही रहेन ।

३० दिनको ह्याम्स हस्पिटलमा सम्पूर्ण परिवारको उपचारार्थ अनवरत प्रयास पछि पनि उनले हामी सबैमा आँखा चिम्लन पुगेपछि बहिनीको वियोगमा निदाउन नसकेर गहमा आँसु रसाएको बेला सम्झनाका केही तरेलीहरू शब्दमा प्रकट हुँदा सानो कविता नै बनेछ । कविता करुण रस, अन्तानुप्रासयुक्त शार्दूलबिक्रिडित छन्दमा रच्ने प्रयास गरेको छु र यहाँ जोड्ने जमर्को पनि गरेको छु ।

निभो दीपक पाठक कूलको नै देवी गइन् त्यो स्वर्गमा
यादले फेरि सताउँछ नगरौं त्यो आरती साँझमा्
मुटु फुट्छ अतीत उनका सम्झेर सवको यहाँ
आँसु रित्तिए सबका नयनमा केवल रह्यो सम्झना ।
निरस बने परिवार सहितै मेरा ज्वाइ अनि
अनाथै सरी हुन गए उनका छोरा बुहारी पनि
आँसु सागर खसाइरहन्छन् छोरीहरू घरमहाँ
हेर्छन् तस्बीर आमाको उनीहरू धैर्यलिई रातमा !
बाँकी अनन्त आशा अभिलाषाले घेरिरहेकी उनी
थुप्रै कामना थाति राखेर गइन् माया र दीलकी धनी
विधाता पनि कठोर अति भयो चुडी लग्यो वैंसमा
खुसी छिनेर हामीहरू सबको के हास्दछेउ चन्द्रमा ।
खोला सुसाए सबै निशब्द भयो तारा मलिनै भए
कालो बादल फैलियो सबैतिर आँसु नरुक्ने भए
दिन्छु भावुक बनेर मैले भावपूर्ण श्रद्धाञ्जलि
अर्पण गर्छु सम्झनामा तिम्रो लेऊ है पुष्पाञ्जलि ।

मेरा पूज्य ज्वाई लगायत सिङ्गो परिवारले स्व. बहिनीको सम्झनामा नारायणी मेमोरियल फाउण्डेसन मार्फत रचनात्मक कार्य गर्दै समाजसेवा मार्फत सधैं सम्झिरहने महान् तथा आदर्श विचार जुन राख्नु भएको छ । यस पूनीत कार्यमा सफलता मिलोस भन्ने शुभकामना दिन चाहन्छु । भाइटीकामा बडो उल्लासपूर्वक टीका, माला लगाइदिने बहिनीको यस दु:खद अन्त्यले अनि लक्ष्मी पूजाकै दिन दिवङ्गत भएकी मेरी अर्धाङ्गिनीको अर्को दु:खद क्षणले उल्लासका ती पूर्व स्मृतिहरू जीवन पर्यान्तनै मर्माहतगर्ने नै छ र त्यो फूलैफूलको रमाइलो चाड सदा दु:खद नै रहने छ ।

अन्त्यमा कोभिड– १९ को विश्वव्यापी डडेलोमा करिव आधा करोड मानिसहरूले ज्यान गुमाइसकेका छन् । हाम्रै देशमा पनि दशौं हजार बढीको सङ्ख्या दुःखद घटना भएर परिवारै समाप्त भएका अनि परिवार, समाज र राष्ट्रलाईसमेत ठुलो क्षति हुने होनहार व्यक्तित्व र सहृदयीहरू गुमाइरहेको परिवेशमा हाम्री प्यारी बहिनीलाई गुमाउनु पर्दा म निशब्द छु । विज्ञानको चरम उन्नतिमा पुगेको विश्वलाई आज कोभिड– १९ का विभिन्न भेरियन्टको औषधी पत्ता लगाउने कुरा ठुलो चुनौतिको विषय बनेको छ । कोभिड– १९ बाट ज्यान गुमाउने लाखौं मानवहरूको आत्माको शान्तिको कामना गर्दै यसै लेख मार्फत विश्वका वैज्ञानिकहरूलाई कोभिड– १९ को औषधी आवीष्कार गरेर विश्व मानवजगतलाई उन्मुक्ति दिने शक्ति मिलोस भन्ने शुभकामना पनि दिन चाहन्छु । जाँदाजाँदै दीलको गहिराइबाटै प्यारी बहिनीलाई भावपूर्ण श्रद्धाञ्जलिसहित आत्माको चीर शान्तिको कामना गर्दछु । शोकाकुल परिवारजन सबैमा शोक सहन गर्ने उर्जा प्राप्त होस् । अलविदा बहिनी ।

---


जि.प्र.का. काठ द.नं. ४३८
क.प.आ.नं. ३६१४२

"सम्पूर्ण पाठक बन्धुहरु एकै हौं"

पाठक बन्धु समाज, नेपाल
२०६९

# पाठक बन्धु समाज, नेपाल

PATHAK BANDHU SAMAJ, NEPAL

केन्द्रीय कार्यालय,काठमाण्डौ
स्थापित वि.सं. २०६९

जन्म मिति २०१६/०४/०१

स्वार्गारोहण २०७८/०२/१२

## हार्दिक श्रद्धाञ्जली

कन्काई न.पा. वडा नं. –४, झापा निवासी यस पाठक बन्धु समाज, नेपालका संस्थापक उपाध्यक्ष, आजीवन सदस्य, अक्षय कोष दाता एवं बरिष्ठ अधिवक्ता श्री नरेन्द्र प्रसाद पाठककी धर्म पत्नी तथा सदस्य श्री प्रदिप पाठक, बिना पाठक चुडाल र रिना पाठक वस्यालकी ममतामयी आमा एवं समाजकी आजीवन सदस्य नारायणी पाठकको मिति २०७८/०२/१२/४ बुद्ध पुर्णिमा तिथीमा असामयिक स्वर्गारोहणले हामी अत्यन्त दुःखित एवं स्तब्ध भएकाछौं । दुःखको यस घडीमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली एवं चीरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवार प्रति सहानुभुती पूर्वक हार्दिक समवेदना प्रकट गर्दछौं ।

मिति : २०७८/०२/१४

प्रार्थी
पाठक बन्धु समाज, नेपाल
का तर्फबाट अध्यक्ष
बाबुकाजी पाठक
तथा समाज परिवार

# सम्झनामा स्व. बहिनी नारायणी

बरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती

लेख संयोजन कसरी गरौं ? कहाँबाट सुरु गरौँ ? के शीर्षक राखौं ? के के लेखौं र कसरी लेखनीलाई टुङ्ग्याउँ ? यी सबै प्रश्नहरू मेरो मानसपटलमा तरेली भएर रहेका छन् ।

मानिस एउटा सन्तापमा डुबे पनि त्यसबाट फुत्किन अनेक उपाय गर्दो रहेछ । सन्तापमा डुबाउने सन्दर्भले सँधैभरी चिमोटिरहने रहेछ । समय बलवान भनेर मैले जीवनका धेरै प्रसङ्गहरूमा भनेको छु । समयलाई कसैले जित्न सक्दैन । समयलाई जित्ने समयले नै मात्र हो । समयका अगाडि सबैले झुक्नै पर्ने, हार स्वीकार गर्ने पर्ने । नत्र यो संसारमा कसले पो हार्न मान्थे होला ? सबैजना जित्न नै खोज्ने थिए ।

कस्तो सुन्दर थियो त्यो परिवार । केही कुराको अभाव नदेखिने । सँधै हाँसि, खुसी र आनन्दले छाएको थियो । कसैको कुनै गुनासो थिएन । साना साना उत्सव र चाडपर्वका क्षणहरूलाई पनि सबैजना भेला भएर रमाइलो गरी मनाउन पाउने खुसी पाएको थियो त्यो परिवारले । सँधै खुसी र सन्तुष्टी ले चुमेको थियो त्यो परिवार । त्यो पारिवारिक तारापुञ्जभित्र एउटा चकिलो नक्षत्र पनि थियो । त्यो नक्षत्रले तारापुञ्जलाई अझ चम्काएको थियो । पारिवारिक आकाशका गंगा भरी रोशनी छरिएको थियो । सबैका अनुहारहरू हासीखुसी थिए । अभावको महसुस नै थिएन । कुनै सन्तापको क्षण आउला भन्ने कल्पना पनि थिएन । बरु सुखका खुसीका आनन्दका अनगिन्ति सपनाहरू बुनिएका थिए । पित्रीहरूको आशीष भनौ वा ईश्वरको बरदान अथवा जीवनको संयोग भनौं । धेरैले पाउन नसक्ने खुसी थियो ।

कुनै चिन्ता थिएन । कुनै विस्मात थिएन । खुसी चुँडिने कुनै परिकल्पना पनि थिएन । नातागोता, इष्टमित्र सबैको त्यही खुसीले निरन्तरता पाइरहला भन्ने आशा थियो । कति दु:खहरू सहेर खुसी ओछ्याएको थियो । दु:खहरू लुकाएर सुख मात्र प्रकट गर्ने अदभूत पलहरू थियो । दु:खहरूसँग जुधेका अनुभवहरू थिए । पुग नपुग, रुची अरुची, खुसीबेखुसी बुझ्ने र त्यही अनुसार व्यवहार गर्ने क्षमताले खुसी छाएको थियो ।

अहिले पनि सम्भदा घरकै धन्दामा कतै अलमललिएकी हुन् कि भै लाग्छ । परिवारका मनभरी भए पनि उनी विलुप्त भएको भैँ लाग्छ कि मनका आकांक्षा राख्दाराख्दै त्यो चाहना अतृप्त रहन पुगेको हो कि भैँ लाग्छ । सायद मृत्युको पूर्वाभाष नभएको हुँदा जिजीविषा अन्तिमसम्म सशक्त थियो । अरु केही नभए पनि बोल्न लागेका सँग केही मन पग्लने शब्दहरूको आदानप्रदान गर्ने मन थियो । परिवारमा केन्द्रविन्दु भएको समयमा सबैजना वरिपरि भुमिएका हुन्थे । सबैमा त्यो सामीप्यताले खुसी छाउँथ्यो । अभावको कुनै अनुभूति हुँदैनथ्यो ।

मानिसको भौतिक अस्तित्व नभएर के गर्नु ? सम्भनामा भन भन टाँसिएर आउने रहेछ । मौलिक रूपमा भावना नहुने भावना जागृत भएका बखत भौतिक रुप नहुने । प्रकृतिको लीला र मानिसको स्वभाव विचित्र जस्तो लाग्छ । बाचुञ्जेल केही केही नपुगे जस्तो माहाप्रस्थान भएपछि सम्पूर्ण गुमे जस्तो । सम्भनाले भकभकाउने । पश्चाताप र अपूरा भावहरूको टोलाईमा रुमलिरहने ।

स्नेह, माया, ममता, आदि कुराहरू सुख दुःखको सानिध्यतासँग जोडिदा रहेछन् । सबैभन्दा बढी समय को सँग बिताइयो ? सुख दुःखमा साथ सबै भन्दा बढी कोबाट पाइयो? तिनै कुराले ती भावनाहरू निर्धारण गर्दा रहेछन् । पारिवारिक माहोलबाट प्राप्त हुने सहयोग र क्षमतामा कुनै कमी नभए पनि आफ्नो जीवनको आधा अङ्ग नै गुमे पछि मानिस कसरी सन्तुलित बन्न सक्छ र ? एक दुई दिनको भिन्न बासबाट त अभाव खडकन्छ भने सदाको लागि विदा भएको अभावको के बयान गर्नु र?

प्रारम्भका घडीहरू ज्यादै कठीन हुने र भावनात्मक सहयोग पनि मनग्गे पाउँदा गहिरोसँग लागेको घाउको पीडा अलि घटे जस्तो भए पनि सधैँभरी त्यो अवस्था कहाँ हुन्छ र ? परिवारजनले आआफ्नो बाध्यतालाई स्वीकार्नै पर्छ । त्यही बाध्यतामा मानिसहरू क्रमिक रूपमा टाढिदै जान्छन् । त्यो अवस्थामा गुमेको अभावलाई एक्लै व्यहोर्नुपर्ने बाध्यता आउँछ । मानिसको जीवनभर सबैले भोग्नु पर्ने बाध्यता । खै ! अर्धाङ्गिनी गुमे पछिको जीवनको मानिसले परिकल्पना नै गर्न सक्दैन ।

पहिरिएका पहिरनहरू सम्भदा, प्रयोग गरेका वस्तुहरू देख्दा, सम्वादहरू स्मरण गर्दा मानिस भावुक बन्छ । त्यस्ता वस्तु र सन्दर्भहरूले दुःखको घाउ भन् भन् चर्काइरहन्छन् । आफ्नो भावी जीवनको आकार दिनै अन्यौलता । आमाको अस्तित्वबोध नै नगरेको व्यक्तिले मातृत्वको अभाव त जीवनमा भोगिरह्यो । आमा गुमाएको साहनुभूति बावुबाट पाएको वात्सल्यता र वाल्यवस्थाको लालनपालनमा

जुटेका मावलका हजुरबुवा, आमा एवम् आफन्तले पोखेको मायाले जीवन यात्रा अगाडि बढ्दै गयो । जीवनमा सबैभन्दा धेरै समय सम्म सबैले भन्दा बढी माया गर्ने जीवन साथीको अन्त्य हुनु जीवनको सबै भन्दा दु:खद क्षण बन्न पुग्यो मित्र नरेन्द्र जी लाई ।

जे भए पनि, परिस्थिति जति कठोर भए पनि, मानिसले जीवनमा सम्झौता गर्नै पर्दछ । जीवनको पुरै चक्र सम्झौताको श्रृङ्खला हो । प्रत्येक पाइला पाइलामा गर्नुपर्ने सम्झौता नै जीवनको पर्याय हुँदो रहेछ ।

सुख जति बाड्नु पर्ने दु:ख जति एक्लै आफैले सहन गर्नुपर्ने भए पछि दु:ख सहन गर्न बाहेक विकल्प नै छैन । विगत सम्झनु भन्दा भविश्यलाई सोच्ने क्षमता वृद्धि हुदै जावस । छोडेर जानेले बाँच्नेको पीडा बहन गर्न पर्दैन । त्यसैले पहिले ब्रह्मलीन हुनेलाई भाग्यमानी मान्ने सोच छ हाम्रो समाजमा । बाच्नेले नै आफ्ना जीवनको समस्या र विछोडका पीडा सहनु बाध्यता हुन्छ ।

भ्रमणका सन्दर्भले रमाउने यात्रा भने पछि सबैमा प्राथमिकताको खुसी पोखिन्थ्यो । यात्राका योजनाहरू बन्थे । सहयात्राका साइतहरू जुराईन्थे । मन खोल्न सकिन्थ्यो । जोडीजोडी भएर गरेका यात्राहरू अहिले सम्झना भएका छन् । उन्मुक्त खुसी र उमङ्गले भरिएका यात्राका तस्बीरहरू देख्दा दिवङ्गत भएको कुरामा विश्वास लाग्दैन । भारत, दुबई, अबुधावी, इन्डोनेसियाको बाली र मलेसियाको क्वालालम्पुर हिँडेका पाइलाहरूले अहिले पनि सङ्ग साथको झल्को दिइरहन्छन् ।

महाप्रस्थान प्राप्त आत्माको मुक्तिको कामना । आँसुको श्रद्धाञ्जलि । आत्माको चीरशान्तिको कामना । बाँचेर पीडा सहन गर्ने क्षमतामा बृद्धि हुँदै जावस भन्ने कामना । २०७८ सालको बुद्ध पूर्णिमाले फेरि त्यस्तो क्षण कहिल्यै नल्यावस । २०७८ सालको ज्येष्ठ १२ गतेको निस्ठुर घडीलाई बिर्सन शक्ति प्राप्त होस् । स्वर्गीय आत्मालाई जीवित राख्ने कार्यहरूमा सफलता मिलोस् । अलविदा ।

# ममताकी खानी सबैकी प्यारी आमा

डा. सम्राट वश्याल

खै कहाँबाट सुरु गरौँ । यही खाली कागज झैँ शब्दहरू निशब्द बनेका छन् । दृश्यहरू अदृश्य रहेका छन् । अनि मुटुका स्पन्दनहरू शून्यमा बिलाएका छन् । तर पनि मेरी आँमाका कविताका केही हरफले मेरो दिमागमा पहाडलाई आँधिको झोक्काले विचलित गर्न खोजे झैँ प्रहार गरि नै रहेको छ ।

"तिमी थियौ सारा संसार मेरै थियो
तिमी छैनौ संसारै सुनसान भैगयो ।
तिमी थियौ प्रत्येक शब्द गुन्जिन्थियो ।
तिमी छैनौ शब्दहरू गलामा अड्किगयो ।"

लेखुँ खै म के छरपष्ट भयो कविता
पलभर मै बिलाए ती सोम्य शालीन सबिता
पोखुँ मनका भाव के रित्तिए भाव मनका
क्षणभरमै भिजे आँखाहरू, बगे आँसु बनी सरिता

एक तमासको कुन्ठा मनमा गडेको छ तर पनि आफूलाई नबुझाई कहाँ हुदो रहेछ र कोसिश त भरपूर गरेका थियौँ भनेर मन बुझाउन परेको छ । शायद यस्तो पो गरेको भए वा उस्तो पो भएको भए- जस्ता प्रश्नहरूको ताती एक पछि अर्को कुनै चलचित्रको दृश्य फेरिएको झैँ आइ नै रहन्छ । हामी आफूलाई सान्त्वना दिइनै रहन्छौं । मन अझै जलिरहेको छ । बिल्कुलै शान्त छैन । यो त्यति छिटै शान्त हुने वाला पनि छैन ।

मलाई राम्ररी याद छ ती पलहरू जब आशाका दियोको राप हाम्रो मन-मस्तिष्क क्षणमा आफ्नो तेज परिवर्तन गरिरहन्थ्यो । बुवाका बेचैनीहरू अनि कहिले विश्वासका झिल्काहरू आँखामा प्रष्ट देखिन्थ्यो । मुहार तरङ्गित हुन्थ्यो । त्यस्तै किसिमको आभासहरू बाकी हामी सबैमा एकदमै देखिन्थ्यो । प्रयास त बस एउटै हुन्थ्यो । मनका डरहरू, निराशाका आबेगहरू मनमै दबाउने र अरुलाई बल दिने तर पनि कहिलेकाँहि त ती पोखिइहाल्थे ।

समय निकै गाह्रो थियो । कोरोनाको प्रकोप झन साह्रो । संसारलाई नै तहसनहस बनाएको प्रकोपले हाम्रो परिवारलाई पनि एक दिन छोडेन । विशालनगरको मुमालाई रुघा-खोकी, ज्वरो र साह्रै जीउ दुख्ने समस्या देखिएको केही दिन भएको थियो ।कोरोनाको जाँच गर्ने सल्लाहअनुसार जाँच भयो । रिपोर्ट पोजिटिभ देखियो । केही दिन घरमै साधारण औषधी खाँदै अनि अक्सिजनको मात्रामा ख्याल गरेर बित्यो ।

शनिबारको दिन थियो । म र रीना विशालनगर पुग्यौँ । बिहानको अक्सिजनको मात्रा ९८ प्रतिशत थियो रे । फेरि नाप्दा ९२-९३ प्रतिशत थियो । मुमाको अवस्था हेर्दा पनि उहाँलाई पहिलेको तुलनामा केही असहज देखिन्थ्यो । HAMS अस्पताल लगियो । त्यहाँ अक्सिजनको मात्रा ९४-९५ प्रतिशत देखायो । छातिको X–ray मा covid pneumonia को प्रारम्भिक लक्षण देखिए । त्यस पश्चात भर्ना भयो । राति अक्सिजनको मात्रा फेरि ९१-९२ प्रतिशत देखियो । डाक्टरको सल्लाह बमोजिम औषधिहरू सुरु भईहाल्यो ।

सुरुमा अवस्था गम्भीर पटक्कै थिएन । ५-६ दिनमा औषधी सिद्धिएपछि मुमालाई सन्चो भइहाल्छ भन्ने पूर्ण विश्वास थियो । तर विधिको खेल हाम्रो पक्षमा रहेन । स्वास्थ्य क्रमशः झन् बिग्रदै गयो । पछिल्लो रातमा केही अक्सिजन चाहिएको थियो । क्रमशः हरेक दिन झन बढी चाहिदै गयो । तर पनि हरेक दिन जस्तो Messenger मा कुराकानी भईरहेको थियो । मुमालाई सकुशल फर्काउने विश्वास दृढ थियो । छैठौं दिनमा बिहान मुमालाई भेटदा केही ठिक नभएको सङ्केत गर्नुभएको थियो । ढाडस दिँदै मन अमिलो पार्दै फर्कियौं । त्यही रात मुमाको बुवासँग मेसेन्जरमा कुरा पनि भयो । आफूलाई धेरै गाह्रो भएको र आफू अब ठिक नहुने मुमाको वचनले बुवालाई विचल्लित तुल्यायो । नभन्दै मध्यरातमा मुमालाई ICU मा राख्न पर्ने खबर आयो । बुबा र प्रदीप ज्वाई साहेब राती नै त्यहाँ पुग्नुभयो । मुमालाई ICU मा राखियो । ICU मा राखेको अवस्थामा पुनः अक्सिजनको लेभल

घट्दै गएकाले Ventilator मा राखियो । अन्तमा Ventilator बाट झिकेर ल्याउने आशा निरासामा परिणत हुने तर्फ घटनाले मोड लियो ।

त्यसपछिको हरेक पल काट्न जुग नै काटेको जस्तो हुनथाल्यो । सबै जनाको अवस्था उस्तै थियो । १-२ दिन भन्दा भन्दै भेन्टिलेटरमा राखेको पनि १०-१२ दिन बित्यो । दिनचर्या हाम्रो त्यस्तै थियो । बिहानै ज्वाई साहेब अस्पताल गइहाल्नु हुने रहेछ । पछि बल्ल गार्डले भनेर थाहा पायौं । आठ नबज्दै हामी सबै अस्पताल परिसरमै पुग्यौं । रीना र वीना दिदीहरू भित्रकै शिवालयमा शिवजीसँग जीवन रक्षाको लागि प्रार्थना गर्नुहुन्थ्यो । साढे आठ बजे तिर मुमालाई हेर्न पाइन्थ्यो । डाक्टर नर्सहरूसँग कुरा गर्न पाइन्थ्यो । धेरै जस्तो Positive नै जवाफ मिल्थ्यो ।

उता ईरीना अखण्ड ज्योति जगाई मुमाको जीवन रक्षाको लागि ढुकेर बस्थिन् । बुवालाई अस्पताल परिसर छोड्न पटक्कै मन हुँदैनथ्यो । उहाँलाई लाग्थ्यो हामी त्यहाँ बस्दा मुमाको आत्मविश्वास बढ्छ । हामी दिनभरि त्यहीँ र खाजा खान विशालनगर पुग्थ्यौं । विधिको विधान पनि अनौठो रहेछ । जस्तो सुकै पीर व्यथामा पनि खाली पेट बस्न नदिने नै रहेछ । हामीले आशा गरेको जस्तो कदापि भइरहेको थिएन । डाक्टरहरूलाई Ventilator बाट आमालाई निकाल्न मिलिरहेको थिएन । आफैले स्वास फेर्ने Mode मा राख्ने बित्तिकै अक्सिजनको मात्रा घटिहाल्ने भएछ ।

भेन्टिलेटरमा राखेको १३ औं दिनमा घाँटी चिरेर श्वास नलि (Trachea) मा Tube राखेर ventilator मा राख्ने अनि मुखबाट श्वास नलिमा लगेको End tracheal tube निकाल्ने सल्लाह भयो । सो अनुरुप आवश्यक परेमा रगत चढाउने कुरा भएकाले रगतको खोजीमा लागियो । मुमाको Blood Group 'O' Negative थियो । बल्लातल्ल विवेक भाइको साथीको मिल्यो । रगत झिकेर Cross match गर्दा मिलेन । फेरि बल्ल बल्ल मुमाको नाता पर्ने बहिनीको O negative रगत हो भन्ने पत्ता लाग्यो । उनको पनि Cross-match मा मिलेन अचम्मको कुरा त के भने रगतलाई incubator मा राख्दा cross-match मिल्थ्यो तर Room temperature मा मिल्दैनथ्यो । मैले यस्तो भएको २० वर्षको अनुभवमा कहिँ नै भेटेको थिइन । सायद हामीलाई यो कुनै सङ्केत थियो तर हामीले बुझेनौ । डाक्टरसँग सल्लाह गर्दा रगत जम्मा नभए पनि अपरेशन हुने र रगत खासै आवश्यक नहुने कुरा बुझियो । Tracheotomy भयो । राम्रै भयो भन्ने बुझियो । अब मुमालाई छिट्टै होशमा ल्याउन सकिन्छ भन्ने आशा थियो ।

फेरि पनि विधिले हामीलाई बज्रपात गऱ्यो । राती अक्सिजनको मात्रा झन अधिक चाहिएको र मुमालाई स्वास फेर्न गाह्रो भएको खबर आयो । बिहान घाटीको X–ray भएछ । Pneumothorax (फोक्सोको र पत्र बिचमा हावा जमेको अवस्था) पो भएछ । त्यसको अलवा छालाको बिचबाट हावा छिरेर surgical emphysema पनि भएछ । दुवैतिर chest tube राखिएछ । सँधै झैँ बिहान अस्पताल पुगेर मुमालाई हेर्दा निकै नरमाइलो लाग्यो । मुखसमेत सुन्निएको थियो । सायद फुटेछ- रीनाको अगाडि आँसुको भेल रोकिनै गाह्रो भयो । तर पनि chest tube राखे पछि सब टिक हुन्छ भन्ने आशा जीवितै थियो । छातीको X–ray हेर्दा पहिले भन्दा नराम्रो त थियो तर पनि एकदमै नराम्रो थिएन । रगतका जाँचहरू पनि ठिकै थिए । Blood pressure बढाउनको लागि प्रयोग हुने औषधी पनि धेरै मात्रामा चाहिएको थिएन । मुटुको चाल पनि ठिकै थियो । ठिक थिएन त खाली फोक्सोको काम Ventilator ले गराउनु परेको थियो । अरुको तुलनामा अवस्था राम्रो थियो डाक्टरको अनुसार ।

यसै बिच धेरैको Ventilator मा महिनौ बसेर ठिक भएको आशा लाग्दो कुरा आइरहन्थ्यो । डाक्टरहरूसँग सल्लाह भइनै रहन्थ्यो । आश मरेको पटक्कै थिएन तर डगमगाएको अवश्य थियो । मुमाको लागि भइरहेको उपचार विधि बाहेक सुहाउदो अरु थप उपचारविधि केही थिएन । नाम चलेको र सयौँ त्यस्ता बिरामी हेरेको राम्रो मेडिकल टिमको रेखदेखमा उपचार भइरहेको थियो । सबै चिनेका साथीहरू नै थिए । मुमालाई घर फर्काउने एक किसिमको विश्वास अझै मरेको थिएन ।

“भन्छन विश्वासमा शक्ति हुन्छ, विश्वासले जिताउँछ युद्धहरू, सायद विश्वासमा केवल शान्ति हुन्छ लुटे मेरा विश्वासले सारा विश्वासहरू”

जति विश्वास गरे पनि हाम्रा विश्वासहरू विधिको लेखा सित एक दिन हारिन पुगे । २०७८ जेठ १२ गतेको बिहानी- त्यो सिम सिम पानी परेको दिन हामी सबैलाई रुझाएरै छाड्यो । HAMS अस्पतालमा ढकमक्क फुलेका फूलहरू पनि बिझाई छाड्यो । ट्याङ ट्याङ बज्ने मन्दिरको कर्णप्रिय घण्टीले पनि कानको जाली फुटाएर छाड्यो । बिहानीको रविलाई पनि रुन्चे बादलले छेकी छाड्यो । हामीलाई ज्यूँदै माऱ्यो । मनको बाध फुटाई छाड्यो । आँसुका भेलहरू बगाई छाड्यो । एक चिकित्सकको वर्षौंको विश्वास पनि गुमाई छाड्यो । हाम्रो संसार लुटी छाड्यो । हामीलाई रानो वीनाको मौरी बनाई छाड्यो ।

## र अन्तमा

किन दिइस् ईश्वर तैँले, मान्छेको चोला,
विभिन्न रङ्ग भरी दुःख सुखका बन्छस् भोला ।
जन्म दिन्छस् कर्म गराउँदै लान्छस्
मुस्कुराउँदै फेरि पलभर पनि रम्न नदिई,
लान्छस् क्रुरताबस नहेरी ।

मुमा हाम्री उजेली ममताकी खानी
मुस्कान तिम्रो नसम्भी बित्दैन दिन राती ।
नभमा तिमी हासेकै हुन्छौ,
फूलभै फक्री उजाड हुने छैनौ
तिम्रो सृष्टी, राख्छौ मलजल नरी ॥
अनयासै याद आयो ।
अनायाशै फेरि ढुकढुकी जो बढ्यो्
बिहान नहुदै तिम्रो याद आयो ।
मधुर मुस्कान तिमीले जो छाड्यौ
म सँगसँगै सारा जग हास्यौ ।
पूर्वमा लाली चढेकै थिएन
सबिताले रङ्ग भरेकै थिएन
अनयासै फूलहरू खुले
तिम्रो मुस्कानमा फेरि चरी भई उडे
अध्यारोमै रङ्ग कस्तो खै छर्‍यौ
मुस्कानले तिम्रो मुटु त्यसै रङ्गियो
के जादु हो यस्तो, कस्तो तिम्रो पारा ?
चरीहरूले ढ्वाली अभै छोडेका थिएनन्
फूलहरू अभै फक्रिसकेका थिएनन्
नशहरू खै कुन त्यो समायौं
तरङ्गहरू मनमा फेरि किन सजायौ ?

# मेरी भाउजू

रामकुमार पाठक

हाम्री आमा धनमाया पाठकको २०५७ साल फागुन २६ गते शनिबार जन्मदिन कै दिन स्वर्गारोहण भयो । आमाको स्वर्गरोहणपछि परिवारलाई कसरी आर्थिक रूपमा सहज र परिवर्तन गर्न सकिन्छ भन्ने उद्देश्यका साथ मनमा कल्पना र सोच उत्पन्न हुन सुरुभयो । आर्थिक समस्याका कारणले नै वैदेशिक रोजगारको सिलसिलामा २०५८ साल को भाद्र महिनामा म घरबाट काठमाडौँतर्फ प्रस्थान गरे । अन्तत मैले बस्ने स्थान उनै प्रिय भाउजू नारायणी पाठकको घर नै थियो । म काठमाडौँ पुगेको केही दिनपछि नै दुबई तर्फको यात्रा तय भएको थियो तर दुर्भाग्य मेरो खुट्टामा दुख्न थालेपछि मैले भाउजूलाई मात्र मेरो खुट्टा दुख्दैछ भाउजू के गर्ने भनि सुनाए । भाउजूको परिवारमा दाजु र भतिजलाई उक्त कुरा जानकारी भएपछि पारिवारिक सल्लाहअनुसार डाक्टरलाई देखाउने कुरा भयो । तत् पश्चात मलाई भतिज प्रदीपले खिचापोखरी भन्ने ठाउँमा उपचारका लागि डाक्टरकहाँ लग्यो । डाक्टरले मेरो समस्या पहिचान गर्दा म विदेशतर्फ जान नसक्ने भनेपछि भोलिपल्ट मलाई स्वयम् भाउजूले टिचिङ अस्पताल लिएर जानुभयो । डाक्टरको चेकजाँच पछि अस्पतालमा भर्ना हुनुपर्ने भयो । अस्पताल भर्ना भएर केही समयपछि मात्र अप्रेशन हुने सल्लाहअनुसार म अर्थोपेडिक वार्डमा भर्ना भएर २ महिना वेड बस्न बाध्य भए त्यो समयमा मलाई दिन रात नभनी मेरो उपचारका लागि डाक्टरसँग परामर्श भाउजू स्वयमले गर्नुहुन्थ्यो ।

एक दुई दिन मैले Hospital को खाना खाए । तेस्रो दिन खाना खाँदै गर्दा भाउजू पुग्नु भयो र खानाको बारेमा मसँग जानकारी लिनु भयो । कुमार वावु खाना कस्तो छ ? मैले नजानिदो गरी भने ठिकै छ भने तर खाना राम्रो थिएन

भाउजूले मेरो मनोविज्ञान बुझेर भन्नुभयो भोलिबाट Hospital को खाना नखानु वावु म आफै घरबाटै लिएर आउँछु । तत्पश्चात दैनिक बिहान बेलुकाको खाना घरबाटै ल्याइदिनुभयो । मलाई केके खानेकुरा मनपर्छ भनि सुध्नुहुन्थ्यो । भाउजूले मलाई केरा, स्याउ, मेवा, मकै, भट्मास, सुन्तला जस्ता खानेकुराहरू वेडमै ल्याइ दिनुहुन्थ्यो । म मानसिक रूपमा कमजोर भएपनि शारीरिक रूपमा कमजोर थिइन । मलाई मात्र होइन मेरो वेड वरपर रहेका अरु बिरामीहरूलाई पनि त्यतिकै सेवा सहयोग गर्नुहुन्थ्यो । यसैगरी भाउजूले बुवा आमा दिदीलगायत सम्पूर्ण पाठक परिवार छरछिमेकी इष्टमित्रल गायत सयौं मानिसहरूलाई सेवा गर्नुभएको थियो । बिरामी हुनासाथ सबै काठमाडौँ जानुपर्ने त्यस बेलाको बाध्यता थियो । भाउजूको घर आश्रयस्थल जस्तै हुन्थ्यो । भाउजू नारायणी धार्मिक व्यक्ति हुनुहुन्थ्यो । अनाथ असक्त न्यून आर्थिक अवस्था भएका बालबालिकालाईसमेत सहयोग गर्नुपर्छ भन्ने समाजसेवी भावना थियो । यसरी समस्यामा परेकालाई सकेसम्म सहयोग गर्नुहुन्थ्यो ।

अन्ततः विधिको विडम्वना या सृष्टीको खेल २०७८ सालको जेठ १२ गते प्रभात कालीन समयमा भाउजूको असामयिक निधनले स्तब्ध बनायो । अब भाउजू तपाईंको भौतिक शरीर यो संसारमा रहेन केवल तस्बीर र मनमष्तिस्कमा मात्र रहन पुग्यो । तपाईंप्रति मैले केही पनि गर्न नसकेकोमा दु:खि छु । तपाईंको अन्तिम यात्रामा एक थुँगा फूल मात्र अर्पण गर्न पाए । त्यसलाई सौभाग्य ठान्न बाध्य भए ।

मानिसको मृत्यु पश्चात बस्ने उच्च स्थान बैकुण्ठमा तपाईंको बास भएको ठान्दछु । तपाईंको सहयोगी र समाजसेवी भावनाले नै होला तपाईकै नाममा 'नारायणी मेमोरियल फाउण्डेसन'को स्थापना भएको छ । त्यो फाउण्डेसनलाई धेरै आफन्तजनहरूबाट सदभाव प्रेम र सहयोग प्राप्त भईरहेको छ । तपाईंको स्मृतिमा स्थापित फाउन्ड्सन मार्फत् अनाथ, असक्त बालबालिकाले शिक्षा आर्जन गर्न अवसर पाउँनेछन् । तिनीहरूले तपाईंलाई सम्झिरहने छन् । किनकि तपाईं यो लोकमा नभए पनि अनाथ असहायहरूलाई शिक्षाको दियो बाल्न सफल हुनुभएको छ । तपाईंको कृति अमर रहने छ भन्ने हामी सबैको अपेक्षा छ । हामी तपाईंको माया प्रेम र सदभावलाई जहिले पनि स्मरण गर्ने कर्ममा लागेकाछौँ । भाउजू अव केवल सम्झनामा मात्रै । अलविदा !

# मेरो जीवनको प्रेरणाकी श्रोत स्व. दिदीप्रति केही शब्द

श्रीप्रसाद शिवाकोटी

मेरो जिन्दगिको प्रेरणाकी श्रोत दिदी प्रति केही लेख्न खोज्दा भावविहल भएको छु। विगतमा हामीप्रति तपाईंले गरेको स्नेह माया र ममता मेरो मानसपटलमा बारम्बार आइरहेको छ। बेलाबेला दिदीको सम्झनाले छाती चिरिएर आउँछ। दिदीले मेरो खुसी छाइदिएको मलाई माया गरेको प्रत्येक क्षण सम्झिरहन्छु।

खोइ कहाबाट सुरु गरौँ यति छिट्टै श्रद्धाञ्जलिका शब्द लेख्नु पर्ला भन्ने कल्पना पनि गरेको थिइन। बैकुन्ठमा बास होस हार्दिक श्रद्धाञ्जलि। तपाईले हामीलाई आशीरवाद दिइरहनु होला दिदी।

२०४१ साल तिर दाई नरेन्द्र पाठक जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङमा हुँदा दाईदिदीसँग म पनि गएको थिए। दिदीको आग्रहमा दाजुले मलाई शिक्षण पेशामा लगाई दिने काम भयो। थाकपारु प्रा.वि. थेचुम्बमा कार्यरत हुँदा हरेक शुक्रबारको दिन दिदीसँग भेट्न थेचुम्बाबाट ताप्लेजुङ जान्थे। १ हप्ताको विछोड म २०, २१ वर्षको केटो आमा भेट्न घर आएको आभास हुन्थ्यो। मलाई आमाले गर्ने सरहको मायाममतामा कमी हुन दिनु हुँदैनथ्यो। आमा गुमाएको आभाष आउँदैनथ्यो। यसरी नै समय बितिरहेको थियो। २०४३/४४ साल तिर दाइको नुवाकोट सरुवा भयो। ताप्लेजुङमा मलाई एक्लो महसुस भएर म आमा सरहको दिदी पछ्याउँदै नुवाकोट नै पुगे, उतै शिक्षण पेशामा लागे। नुवाकोटको बसाइमा पनि दिदीको माया मेरालागि धेरै छ। जुन वर्णन गरेर साध्य छैन।

यसरी मेरो जीवनमा ममताको खानी प्यारी दिदी पाएको थिए। आज दिदीको अभावमा तड्पिरहेको छु। दिदीको काठमाडौँ बसाइँ भएपश्चात् पनि दिदीको परिवारको सदस्य जस्तै भयो आउने जाने बाक्लै थियो।

घरको ढोकाबाट भित्र पस्ने बित्तिकै दिदीको ममता हामीप्रति उत्तिकै रहन्थ्यो । लु खान आउ भोक लाग्यो होला जस्ता वाक्यले आमाको आभाश भेटिन्थ्यो । आफ्नै घरमा पुगे जस्तो हुन्थ्यो । २०५६ सालमा हाम्रो छोरा उज्वलको जन्म हुँदा दिदी यति खुसी हुनुभएको थियो, म वर्णन गर्न सक्तिन । हजुर आमाको भूमिका निर्वाह गर्न मित्रमाया र छोरालाई एक महिना सम्म स्याहार गरेर जिन्दगीमा नबिर्सने गुन लगाउनु भएको थियो ।

हाम्री अभिभावक, प्रेरणाकी खानी, सामाजिक सेवा भावले ओतप्रोत सबै उमेरसँग मिल्ने उदाहरणीय दिदी गुमाउनु परेको छ । यस दुखद घडीमा प्रदीप, रीना, विना, बुहारी (इरु) नातीनातिना आफ्ना सबैमा धैर्यधारणा गर्न शक्ति मिलोस नारायणी मेमोरियल नेम फाउण्डेसनले दिदीलाई सँधै अमर राख्न सफल बनोस् ।

कान्छा काकाको काममा आउँदा सुरुङ्गाको घरमा जाँदा मैले दिदीलाई बाई बाई दिदी भन्दै हात हल्लाएको थिए । त्यही हात हल्लाई नै अन्तिम भएछ । दिदी वैकुण्ठ बास होस् ।

# आमा

वीना पाठक

“आमा” शब्द उच्चारण सँगै मेरा मनका भावहरू भक्कानो पर्दै अश्रुरूप हुँदै आँखाका तरेलीका बाटो हुँदै अनायसै बर्रर झरे, गला अवरुद्ध भयो, लाग्यो गलामा केही आई अड्किइ बसेछ । सास फेर्न पनि गाह्रो भएजस्तो, मुटु दुखेर भारी भएर आयो । लामो स्वास तानेर आँखा चिम्म गरें । बाल्यकालमा म पढ्न बस्दा छेउमै बसेर छोरी ! तिमीलाई आइहाल्छ नी पढ त भनेजस्तै महसुस भयो । आँसु फेरि रोकिएनन् बर्रर झरे । लाग्यो ममी छेउमै बसेर तिमीले त लेखिहाल्छ्यौ नी लेख न भनेजस्तो । ममीको सामिप्यताको अनुभूती गर्दै मेरा कलमहरु अनायसै चल्नथाले, म लेख्न थालेँ, ममी पनि मसँगै हुनुहुन्छ । म महसुस गर्दैछु तर के लेख्ने उहाँको सम्झनामा ? जीवन त स्वयं नै उहाँको देन हो फेरि म जस्तीले उहाँको बारेमाके लेख्न सकुँली र ? उहाँ त स्वयं लक्ष्मीको स्वरुप हुनुहुन्थ्यो । परोपकार त उहाँको नसा–नसामा, गरिब वृद्ध असाहाय त उहाँले कोही पनि देख्न हुँदैनथ्यो अरूको दुःखमा यति छिटो आँसुआउँथ्यो कि छक्क लाग्थ्यो । रिसराग भन्ने कुरा के हो ? ईर्ष्या, लोभ के हो? हामीले कहिल्यै उहाँमा देखेनौ । सासु  ससुरा, देवर, जेठाजु, नन्द, भतीजा, भतिजी, भाइबहिनी सबैकी प्यारी आँखाकी नानी हुनुहुन्थ्यो ।

मन भारी भएर आयो, ब्याथा बल्झिए जस्तो सम्झनाका तरेलीमा ममीसँगै हात समाउँदै बाल्यकालमा पुगें । म मेरी आमाकी दोस्रो सन्तान, मेरा एक दाजु र एक बहिनी छन् । जेठी छोरी भए पनि व्यवहारमा म सधैं सानै भएँ । दुःख लाग्छ आमाले मेरो लागि धेरै दुख गर्नुभयो । तर मैले मेरी आमाका लागि केही गर्न सकिन अझै भनौ केही गर्ने मौका नै पाईन । निष्ठुरी दैव पापी कोरोनाले हाम्रो सुनौलो पारिवारिक संसारलाई उजाड बनाएर हाम्री प्यारी आमालाई चटक्क चोरेर लग्यो ।

भक्कानो फुटेर आयो, यादले सतायो । उहाँको अनुपस्थीती लाई स्विूकार गर्नै सकेन यो मनले । कहाँ जाऔ, कताबाट खोजेर ल्याऔ अनि ग्वाम्म अँगालो मारेर मनका पीडा पोखौँ जस्तो लाग्यो । टप्प टप्प आँसुका थोपा लेख्दै गरेको कपीका पानामा बग्न थाले । कलम भुँईमा राखेर जोड्ले चिच्याएर रोएँ । फेरि मधुर स्वरमा भन्नुभयो हरे हरे बुद्धु किन रोएकी म कहाँ गएकी छु र यहीँ त छु नि ! तँसंगै हेर त, फेरि आफूलाई सम्हालैँ, मन्थन गर्न लागे ।

पढाईका क्रममा पनि मैले ममीलाइ धेरै दुखदिएँ । दादा र बहिनी पढाइमा धेरै तेज थिए । दाजुबहिनी फष्ट फष्ट हुन्छन्, तँ पनि राम्रो पढन । राम्रो नपढे फेरि पछि पर्छेस, सबैले हेप्छन् भन्नुहुन्थ्यो । आज पनि ती दिनहरु मेरो मानसपटलमा ताजै छन् । मलाई पढाउनका लागि मेरो ममी रातको ११ बजेसम्म नसुती मेरोलागी चिया पकाउँदै बस्नुहुन्थ्यो, छोरी निदाउँदछे भनेर । लाग्थ्यो उहाँको जीवनको एउटै लक्ष्य मलाई सक्षम र सवल बनाउनु थियो । समयसँगै दौडन सक्ने बनाउनु थियो । भन्नु हुन्थ्यो- “आफ्नो खुट्टामा आफै उभिनु पर्छ भोलि सानो कुरामा अरुसँग हात थाप्नु नपरोस” ।

बुवासँग जागिरका सिलसिलामा धेरै ठाउँ जानुभयो । देश-बिदेशको यात्रा गर्नुभयो । धेरै ठूलाठूला व्यक्तिहरूसँग उठबस गर्नुभयो । कतिपय अवस्थामा शिक्षाको कमी महसुस भएको थियो होला, असहज परिस्थितिको सामना गर्नु भयो होला । जसको कारणले गर्दा पनि उहाँ मेरो पढाइप्रति चिन्तित हुनुहुन्थ्यो । उहाँको दिनरातको उपदेश र मिहिनेतले आज म केही हदसम्म सक्षम भएकी छु । मेरोलागी मेरी ममीनै प्रेरणाको स्रोत हुनुहुन्छ । त्यसो त शायद मैले पनि अघिल्लो जन्ममा केही पुण्य कमाएकी थिएँ होला जसको कारणले म यस्ती आमाको कोख र आदर्श बाबुको आँगनमा जन्म लिन पुगेँ । लेख्ने क्रममा मैले कुनै नमिठो दिनको महसुस गर्ने कोसिस गर्दा पनि कहीँ कतै कुनै नमीठो शब्द र चोट मैले मेरी आमाको मुखबाट कहिल्यै सुनिन । हसिलो मुहार र मुस्कानसँगै उहाँले माया गरेर छोरी भनेर बोलाएपछि र उहाँको सुन्दर शान्त अनुहार हेरेपछि जति पीर समस्या भए पनि आफैँ हराएर जान्थ्यो । लाग्थ्यो ममी हुँदै हुनुहुन्छ नि, सब ठीक भइहाल्छ नि । तर आज ती क्षण पनि एकादेशको कथा झैँ भए ।

समय बित्दै गयो म पनि ठूली हुँदै गए । विवाह भयो, सन्तानकि आमा पनि भए । अनि झन आमाको त्यो निस्वार्थ मायाको महत्व बुझ्न थाले । ममीको झन धेरै

माया लाग्न थाल्यो आमा–छोरीबाट साथी– साथी हुन थालियो । उहाँलाई इच्छा र रहर लागेको कुरा धेरै थिए । छोटै समयमा भए पनि उहाँले आफ्ना अनगिन्ती रहर र इच्छाहरु पूरा गरिसक्नु भएको थियो । बुवाले पनि उहाँका करिब–करिब सबै इच्छाहरु पूरा गरी दिइसक्नु भएको थियो जस्तो लाग्छ । आ पछि के हो के होनी म त झन बिरामी छु पछि घुम्न सकिएला कि नसकिएला बेलैमा रहर पूरा गरिहाल्नु पर्छ भन्दै बलाबेलामा घुम्न हिडिहाल्ने गर्नुहुन्थ्यो । छोरा–बुहारी, छोरी–ज्वाइँ र पाँचजना नाति–नातिनीलाई लिएर हिडेपछि उहाँलाई संसारै जिते जस्तो लाग्थ्यो । सानो सानो कुरामा धेरै खुसी हुने चञ्चले स्वभाव कहिलेकहि त ममी हो की केटाकेटी हो जस्तो लाग्थ्यो । बाँच्न जान्नु भएको थियो उहाँले । ठूलाठूला समस्यालाई पनि सहज रुपमा स्वीकार्न र धैर्य गर्न सिकाउनु हुन्थ्यो । सायद छोटो दिन लिएर आउनु भएको रहेछ, त्यही भएर हामीलाई सीप सिकाउँदै हुनुहुँदोरहेछ । धैर्य र शान्त हुने तालिम दिँदै हुनुहुँदो रहेछ । दुखमा पनि हाँसेर बाँच्नु पर्दछ, सहन सक्नुपर्दछ भनी हामीलाई निकट भविष्यमा आउने यो चोटको लागि तयार गर्दै हुनुहुँदोरहेछ । चाहे जस्तोसुकै परिस्थिति आए पनि एकअर्काको साथ छोड्नुहुँदैन भनेर हामीलाई सिकाउनु हुन्थ्यो । त्यहि साथले गर्दा होला आज उहाँको वियोगमा पनि हामी बाँचिरहेका छौं । एकअर्काको तागत भएका छौं उहाँका तीन छोराछोरी । हाम्रो बुवाका सहारा भएका छौं तीन छोराछोरी ।

वास्तवमा हाम्रो यही प्रेम र एकता नै हाम्रो ममीको लागि सच्चा श्रद्धाञ्जलि हुनुपर्दछ । जीवनभरी हजुरले देखाएको बाटोमा सधै हिडने, परोपकारी र दयामा आफूलाई समर्पण गर्ने प्रतीज्ञा गर्दै मेरी आमालाई हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु हजुरको बैकुण्ठमा बास होस आमा । तपाईंकै स्मृतिमा स्थापित नारायणी मेमोरियल फाउण्डेसनले तपाइलाईं सधैँ सम्झिरहेको छ, अनाथ असक्त असहायले तपाईलाई सम्झिरहने छन् ।

# छोरी नारायणीको स्मृतिमा

अनिरुद्र ओली

जिल्ला तेह्रथुम आठराई गोउँपालिका अन्तर्गत होडा गाउँ ओलीहरूको बसोवासको मुख्य थलो थियो । वर्तमान समयमा धेरै ओली परिवार त्यहाँबाट बसाइँ सराईका क्रममा क्रमशः झापा हुँदै अन्यत्र ठाउँमा गई बसोवास गर्नाले हाल होडामा ओलीहरूको सङ्ख्या धेरै न्यून मात्रामा छ । यसै गाउँ अन्तर्गत एउटा घर जसलाई सेडाई गाउँ भनिन्थ्यो । जुन एतिहासिक सेडाइगाउँ भन्ने घरमा पिता अविकेशर ओली र माता तुलसादेवी ओलीको जेठी छोरीको रूपमा वि.सं. २०१६ सालमा नारायणी ओलीको जन्म भयो । आफ्नो परिवारको जेठी छोरी नारायणी आफ्ना हजुरबुवा नन्दलाल ओली हजुरआमा पद्मादेवी ओलीको साथै आफ्ना मातापिता परिवारबाट सुखले हुर्किएकी हुन् । एउटा सम्पन्न परिवार भएको कारणबाट उनको पालनपोषण, शिक्षा साथै अन्य कुनै विषयमा कमी थिएन । आफ्नो प्रारम्भिक शिक्षा आफ्नै गाउँ होडाको सरस्वती आधारभूत विद्यालयमा सके पश्चात् पोखरी माध्यमिक विद्यालय छातेढुङ्गा शिक्षा आर्जन गर्दैथिइन् । समयअनुसार हरेक सामाजिक नियम र परिवेशमा हिँड्नुपर्ने बाध्यता हुँदो रहेछ । त्यो समयमा सानै उमेरमा विवाह गर्ने चलन थियो । २०३० साल बैशाख महिनामा आफ्नी छोरी नारायणीको ईवा गाउँ निवासी श्री देवीप्रसाद पाठकका माइला सुपुत्र नरेन्द्रप्रसाद पाठकसँग सु-सम्पन्न भएको थियो । समयको गतिसँगै छोरी नारायणी झापाको सुरुङ्गाको चप्रामारी हुँदै अन्त्यमा हाल काठमाडौँको विशाल नगरमा स्थायी बसोवास हुन पुग्यो । आफ्नो घरव्यवहारमा तल्लीन रहनुको कारण छोरी नारायणीको पढाईको गति अगाडि बढ्न सकेन तर ज्वाई साहेबको अध्ययन उच्च शिक्षासम्म रह्यो । जसले गर्दा निजामति सेवाको उच्च पद नायब महान्यायाधिवक्ता सम्मको जिम्मेवारी पूरा गर्नुभयो ।

दाजु अविकेशर ओलीका परिवारमा ६ जना छोरी र दुई छोराहरू सबै आफ्नो परिवारको साथै गाउँघर सबैका प्रियपात्र थिए । व्यक्तिगत रूपमा म एउटा काकाको

हिसाबले सबै छोराछोरीहरूबाट आफ्नै काका सरह माया ममतामा कुनै कमी महसुस भएको थिएन। तर ठुली छोरी नारायणीको स्वर्गरोहण पश्चात् मैले काका प्रतिको मायाबाट बञ्चित हुन पुगेको छु। सम्झदा धेरैपीडा लाग्छ। तर छोरीबाट टाढा भएता पनि ज्वाई साहेवबाट पाउने सद्भावमा कुनै कमी छैन। वि.सं. २०७२ सालमा झापा घरबाट म काठमाडौँ जाँदा छोरीको घर विशालनगरमा पुगे। त्यो एउटा ज्यादै खुसीको क्षण रह्यो। आज मेरा काकाले हाम्रो घरमा बस्नुपर्छ भन्ने अनुरोध गर्दा पनि मेरो आफ्नो कार्य व्यस्तताले गर्दा बस्ने वातावरण बनेन। म बस्ने गरी पछि आउछु छोरी भने तर त्यो भनाई भनाइमा मात्र सिमित रह्यो। यसमा ज्वाई साहेवको समेत आग्रहलाई पालना गर्न सकिन। पुनः मैले प्रवेश गर्न नसकेको त्यो क्षणलाई सम्झदा धेरै दुःख लाग्छ। छोरी नारायणी अत्यन्त भद्र महिला थिईन्। मीठो बोलीवचन भएकी सहनशील नारीको रूपमा लिन सकिन्छ। छोरी नारायणीलाई सानै देखि मिलनसार स्वभाव भएकी नारायणी परिवार र समाजमा उत्तिकै प्रिय थिईन्। सबैका लागि आफ्ना नाता गोता माइती एवम् आफ्नो घर परिवारमा समेत उनले गरेको व्यवहारबाट समाजमा एउटा प्रशंसाको पात्रको रूपमा रहेकि थिइन्। परिवार र समाजप्रति आफ्नो कर्तव्य र दायित्व के हो ? भन्ने कुरा उनलाई पूर्ण रूपमा ज्ञान थियो। त्यसैले उनी सदासर्वदा आफ्नो दायित्व प्रति सचेत र सजग रहन्थिन्। आफ्ना दाजुभाइ र बहिनीहरूप्रतिको अगाध माया ममता र सद्भाव एउटा नमूनाको रूपमा पाइन्थ्यो।

छोरी नारायणी पारिवारिक र व्यवहारिक हिसाबले पछिल्लो समयसम्म अति नै सन्तुष्टिको पक्षमा थिईन्। आफ्ना एक छोरा र दुई छोरीहरू शिक्षित एवम् सक्षम हुनु आफ्नो दक्षता सीपअनुसार स्वदेशमै बसी आय आर्जन गर्न सकेकोमा उनी निकै खुसी र भाग्यमानी थिइन्। आफ्ना पाँच नातिनातिनाहरूसमेत आफ्नो परिवारका गहनाको रूपमा पाउँदा यो ज्यादै सुखद अवस्था थियो। तर समयको गतिसँगै आफुमा रहेको सन्तुष्टी असन्तुष्टीमा परिणत हुनगयो। अन्त्यमा त्यो सुखमाथि बज्रपात आईलाग्यो। वि.सं. २०७७ सालमा देखा परेको विध्वङ्सकारी कोरोनाको कारण उपचारको क्रममा धेरै ठुलो धनरासी खर्च गर्दासमेत पनि पापी दैवले यो संसारबाट नछोडी लग्यो। यसरी वि.सं. २०७८ जेठ १२ गते उनको यो संसारबाट देहलिला समाप्त भयो। यस्ता भद्र महिलाको दुखद निधनमा सिङ्गो समाज नै अत्यन्तै शोकाकुल भयो। अन्त्यमा छोरी नारायणीको सम्झनामा मात्र सिमित रहिन् छोरी नारायणीको आत्माको चीरशान्तिको लागि ईश्वरसँग प्रार्थनासँगै हार्दि श्रद्धाञ्जलि अर्पण गर्दछु।

अस्तु
कन्काई -१, झापा, दुर्गापुर

# बहिनी नारायणीको सम्झनामा

नेत्र संग्रौला

जन्मबाट सुरु भएर जीवन मृत्युमा टुङ्गिन्छ । जन्म एउटा गतिको सुरुवात अनि यात्राको थालनी रहेछ भने मृत्यु त्यहि गतिको अन्त्य अनि यात्राको आवसान रहेछ । युग यसरी नै बित्दै आएको छ । यो प्राकृतिक नियम पनि हो भन्ने थाहा हुँदाहुँदै पनि हामी मृत्युदेखि सधै त्रसित बनी रहन्छौँ । जुनबेला संसारभरी महामारीको रुप कोरोनाले लिइरहेको थियो अनि आफ्ना प्रियजनहरूको दुःखद निधन सँधै मृत्युले आफैँलाई जिस्क्याई रहेको अनुभूति हुन्थ्यो । आज त्यही दुःखद अनुभूति संगाल्दै म स्व.नारायणी बहिनीप्रति हार्दिक भावपूर्ण शब्द श्रद्धा-सुमन अर्पण गरिरहेको छु ।

नाताले नारायणी मेरी बहिनी थिई । मेरो कान्छा मामाको छोरी भनौ वा मेरी साइली फुपूकी छोरी । यही कारणले हामी माझ आत्मीयता धेरै थियो । एउटै गाउँमा एउटा परिवार झै हुर्किएका हामी धेरै मिलनसार स्वभावकी थिई नारायणी बहिनी । जहिले पनि हसिलो मुहार अनि उज्यालो स्वाभावकी थिईन् बहिनी । उमेरले म भन्दा ६/७ वर्षकि कान्छी भए पनि एउटै दौतरी थियौ । हामी सानामा नारायणी र माइली नर्वदा मादल बजाई-बजाई गीत गाउँथे अनि रमाइलो ठट्टा गर्थे । कसैलाई पनि अँध्यारो अनुहार लगाउन दिदैन थिए । यही रमाइलो बानी, मीठो बोली अनि असल व्यवहारले गर्दा उसलाई माइतमा होस या उसको परिवारमा सबैले मन पराउँथे । ऊ हाम्री परिवारकी एउटा चम्किलो तारा थिई । दुई छोरी एक छोरा अनि नातिनातिनीकी धनी नारायणीका बारेमा यो किताबका पाना जति लेखिए पनि अधुरै रहन्छ । उनको माया, ममता र मिलनशिलता लेखेर सकिदैन ।

कुनै पनि फल फुलको बोटमा जुन राम्रो फल छ या फुलैफूल फुलेको फूलबारीमा जुन राम्रो फूल छ त्यहि टिप्न हामीलाई मन लाग्छ त्यस्तै असल हसिलो मुहारकी हाम्री बहिनीलाई भगवानले हामीमाझबाट चटक्क चुडेर लैजानु भयो । जुन बेला हाम्रो परिवारमा कोरोनाले धेरै घटनाहरू घटिरहेका थिए त्यही बीचमा मेरी बहिनीलाई पनि लाखौ प्रयास गर्दा गदै पनि बचाउन सकिएन । उसका यादहरू मेरो मानसपटलमा सजिइ रहेका छन् । समयको चक्र कसले रोक्न सक्दो रहेछ र । जन्म पछि मृत्यु अवस्य छ त्यै पनि मन बुझाउनै सकिदो रहेनछ ।

यहा दुःखद घडीमा स्वर्गीय नारायणी बहिनीको भौतिक शरीर नरहे पनि उनको पूर्ति कसैले पूरा गर्न नसके पनि हामीबीच उसका यादहरू रहिरहनेछन् । स्वर्गीय नारायणी बहिनीप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चीरशान्ति एवं वैकुण्ठ बासको कामना सहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

# दिदी नारायणी प्रति मेरो स्मरण

डा. हिमाल सङ्ग्रौला

मेरी साइली फुपूकी जेठी छोरी, नारायणी दिदीलाई प्रथम पटक मैले दशैंमा मावली (हाम्रो घर) टीका लगाउन आउदा भेटें। भिनाजुसँग आउनु भएको थियो, म सानै थिए, मैले टीका लगाई दिएर दिदी भिनाजुलाई कार चढ्नु भनेर आशिष दिएं (उमेरमा सानो भए पनि झापामा भाइले दिदी भिनाजुलाई आशिष दिने चलन छ)। त्यो पछि यथार्थमा परिणत भयो।

२०४२-४३ साल तिरको कुरा हुनु पर्छ। भिनाजु सरकारी वकिल हुनुहुन्थ्यो, नुवाकोट बिदुरमा। दिदी भिनाजु दुबैजना बिदुरमै भएकाले भाइ ध्रुब ओली (दिदी को कान्छो भाइ) र म केही दिनको लागि बिदुर गयौ। बिदुरको बसाइँ रमाइलो भयो, दिदीभिनाजुले खुब माया गर्नुभयो। त्यहाँको रातो माटो देखेर म दङ्ग परे। फर्किने बेलामा हामीले बदाम किन्यौ। बदाम बेच्ने साहुनीले बाबुहरु कताबाट आएको हो भनिन्। मैले झापाबाट आएका हौ भने। अनि उनले प्रश्न गरिन् झापा भनेको कटा, काठ्माण्डुबाट पनि उटै (काठ्माण्डु भन्दा पनि टाढाहो भन्ने अभिप्रायले) ? मैले पनि उनकै लवजमा भनेः ए कटि कटि उटै (ए कति कति टाढा छ नि)।

काठ्माण्डौमा भिनाजुको सरुवा भएपछि टुँडाल देवी (बालुवाटारको छेउ) मा घर बनाएर बस्न सुरु गर्नु भयो। म टिचिङ अस्पतालको होस्टलमा बसेर पढ्दै गर्दा कहिलेकाहि साँझमा दिदीभिनाजुलाई भेट्न जान्थे। अनि होस्टेलको खानाको बारेमा जानकारी भएर होला, दिदीले मलाई राति नखाइकन जान दिनुहुन्न थियो। खाना खाएर राति महाराजगन्जको मेरो होस्टेल मा फर्किन्थे। वहाँले पकाएको मिठो खाना खाएर जाँदा होस्टेलको नमीठो खाना खानु नपरेकोमा निकै खुसी हुन्थें।

दिदीले बनाएको खाने कुरा मध्ये मलाई सबै भन्दा मीठो मूला को अचार लाग्थ्यो, र मूलाको अचार खान पाउँदा म अत्यन्त हर्षित हुन्थे । म धेरै अचार खान्थे, दिदी खुसी हुनुहुन्थ्यो, साथै छक्क पनि पर्नु हुन्थ्यो कति धेरै अचार खान सकेको भनेर । सुरुसुरुमा वहाँलाई डर पनि लाग्थ्यो, भाइलाई अचारले बिगार पो गर्छ कि भनेर, तर मलाई अचार ले बिगार नगरे पछि यो डर हराएर गयो ।

दिदीले भिनाजुलाई अत्यन्तै इज्जत गर्नुहुन्थ्यो । भान्जा-भान्जीहरुलाई धेरैमाया गर्नुहुन्थ्यो । आफन्तहरुको खुब चासो र सरोकार राख्नुहुन्थ्यो ।

दिदी सानो सानो कुरामा  खुसी व्यक्त गर्नुहुन्थ्यो, र चित्त बुझ्दो कुरा परे मज्जाले हास्नुहुन्थ्यो । दिदीलाई मैले कहिले पीर मानेको देखिन, मलीन अनुहार देखिन ।

आमाको पित्त थैलीको अपरेशन गर्न मेरा बुवा, आमा र दिदी काठ्माण्डौँ आउनुभयो । अनि दिदीभिनाजु र जीवन ज्वाइ, रचना भान्जीहरुकोमा समते बस्नुभयो । वहाँहरुले अत्यन्तै इज्जत र सम्मान गरेर स्वागत गर्नुभयो । नारायणी दिदी मेरो बुवालाई (वहाँको माइलो मामा) असाध्य माया गर्नुहुन्थ्यो ।

सायद अहिले बुवासँगै बैकुण्ठ बासमा मामाभन्जी सँगै बसेको कल्पना गर्दैछु । किनकी दिदी मामालाई निकै मायाँ गर्नुहुन्थ्यो । बुवा पनि नारायणी भनेपछि निकै सम्झने गर्नुहुन्थ्यो । अलविदा !

# एउटा छोराको सम्झनामा ती आखिरी दिनहरु

प्रदीप पाठक

## प्रतिकुल क्षणको सुरुआत

मानिसहरुले भनेको सुन्ने गर्छु, फलानो कति अभागी, ढिस्कानो कति भाग्यमानी। जिन्दगीका आरोह–अवरोह, सख–दुःख, उकाली–ओराली, हाँसो–रोदन, अलाप–विलाप अनि हर्ष र विस्मतका धेरै कथा–व्यथा सुनेको देखेको मैले मान्छे भाग्यमानी वा अभागी के हो भन्ने कुरा ऊ मरेको दिन मात्र मूल्याङ्कन गर्ने विषय हो भन्ने ठान्दछु। समाजमा हुने घटना परिघटनासँग एकाकार हुँदै अरूको भलो, प्रगति र खुसीमा रम्ने अनि दुःख, पीडा र कठिनाईमा उनीहरू सँगसँगै दुखी हुने संस्कारजन्य स्वभाव बोकेको मलाई कुनै सुखद घट्नाले पनि औधि खुसी र उत्तेजित बनाउन भने सक्दैन किनकि अनुकूल परिस्थिति जुनसुकै बेला क्षणभरमै प्रतिकुल बनिदिन सक्छ भन्ने कुराले दिमागको एक कुनामा सधैं घर गरिरहेकै हुन्छ। ठिक त्यस्तै भयो २०७७ साल कार्तिक २१ गते। हाँस्दै, डुल्दै, खाँदै, गफीँदै गर्नुभएका हजुरबुवा देवीप्रसाद पाठक अनायस क्षणभरमै ब्रह्मलिन हुनुभयो, कसैलाई कुनै मेसो नै नदिई। लामो समयसम्म पारिवारिक वियोगको चोट नबेहोरेको हाम्रो निकट परिवारमा शोकको बादल मडारिन थालेको रहेछ। त्यसको चार महिनापछि २०७७ साल चैत ७ गते काठमाडौँमा उपचारपछि झापा घर पठाउन हवाइजहाजमा चढाइसकेपछि कान्छो हजुरबुवा विष्णुप्रसाद पाठकले अचानक देहत्याग गर्नुभयो।

## आमाको अस्पताल भर्ना

पारिवारिक माया र कर्तव्य परायणमा डुबेकी मेरी आमाले कान्छो हजुरबुवाको अन्तिम संस्कारमा सहभागी हुन भोलिपल्टै झापा जाने तीब्र चाहना गरेपछि मैले विहान ८:३० बजेको हवाईजहाजको टिकट काटेर विमानस्थलमा विदाई गरेको थिएँ। हजुरबुवाको १५ दिनको काम सकेर फर्कने चाहना गर्नु भएपछि उहाँ २०७७/१२/२७ गतेको बुद्ध एयरबाट काठमाडौँ फर्कनु भएको थियो। काठमाडौँ

फर्केपछि उहाँलाई सामान्य रुघाखोकी देखिन सुरु गरेको थियो । केही दिनपछि सामान्य ज्वरो पनि देखिन थाल्यो । २०७८ साल वैशाख ८ गते कोरोना परीक्षणको लागि उहाँलाई सिद्धी पोलीक्लिनिक लिएर जाने सल्लाह भयो । "गाडीमा जाने कि मोटरसाइकलमा जाने?", मैले उहाँको आत्मबल जाँच्न चाहेँ । "मोटरसाइकलमा छिटो, सजिलो हुन्छ, मोटरसाइकलमै जाऔँ", उहाँले भन्नुभयो । बिहान दिएको नमुनाको कोरोना परीक्षण नतिजा पोजेटिभ देखिएपछि हामी अलिक सतर्क भयौं र सोही बमोजिमको निगरानी पद्धति सुरु गऱ्यौँ । मेरा बहिनी ज्वाइँ स्वयं चिकित्सक भएको र कोरोनाको विरामी जुनसुकै बेला अक्सिजन दिनुपर्ने अवस्थामा पुग्नसक्ने र त्यसबेला हस्पिटलमा बेड पाउन मुश्किल हुनसक्ने भएकोले अस्पताल भर्ना गरेर सुरक्षित बस्ने भन्ने सल्लाह भयो । डाक्टर ज्वाइँले अस्पतालको चिनजानका चिकित्सकसँग परामर्श गरेपछि २०७८ वैशाख ११ गते धुम्रवराही स्थित ह्याम्स हस्पिटलको जनरल वार्डको बेड नं. ७१५ मा आमालाई भर्ना गरि उपचार सुरु गरियो । कोभिड वार्डमा आगन्तुक प्रवेश निषेध गरिएकोले चिकित्सक नर्सको आँखा छल्दै ढोका उघारेको मौका पारी र अरुबेला जनरल वार्डको दुई पल्ले मूल ढोकाको प्वालबाट चिहाएर आमालाई बेलाबेलामा हेर्ने गर्थें । उहाँ आफ्नो भन्दा पनि छेउछाउका बेडका बिरामीहरूको अनुरोध तर्फ चिकित्सक नर्सहरूको ध्यान आकृष्ट गरिरहेको देख्दथेँ । यसरी बिहान दिउँसो अस्पताल बस्ने र साँझ उहाँलाई अस्पताल छाडि घर फर्कने क्रम दुईचार दिन चलिरह्यो । जनरल वार्डमा इन्टरनेट र मोबाइलको सुबिधा रहेकोले राती सुत्नु अघि उहाँसँग भाइवर र म्यासेन्जरमा कुरा हुने गर्थ्यो । तर २०७८ वैशाख १६ गते राति सुत्नु अघिको उहाँसँगको सम्वाद अलिक लामै रह्यो र त्यसमा उहाँ अलिक थकित र निराश जस्तो सुनिनुहुन्थ्यो । त्यस दिन अघिल्ला दिन भन्दा अक्सिजन पनि अलिक बढी नै चलाउनु परेको रहेछ ।

## आई.सि.यु. मा उपचार

ठिक पाँच महिना अगाडि मेरी सासु आमालाई पनि सोही वार्डमा सोही विरामको उपचारको लागि भर्ना गरी चार दिनको अस्पताल बसाई पश्चात डिस्चार्ज गरी घर लिएर गएको मलाई अस्पतालको बसाई सबैभन्दा सुरक्षित उपाय हुनसक्ने कुरामा शंका थिएन । तर भोलिपल्ट बिहान ५:४५ बजे अस्पतालबाट अक्सिजनको मात्रा अलिक बढी नै दिनुपर्ने भएकाले आमालाई राति नै कोभिड आइ.सि.यु मा सारिएको जानकारी ड्युटी चिकित्सकले गराउनु भयो । अब भने मन अत्तालियो । ज्वाइँलाई फोन गरेँ । बुवालाई लिएर अस्पताल पुगेँ । आइ.सि.यु.मा भने बिहान ९ बजे बिरामीलाई हेर्न मिल्ने रहेछ । ज्वाइँ र बहिनीहरू आइपुग्नुभयो । आमालाई हेर्न नपाइन्जेल व्यग्र छटपटी भयो । ९ बज्यो । आइ.सि.यु.को ढोका छेवैको बेडमा

उहाँलाई राखिएको रहेछ । पालैपालो हामीले उहाँलाई सिसा बाहिरबाट हेऱ्यौं । उहाँ हातले ईशारा गर्दै केही भन्दै हुनुहुन्थ्यो । तर संक्रमणबाट अरुलाई सुरक्षित गर्न बिरामीलाई बन्द कोठा भित्र राखिँदो रहेछ । उहाँले बोलेको प्रष्ट बुझिएन । उहाँको भनाइको आ–आफ्नै अर्थ लगाउनु बाहेक अरु विकल्प हामीसँग थिएन ।

कोभिड संक्रमणको दुई हप्ता कटेपछि संक्रमणको सघनता कम हुँदै जाने अध्ययनहरुले देखाएका थिए । हामी कोभिड परीक्षण पोजेटिभ नतिजा आएदेखि अस्पताल बसाई सम्म व्यतित दिनहरु औंलामा गन्दै थियौं । वरिष्ठ चिकित्सक डा. अर्जुन कार्कीको नेतृत्वमा दक्ष र कहलिएका चिकित्सकहरूको टोलीले उहाँको उपचार गरिरहेका थिए । त्यसमा पनि आइ.सि.यु.का इन्चार्ज डा. सविन कोइराला र सघन उपचार कक्षका संयोजक डा. हेम पनेरु ज्वाईँका साथी नै थिए र उनीहरुसँग प्रत्यक्ष संवादको पहुँच उपलब्ध थियो । कोभिडले छातिमा असर गर्ने हुनाले कोभिड र फोक्सोको बारेमा अनुसन्धान गरेका डा. राजु पंगेनी परामर्शका लागि सहज उपलब्ध थिए । लाग्थ्यो, गर्नुपर्ने कुनै कसर बाँकी राखिएको छैन र स्वदेशमा उपलब्ध एक से एक जनशक्ति र स्रोतको सुनिश्चितता गरिएको छ ।

हरेक दिन बिहान नौ बजे आमालाई सिसा बाहिरबाट हेर्ने र दुई बजे चिकित्सकको परामर्श फोन कलको प्रतीक्षा गर्ने नियमित दिनचर्या बनेको थियो । केही दिनको आइ.सि.यु.बसाई पछि नै आमालाई भेन्टिलेटरको सहारा दिन थालियो । अब भने केही समय भेन्टिलेटरमा राख्ने, केही समय भेन्टिलेटर सपोर्ट झिकेर बिरामीको प्रतिक्रिया हेर्ने क्रम चलिरह्यो । न त अस्पतालमा पुरा समय बसेर केही गर्न नै सकिन्थ्यो, न त उहाँलाई अस्पतालमा छोडेर घर जान नै मन लाग्थ्यो । धन्न ! आइ.सि.यु.को सुरक्षा गार्डको काम गर्ने ओखलढुंगाका धन नारायण श्रेष्ठले फोन मार्फत आमाको अवस्था बताइदिने सहृदयता देखाइदिएका थिए ।

दिन बित्दै गए । भेन्टिलेटरमा राखेको हप्ता दश दिन नाघ्न थालेपछि नाक, कान घाँटी विभागका प्रमुख डा. प्रकाश काफ्लेको नेतृत्वमा ट्र्याकियोटोमी गरियो । तर जुन सोचकासाथ यो सल्यक्रिया गरिएको थियो, त्यस अनुरुपको नतिजा भने प्राप्त भएन । दुर्भाग्यवस ! त्यसको भोलिपल्ट उहाँको दुईवटै फोक्सोमा ‘लिकेज’ देखियो । तर त्यही समयमा उहाँको नयाँ कोरोना परीक्षणको नतिजा भने नेगेटिभ आयो । अब भने उहाँलाई कोभिड आइ.सि.यु.बाट नन–कोभिड आइ.सि.यु.मा सारियो तर भेन्टिलेटरको सपोर्ट भने चाहिएकै थियो ।

## आमा गुमाउँदाको क्षण

आमाको सामिप्यताको न्यानोपन खोज्दै आइ.सि.यु. बाहिर कुरी बस्ने मैले भेन्टिलेटरका विरामी बचाउन नसकेको चिकित्सकको दु:खेसो सुन्न थालेको थिएँ। अब भने म विचलित हुन थालेको थिएँ। मन अत्तालिन थालेको थियो। केही कुरा माग्न नसक्ने म, माग्ने अवस्थामा पुगें। आमाको वियोगको कल्पना पनि गर्न नसक्ने म, अब भने मात्र एक पटकको लागि आमाको नयाँ जीवन माग्न थालेँ। अर्को पटक दोहोऱ्याएर माग्ने छैन भनेर कसम खाएँ। आर्तनादले पो दैवको मन पग्लन्छ कि भनेर छेउछाउमा कोही नभएको मौका पारी बाथरुमको ढोका थुनेर अरण्यरोदन गरेँ, गर्दै रहेँ। सबेरै अस्पताल जाने, एकान्तमा धक फुकाएर रुने र मन अलिक हल्का भएपछि खाना खान घर फर्कने गर्न थालेँ। सबैभन्दा कठिन चाहिँ घर फर्केर बुवा र श्रीमतीलाई आमाको अवस्था बताउनु हुन्थ्यो जो सुखद समाचार सुन्ने आशामा मेरो आगमनको प्रतीक्षामा बस्नु हुन्थ्यो। हरेक दिन दिउँसो २ बजे चिकित्सकको फलोअप फोन कल उत्सुकतापूर्वक उठाउन तम्सिने मेरा हातहरु अब भने फोन कल उठाउन गाह्रो मान्न थालेको थिए। फोन आउने बेलामा म चिकित्सक ज्वाइँको सामिप्यता खोज्न थालेको थिएँ ताकि उहाँलाई फोन दिन पाइयोस र आफू बोल्न नपरोस। कस्तो विवशता ? निरुपाय म यता मडारिन्थेँ, उता मडारिहन्थेँ, यता भौतारिन्थेँ, उता भौतिरिन्थेँ, तर गर्न सक्ने केही थिएन। समयले मलाई जीवनको यस्तो मोडमा पुऱ्याएको थियो, सबैथोक गुमाएर मलाई सबै खुसी र सुख न्यौछार गर्ने मेरी आमालाई दुई हात जोडेर गर्नसक्ने प्रार्थना र खसाल्न सक्ने आँसु बाहेक दिनसक्ने मसँग केही थिएन।

देशकै उन्नतस्तरको चिकित्सा प्रविधि, दक्ष चिकित्सक, स्रोतको सुनिश्चितता, सहृदयी मनहरु, कर्मठ हातहरु, तीक्ष्ण दिमागहरु, बन्धुबान्धव, नातागोता, इष्टमित्र र शुभेच्छुकहरुको भावपूर्ण प्रार्थना, प्रियजनको आत्मीय साथ, बहिनी ज्वाइँहरुको अनवरत योगदान रहँदा रहँदै पनि उहाँलाई बचाउन सकिएन। आँखिर त्यही भयो, जो चिताउन पनि सकिँदैनथ्यो। सारा संसार फनफनी घुमेजस्तो अनुभव भयो। दिमाग रन्थनियो। हृदय विदीर्ण भएर आयो। जिन्दगीको गति रोकिएको थियो। सारा योजना भताभुङ्ग भएका थिए। सुनौलो सपना धुजाधुजा भएको दिन थियो। बुवालाई ग्वाम्लङ्ग अंगालो हाल्न मन लागेको थियो। फेरि सोचेँ, म कमजोर हुँदा बुवालाई झन गाह्रो हन्छ की। कसैको सजल नेत्र देख्दा आफूलाई सम्हाल्न नसक्ने म, परिवारलाई ढाडस दिन जगत सारा अँध्यारो हुँदा पनि मनमा घाम लागेको छनक दिनुपऱ्या झैँ बाध्यतामा थिएँ। सबैको नजरमा सुखी र भाग्यमानी ठानिएको हाम्रो परिवार लगातारका तीनवटा शोकले एकाएक दु:खी र अभागी परिवारका रुपमा दरिँदै थियो।

## आर्यघाट तर्फको यात्रा

आमाको शवलाई राखेको गाडीमा उहाँको गोडा समाएर बसको थिएँ म । शिरपट्टि चन्द्र अंकल हुनुहुन्थ्यो । टिलपिल टिलपिल आँखा पार्दै आमाको अनुहार हेरेर बाँकी जीवनको लागि साँच्न खोजेँ । आँखा भरी भरी हेरिरहे, छरिएको साडीको सप्को मिलाइदिएँ, गोडा ढोगें, हात सुमसुम्याएँ । ती सुकसुकाउँदा मायालु हातगोडा सधैंका निम्ति ओझेल हुन गइरहेका थिए मबाट ।

सब वाहन रोकियो । पशुपति आर्यघाट आइपुगेछ । आमालाई घारोमा राखियो र ब्रह्मनालतिर लगियो । समय असाध्य निष्ठुर भएको थियो । म विवेकसून्य भएको थिएँ । कस्तो विडम्वना, आफ्नी आमाको बारेमा निर्णय गर्ने हैसियत राख्ने मैले आफूलाई नै हराइदिएँ अरुले जे जे भन्छन्, त्यही त्यही गरेर । कर्मकाण्ड सिध्याएर आमालाई चितामा राखियो । सारा आङ भारी भएर आयो, नौनारी गलेर आए । आँखाहरु तिरमिराए अनि टाउको रन्केर आयो । धमिलो आँखाले आमातिर हेरें । अलिकति अनुहार मात्र देखिने गरी दाउराले ढाकिएको थियो । मैले गर्न सक्ने केही थिएन । संस्कारको दुरीले हामी दुईलाई अलग्याएको थियो । हेर्दाहेर्दै आमा आँखाबाट ओझेल पर्दै शून्यतामा विलाउनुभयो । आमालाई फेरि अंगालो हाल्न पाउँदिन नि भन्ने लाग्यो । आँखाका डिलबाट आँसु झरे । पानी सिमसिम परेको थियो । अचम्म ! एउटा साँढे आमाको चितातिर हेरेर दुईचोटि करायो, अनि उसैगरी आँसु झार्‍यो । थहा छैन, यसले केलाई सङ्केत गरेको थियो । पछि थाहा भयो, आमा वितेको दिन त बुद्धजयन्ती, उभौली पर्व, कुर्म जयन्ति, गोरखनाथ जयन्ति, चण्डीपूर्णिमा ब्रत, वैशाख स्नान समाप्तिको दिन परेको रहेछ । उहाँको कर्मले यस्तो राम्रो दिन जुराएको होला भन्ने लाग्यो ।

आर्यघाटको काम सकियो । तर मलाई त्यो ठाउँ छोड्न मन थिएन किनकि मैले मेरो सबैभन्दा प्रिय चिज त्यहाँ छोड्दै थिए, जीवनको सबैभन्दा प्यारो, सबैभन्दा पवित्र शब्द "आमा" भौतिक रुपमा गुमाउँदै थिए । म मुडुलो टाउको लिएर गह्रौं खुट्टाहरुलाई बलपूर्वक घसार्दै घरतर्फ लागेँ । मेरो आगमनको प्रतीक्षामा मायालुपूर्वक 'लुइरे' भन्दै खाजाको जोहो गरेर बस्ने आमा हुनुहुन्नथ्यो । सबै कुरा थिए । आमाको दराज थियो, पलङ थियो, कपडा थिए, सारा चिज थिए तर उहाँ हुनुहुन्नथ्यो । घरको सीर निहुरिएको थियो, हृदय चुँडिएको थियो ।

## बाल्यकालको स्मृति

आमाले सुनाएका र उहाँसँग विताएका एक एक पल दिमागमा घुम्न थाले । सोह्र वर्षको कलिलो उमेरमा म गर्भमा रहेको बेला घरधन्दा मेलापात गर्दा गरेको संघर्ष

अनुमान गरेँ । मलाई जन्म दिने बेलामा ढोकाको चुकुल लगाएर एक्लै जन्माएको विरंगना सम्भेँ । मध्यरातमा "कुराउनी चाहियो" भनेर मैले गरेको अपहत्ते भ्रेलेको सम्भेँ । ठूलो, संयुक्त परिवार, मेलापात, घरधन्दा गर्दा थाकेको शरीर, निदाएको बेला मैले उहाँको शरीरभरी आची गरिदिएको र चिसो बिहानीमा उहाँले नुहाउनु परेको दुःख सम्भेँ । मैले उहाँको पछ्यौरीमा भ्रुण्डिदै पिछा गर्दा उहाँले भोगेको सास्ती सम्भेँ । मावल जाँदा पिठ्युमा सामानको भारी, भारीमाथि कान्छी बहिनीलाई बोकेको र ठुली बहिनीलाई डोहो-याएर हौस्याउँदै खुट्टा फत्रक्क हुन्जेल पैतालामा फोका उठाउँदै भारी भ्रुन्ड्याएर हिडेको सम्भेँ । बुवालाई पढ्न पठाएर नौ वर्षसम्म अनगिन्ती विरह र पीडा बोकी तीन तीनवटा सन्तान हुर्काउँदाको कष्ट सम्भेँ । परिवार र सन्ततिका प्रगतिका मार्गहरु छेक्ने अनेकौ फलामे तगाराहरु एकपछि अर्को गर्दै नाघेका क्षणहरु सम्भेँ ।

## सम्भनामा आमाको तस्बिर

आमा ! आज तिम्रो सम्भनाका तरेलीहरु मानसपटलमा क्रमवद्ध हुँदै जाँदा सारा हृदय पग्लेर आउँछ र गर्वको महसुस हुन्छ । परिस्थितिको भयावह पहरामा सहर्ष र सगर्व सिँगौरी खेल्दै आएको तिम्रो संघर्षमय इतिहासका पाना पल्टाउँदा दुःख कष्ट वर्णन गरिएका उत्कृष्ट साहित्यिक कृति पनि फिका लाग्न जान्छ । बाढी उर्लिरहेको नदी पारी पौडेर पुग्ने कष्टसाध्य कार्यलाई जीवनको लक्ष्य बनाएकी थियौ तिमीले । तिमीले हाम्रो ठूलो परिवारमा ममताको यस्तो बिरुवा रोपेकी थियौ कि त्यो विकसित भएर भ्यांगिदै गएर आज फलेको छ, फुलेको छ । तिमी आफैँमा कसुमाकार थियौ, साभा फूलबारी थियौ, सुन्दर फूलहरु फुल्ने बगैंचा थियौ, स्नेहपूर्ण सम्बन्धको गोरेटो कोर्ने शिल्पी थियो । त्यसैले त आज तिमीलाई सम्भने हरकोहीका आँखा रसाउँछन् ।

पछिल्लो समय तिमीलाई निन्द्रा कम पर्न थालेको थियो र हातगोडाहरु बाउँडिन्थे, दुख्थे । तर जब उज्यालो हुन्थ्यो, तिम्रो वेगवान गतिको काम गराईको छायाँमा अनिदो शरीरको कुनै छनक पनि पाउन सकिँदैनथ्यो । विहान उठ्ने वित्तिकै नुहाइ धुवाई सकेर कोरीबाटी गरी टीका लगाएर चिटिक्क परेपछि तिम्रो दिनचर्या सुरु हुन्थ्यो । अहिले पनि तिमीलाई चिन्नेहरुले मृदुभाषिणी, फरासिली, स्नेहिली, उदार हृदयी, शान्त र सौम्य विशेषण दिने गर्छन् । केटाकेटीभैँ क्षणभरमा विह्वल भैदिने, बाँचुन्जेल आत्मविस्मृत र आत्मविमुग्ध भएर जीवनका मनमोहकताको उपभोग गर्न चाहने तिमी विनाको जमघट त जमघटै लाग्दैन । सम्भन्छु, संगीतको तालमा छालहरु जस्तै उर्लिएर पौडिन र बादल जस्तै स्वच्छन्द उड्न मन लाग्थ्यो तिमीलाई । कति आत्मीयता र नम्रतापूर्वक माया, उत्प्रेरणा र कौतुहलताले हाँप र

झाँप गर्दै अंगाल्न पुग्थ्यौ तिमी आफन्तजनहरुलाई । केही नभन्दा पनि अनुहार हेरेर मनका कुरा बुझ्थ्यौ, विचलित भएको बेला ढाडस दिन्थ्यौ । कति माया गर्थ्यौ तिमी सबैलाई । त्यो मायामा समानता थियो, मातृत्व थियो, उदारता थियो, दिव्यता थियो, अनि स्नेहको पौल थियो ।

## आमाबिनाको घर

आमा ! तिमी थियौ र पो घर घरजस्तो थियो । तिमी थियौ र पो तिम्रो छहारीको शीतलता पाउन प्रसन्नताले उत्ताउलिएका खुट्टा हुत्तिँदै घर पुग्न खोज्थे । तिमी थियौ र पो सारा पीरहरु एक्लै बोकी हिँड्थ्यौ, सीमीत खुसीहरु पनि बाँड्न सक्थ्यौ । चित्त दुख्दा पनि व्यक्त नगर्ने तिमी हृदयको समुद्र थियौ । करुणाको सागर तिमी सबको हाँस्ने आँगन बनी आँसु पुछिदिने रुमाल थियौ । आफ्नो लागि त सबै बाँच्छन यहाँ, तर तिमी सारा संताप अनि दुःख सहेर पनि अरुका लागि बाँचेकी थियौ ।

तिमी थियौ र पो घर घरजस्तो थियो । तिम्रा दुबै आँखामा मायाको शीतलता थियो । लुकेको दुःख, सुस्केराहरु बुझ्न खोज्ने सङ्लो मन थियो । राप र तापलाई पनि सहेर शीतलता दिने आत्मीय पन थियो । नातागोता इष्टमित्र सबलाई बाँध्थ्यौ बनि घरको मियो । दिशाहीन र रुमल्लीएकाहरुलाई बाटो देखाउँथ्यौ बालि मनको दियो । तिमी थियौ र पो घर घरजस्तो थियो ।

तर तिम्रो रिक्ततामा आज घर घर जस्तो छैन । कार्यालयबाट घर आउँदा उत्कुसकतापूर्वक तिम्रो सानिध्यता खोज्ने तिम्रो जीवनसंगीका ज्वाजल्यमान आँखा आज उदास, सुनसान, निरुद्देश्य, निरुपाय लोलाएका र झुकेका छन् । तिम्रो वियोगमा फाटेको बुहारीको मन तिमीले ढपक्कै ढाकेको घर व्यवहारको गहुँगो भारी बोक्ने चुनौतिलाई स्वीकार्न हिचकिचाएका छन् । तिमीले माया गरेर लुकाई लुकाई मीठा खानेकुरा दिएर लाड प्यारमा रम्न बानी परेकी तिम्री नातिनी माया पगाल्ने तिम्रा वाणीहरुको खोजीमा टोलाएकी छ । स्कुल छुट्टि भएपछि घरमा तिम्रो छत्रछायाँ पाउँदा तिम्रो मायाको सम्पूर्णतामा डुबेर संसारै जितेजस्तो गर्ने ६ वर्षको तिम्रो नाति बादल बन्न सके त तिमीलाई भेट्न सकिन्थ्यो की भनी प्रश्न गर्छ । आँखाका दुई नानी जस्ता नविझाउने तिम्रा दुईवटी छोरी तिम्रो आँचलमा लुट्पुटिने लालसाले विर्सेर तिमीलाई खोज्छन्, तिमीलाई नपाउँदा तिमीले लगाएका वस्त्र सुमसुम्याएर आँखाभरी आँसु पार्दै फर्किन्छन् । छोरीहरुलाई स्नेह बाँडेर तिमीलाई खुसी पारेका, छोरालाई पनि भुलाइदिने तिम्रा दुई ज्वाईहरु तिम्रो सामिप्यताको व्यर्थ खोजीमा तिम्रो कोठा चहार्छन । तिम्रो स्नेहको लेपले मामाघर भनेकै तिमीलाई

बुझ्ने तिम्रा नाति नातिनाहरु पुलपुलिएका आँखाबाट खस्ने उनीहरुका आँसु पुछिदिने तिम्रो पछ्यौरी खोजिरहन्छन् । आज तिम्रो अनुपस्थितिमा चेलिबेटीहरुको बह पोख्ने ठाउँ विरानो भएको छ, भाइ बहिनीहरुको लुट्पुटिने छहारी उजाडिएको छ, आतिथ्य सत्कारले धपक्क बलेको आफन्त र पहुनापाछाको ओत लाग्ने आत्मीय साथ ढलेको छ । आज तिमी नहुँदा सम्बन्धमा प्रीत बनिदिने, हावा भएर मायाको ओड्ने फैलाइदिने र सागर झैं स्नेहको विछ्यौना फिजाइदिने सहृदयी मन गुमेको छ र रानु हराएको मौरीहरुको गोला जस्तो हाम्रो घर छिन्नभिन्न भएको छ ।

त्यसैले त तिम्रो अभावमा जीवन खल्लो र रित्तो लाग्छ । कति माया गर्थ्यौं तिमी मलाई । हुँदा हुँदा तिमीलाई लागेछ, बुवा नहुँदाको एक्लोपन तिम्रो ‘लुइरो’ ले थेग्न सक्तैन । त्यसैले त तिम्रो ढिकुरो बारेर बस्दा पनि बुवालाई कोठाको एक छेउमा साथमै राख्न पाउने सौभाग्य दिएर गयौ, आकाशजस्तो विशाल छाती भएका बुवाको छत्रछायामा मेरो शिरमाथि निरन्तर प्रवाहित असंख्य आशिषका पोका थमाएर गयौ । जब सम्झन थाल्छु तिमीलाई, कलम आफैँ बग्न थाल्छ, शब्दका फोहोरा छुट्न थाल्छन अनि कवि मन बर्षिन थाल्छ ।

क्षणिक रहेछ जीवन हाम्रो, मृत्यु आई अंगाली दिन्छ
टुटीजान्छ भौतिक सामिप्यता, स्मृति केवल बाँचिरहन्छ
अतीत मानसपटलका पानाहरु सरसरती पल्टिन थाल्छन्
मनै त हो, माया ममता विर्सिनै पो कहाँ सकिन्छ
फुट्छ प्रेमको मूल, बग्छन् मनका भावना, शब्दद्वारा भन्न कहाँ सकिन्छ
धेरै यत्न गर्छु आफूलाई सम्हाल्न, मातृवात्सल्य सम्झन्छु, पोखिन कहाँ छोड्छ र
फुट्छ धैर्यको बाँध, प्रस्फुटित हुन्छन् चाहना, छरपस्टिन कहाँ छोड्छ र ।

भो, म धेरै कुरा सम्झन चाहन्न, कारण तिमीलाई सम्झँदै जाँदा भक्कानो फुटेर आउँछ, मनमा कहाली छुट्दै जान्छ, छाती बटारिँदै जान्छ, अनि आफूलाई सम्हाल्न सक्दिन म । आमा शब्द को सम्पूर्णतामा मेरो मनमन्दिरकी देवी हौ तिमी । थाह छैन, पुनर्जन्म हुन्छ कि हुँदैन । यदि हुन्छ र म भाग्यमानी रहेछु भने जन्मौँजन्म तिमीलाई आमाको रुपमा पाउने अन्तरमनको चाहना छ । त्यसका लागि वसन्तका सबैभन्दा राम्रा फूलहरू बाटाभरी विच्छ्याउँदै, तिम्रो आगमनको लालसामा व्याकुल नयनहरु खुल्ला राख्दै, तिम्रा मायालु हातका स्पर्शको उत्कट अभिलाषामा श्रद्धापूर्वक उद्दीप्त भावनाहरु तिमीप्रति समर्पण गर्दै, तिम्रो मायाको न्याना स्मरणहरुलाई जीवनभरीको लागि संगाल्दै, माया र स्नेहले द्रवीभूत यिनै भावनाहरुका साथ श्रद्धासुमन अर्पण गर्दछु ।

# आमाहरूको स्मृतिमा केही हरफ

सरिता सिलवाल पाठक

कर्म घरकी मेरी काकी आमा
जन्म घरकी मेरी प्यारी आमा
दुबै थियौँ मेरा जीवनको मार्गदर्शक पनि
संस्कारी बन्न सिकाउथ्यौ कति झन्झट नमानी

कति रमाईला थिए मेरा सारा दिनहरू
कति उज्याला अनि सहज थिए मेरा जीवनहरू
नियती पनि कति बिपरीत भै गएछ
मेरा दुबै खुसीहरू चुँडेर लगी दिएछ

के नै अन्याय गरेको थिएँ र मैले
निर्दयीपूर्वक चुडायौ मेरा खुसी अहिले
जीवनमा कसरी भुल्न सक्छु म
सारा खुसी दिने यी आमाहरू

अरु नै केहीँ सजाय दिएको भए मलाई बरू
थामिन सक्थे यी नयनबाट आँशुहरू
पत्याउनै गाह्रो भैरहेको छ मलाई
स्वर्गवासी भै गएका मेरा आमाहरूलाई

# सम्धिनीसँगको अन्तिम वार्तालाप

सरिता प्रसाईं

वहाँको र मेरो सम्बन्ध भएको १६ वर्ष भएछ । वहाँको व्यक्तित्वलाई हेर्दा हाम्रो हिन्दुधर्म मा वर्णन गरिएको साक्षात महालक्ष्मीको जस्तो थियो । जुरुक्क उठे पछि स्नान गरेर सोह्र श्रृङ्गार नगरी हामीले वहाँलाई देख्न सक्दैन थियौँ । हँसिलो मुहार मिलेका दन्तलहरका मुस्कान सँधै राम्रो पहिरनमा वहाँलाई देख्न सकिन्थ्यो । मानिसको जीवन भन्नु नै दुःख र सुखको सङ्गम हो तर वहाँलाई दुःखले कहिल्यै छोएन । जीवन जिउने कला उहाँमा थियो । आफूलाई अरुले सहयोग गरुन नगरुन तर वहाँको अरुप्रति सहयोगी भावना थियो । मर्दा पर्दा असक्त बिरामी, सुत्केरी जोसुकै हुन् आफ्नै परिवार सम्झी भोक तिर्खामा सक्दो सहयोग गर्नुहुन्थ्यो । आज रमाईलो गरौँ मरिलानु के छ भन्दै कहिलेकाही हामीहरूसँगै बसि रमाइलो पनि गर्दथियौं । पिकनिक जान्थ्यौँ । रमाइला ठाउँहरू पनि घुम्न जान्थ्यौँ । वहाँलाई देश विदेश घुम्न पनि सारै मनपर्थ्यो । हाम्रो परिवारबीच जहाँसुकै भएको जमघटमा खानेकुराहरू उहाँले नपस्किकन सबैको पेट भरिँदैन थियो ।

अचानक वहाँ बिरामी हुनुभयो । मेरो घर सर्ने धमाधम थियो । वहाँलाई हस्पिटल लगियो रे भोलिपल्ट मैले वहाँलाई फोन गरे कस्तो छ हजुरलाई ? कस्तो हुन्थ्यो र हजुर मलाई गाह्रो छ । म त फर्किन्न क्यारे मैले वहाँलाई ठीक हुन्छ हजुर, आत्तिनु हुँदैन मनोबल बढाउनु पर्छ भन्ने सल्लाह दिए । त्यस पछि २४ सै घण्टा वहाँको स्वास्थ्यमा कहिले सुधार आउला भनि सँधै सबैजना चिन्तामा रह्यौँ । डाक्टरी उपचार मात्र हैन, ग्रहदशा शान्ति देवी देवता भाकल केही बाँकी राखिएन तर सर्वशक्तिमान कालले हाम्रो विन्ति अनुनय विनयलाई सुनेन । हाम्रो बगैँचाबाट त्यो फूल चुंढिलग्यो । हामी सबैलाई टुहुरो बनायो । अब सबै सम्झना मात्र रह्यो । सहन साह्रै गाह्रो छ तर पनि हामी सबैले वहाँको आत्मा परमात्मालीन होस वहाँको आत्माले चीर शान्ति पाओस श्रद्धासुमन वहाँलाई यही पुष्पाञ्जलि अर्पण गर्दछु ।

# सम्झनामा प्यारी भाउजू

टङ्कप्रसाद पाठक

मलाई अस्ति जस्तो लाग्छ, भाउजूसँग रमाएका दिनहरू अब केही दिनपछि उहाँको वार्षिक स्मृति दिवस मनाउने बेला भइसकेछ । समय कति छिटो वित्दो रहेछ । मेरी प्यारी भाउजूसँग धेरै समयसम्म माया पाउने आशामा थिंए । तर दैवको विडम्वना । मेरा ती भाउजूसँग धेरै समय बिताउने रहर र इच्छाहरू सपनी जस्ता भए । भाउजूको त्यो हसिलो मुहार र टङ्क बाबु भनी बोलाएको उहाँको आवाज हिजो जस्तो लाग्छ । भाउजू चप्रामारीमा आउँदा हामी सबै खुसी हुन्थ्यौ । घरनै उज्यालो भए जस्तो लाग्थ्यो । मलाई देखेपछि झापामा भाउजूलाई आत्मा विश्वास बढथ्यो । छोरा छोरीलाई जस्तो आफ्नो सबै कुरा सुनाउनुहुन्थ्यो । छोरा छोरीलाई झापामा रहदा बस्दा केही समस्या परे टङ्क वाबु भइहाल्नु हुन्छ नी भन्ने गर्नुहुथ्यो । मनकी र रुपकी उज्याली भाउजू म काठमाण्डौ जानसाथ भाउजूले टङ्क बावुलाई मनपर्छ भनि विभिन्न परिकार बनाउनु हुन्थ्यो । झापामा आउँदा पनि सुरुङ्गाका घरमा पुगेपछि केही नखाई हिडन दिनुहुन्नथ्यो । मेरो आट र भरोसामा उहाँ सधै विश्वास गर्नुहुन्थ्यो र मलाई हौसाला दिनुहुन्थ्यो । म उहाँका छोराछोरी समान भएकाले पनि होला अरुलाई भन्दा मलाई बढी विश्वास र माया गर्नुहुन्थ्यो । झापा बस्ने उहाँको रहरले एउटा सानो घर समेत बनाएकोमा हामी सबै खुसी थियौ । अव वरावर भेट भइरहन्छ भन्ने आशा र भरोसा थियो । यति छिटो भाउजू हामीबाट विदा हुनुहुन्छ भनेर सोच्न त के कल्पना पनि गरेको थिएनौ । दैवको लीला कस्ले पो रोक्न सक्ने रहेछ र ? लामो समयसम्म भाउजूको न्यानो माया र प्रेरणा पाउने इच्छा अधुरो रह्यो । काठमाण्डौँमा मेरो जग्गा किन्दा अव टङ्क बावुको पनि घर हुनेभो भनेर निकै रमाउनु भएको थियो । तर ... भाउजूसँगको अन्तिम वार्तालाप २०७७ चैत्र २६ गते उहाँ काठमाण्डौँ जान भद्रपुर एयरपोर्टमा छोडन जादा भएको थियो । बाटोमा जाँदा आफ्ना बहिनीहरूलाई केही खर्च दिनुपर्ला भन्दै हुनुहुन्थ्यो । सायद त्यो इच्छा

अधुरै रह्यो की ? आफूले एयरपोर्ट पु¥याई काठमाण्डौ आएको केही दिनपछि विरामी भएको खवर थाहा पाइयो । ह्याम्स अस्पतालमा उपचार भएको कुराले निको हुनेमा हामी सबै ढुक्क थियौँ ।  तरकेही दिन पश्चात् स्वास्थ्यमा झन समस्या देखिएको खवरले हामी चिन्तित भयौँ । स्वास्थ्यमा सुधार हुनुको साटो झन विग्रदै गएको खवरले काठमाण्डौँ जान आतुर थिएं । तर कोरोनाका कारण काठमाण्डौँ जान त्यति सहज थिएन । तर भाउजूको माया प्रेम र सदभावले होला, काठमाण्डौ जान गाडीको पास पाउनासाथ तुरुन्त चन्द्र दाइ, कुमार दाइ, भाइ प्रकाश र बैनी मीना काठमाण्डौँ गई अस्पतालमा भाउजूलाई हेर्न पाइयो । तर दैवको खटन हामी पुगेको भोलिपल्ट नै भाउजू परमधाम जानुभयो । उहाँलाई पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जलि गर्ने अवसरसम्म पाइयो । देवर भाउजूका अन्तिम माया र प्रेमले सायद यो अवसर जुटेको जस्तो अनुभुति भयो । भाउजू तपाई हामी माँझ नभए पनि परमधामबाटै हामीलाई अशिष दिँदै हुनुहुन्छ होला । भाउजू तपाई साक्षात्कार हुँदाको मप्रतिको स्नेह माया र आशीर्वादलाई म निरन्तर स्मरण र पालना गर्दछु । तपाईको बैकुण्ठ बासहोस् । अलविदा !

# ममता र प्रेरणाको सागर
# आमा

ईरिना प्रसाई

कुन शब्दले बयान गरुँ हजुरको रिक्तता हजुरलाई नसम्झेको कुनै पल छैन। एक्लै बस्दा हजुरको यादले मन व्याकुल र अशान्त हुन्छ। कसैले हजुरको बारेमा कुरा गर्दा मनमा सुइरो रोपे जस्तो चस्स चस्स हुन्छ। जिन्दगी चलायमान छ। यो चलिरहन्छ निरन्तर तर सबै खाली र रित्तो छौँ पहिला तपाईं हुँदाको जस्तो छैन। हजुरको काखमा सँधै बालक जस्तो भएर बसियो। अहिले अचानक हुर्किनु परेको छ। हजुर छँदा केही नजान्दा पनि हुन्थ्यो अहिले सबै आफै जान्नु परेको छ। कसलाई सोधुँ ? कसलाई रोज्नु ? कस्लाई मनका कुरा गर्नु ? मेरो रुचि अरुचि अब कसले विचार गर्ला ? हजुरको त्यो स्नेही हेराई न्यानो स्पर्श र अथाह  मातृत्व अब कहाँ पाइएला ? हजुर हाम्रालागि ईश्वरले पठाएको परी हनुहुन्थ्यो। सबैलाई सँधै दया र स्नेह वर्षाउने। जो जस्तोसुकै अवस्थामा पनि प्रेम र खुसी बाँड्ने। साना कुरामा पनि खुसी हुने र जस्तोसुकै अवस्थामा पनि धैर्यता र आत्मविश्वासले सामना गर्न सिकाउने प्रेरणाको खानी हुनुहुन्थ्यो। जीवनका हरेक उतारचढाव पार गरी सन्तानमा अपार ममता प्रदान गर्ने हजुरको त्यो स्वभाव हामीलाई भुल्न कठीन भइरहेको छ। हजुरको त्यो सुन्दर मुस्कुराईरहने मुहार त्यो आनन्दमयी मायालु छवी त्यो हृदय जसमा सबैलाई अथाह र निस्वार्थ प्रेमको अदभुत गुण थियो। अरुको मद्दतमा सदा तत्पर रहने तपाईंको त्यो गुण अब हामीलाई सम्झनाको क्षणमात्र बनेको छ। हजुरको चुरा बजेको आवाज, हिँडेका आवाज बिहान पूजा कोठाको घन्टीको तालमा हजुरले आरती गर्दाको आवाज दिनदिनै मानस्पटलमा आइरहन्छन्। अहिले हामीलाई सन्नाटा छाएको छ। के गर्ने के नगर्ने अलमलमा

परेका छौँ । गतिहीन जस्तै भएका छौँ । एकअर्काको अनुहार नियालेर एकअर्काका लागि सम्हालिदै गरेको पनि एक वर्ष बित्न लाग्यो । मम्मीको त्यो न्यानो ममतामा पुलपुलिएका हामी गुँडबाट झरेका उड्न कोसिस गरेका चराका बचेरा जस्ता भएका छौँ । जन्मेपछि एकचोटी संसार छोड्नु नै पर्ने यो साश्वत सत्य रहेछ । हामीले पनि स्वीकार्नु पर्छ । हजुरको छाहारी हाम्रो लागि यतिनै रहेछ । परमात्मामा लीन हुनुभयो । ईश्वरको काखबाट हामीलाई हेर्दै हुनुहुन्छ होला ।

आबु भन्छ मलाई "मामु जब हावा आएर मलाई छुन्छ आमाले छोएको जस्तै हुन्छ" । बालक पनि त ईश्वरको स्वरुप नै त हो । मम्मी गए पनि मम्मीको आभाषहरू हरक्षण हाम्रै वरिपरि महसुस हुन्छ । एउटी पत्नी, बुहारी, आमा हजुरआमा यी सबै भूमिका हजुरले जसरी त्याग तपस्या र जिम्मवेवारीकासाथ स्नेहपूर्वक निभाउनु भयो, त्यो सँधै हाम्रा लागि प्रेरणाको स्रोत हुने छ । हजुरले चालेका पाईलाहरू र हजुरबाट स्थापित परम्पराहरूलाई म हरसम्भव आत्मसात गरी अघी बढाउने प्रयत्न गर्ने छु । यति कर्तव्यनिष्ठ आत्माविश्वासले भरिएको आत्मसमर्पण त्यागि दयालु नीडर साहसी मायाको सागर न्याय र सत्यका लागि खडा रहने, सन्तानका लागि आफ्ना सबै कस्ट भुलेर मरिहत्ते गर्ने संसारमा कोही विरलै होलान् । यस्ती दिव्य हाम्री ममतालाई ईश्वरलाई पनि खाँचो भएछ होला । चाँडै हामीबाट चुँडेर लगे । चट्याङ परे जस्तो अचानक छल गरेर लगे । हुन त यस्ती दिव्य आत्मालाई यसरी कष्ट नदिउँ जस्तो पनि लाग्यो होला ।

मम्मीलाई ईश्वरको काखमा कहीँ कतै दुख्दैन अब । अनिदा आँखामा आनन्द भरिएको छ होला । स्वर्गमा बसेर हामीलाई आशिष दिँदै हुनुहुन्छ होला । हामी पिरोलिँदा पीर हुन्छ होला हामी हाँसेका बेला सँगै हाँस्दै हुनुहुन्छ होला । यस्तै संसार सम्हालिदै जिन्दगीको यात्रा जारि छ । यो मुटुभरी हजुरको माया सदा रहिरहनेछ ।

हजुरको मीठा यादहरू सङ्गालेर हजुरले चालेका पाइलालाई पछ्याउँदै र सिकाएका सीपहरूलाई समेटेर जानेछौँ । हजुरलाई अथाह मायाले श्रद्धासुमन ममी, हजुरलाई धेरै माया र सम्झना ।

# भाउजूसँगका स्मृतिका क्षणहरू

मीना पाठक सिटौला

२०६३ सालमा प्रणामी मा.वि. बाट S.L.C. पास गरेपछि उच्च शिक्षा कहाँ पढ्ने भन्ने विषय छलफल हुँदा दाजुभाउजूले काठमाण्डौँ आउ अनि पढ भने पश्चात काठमाण्डौँ गएर पढ्ने कुरा पक्का भयो । उच्च शिक्षा अध्ययन गर्न म काठमाण्डौ वि.सं. २०६३ साल भदौ २२ गते झापाबाट काठमाण्डौँ प्रस्थान गरेँ । पहाडको भिर पाखासँगै मित लगाउँदै हुर्केकी म काठमाण्डौँको भीडभाड शहरिया जीवनशैलीले निकै समय आनन्दित बनायो । आमा बुवाको काखमा रहेर नै एस.एल.सी सम्म उतीर्ण गरेकी म पहिलो पटक आमा बुवाको साथ छोडेर दाजुभाउजूसँग काठमाण्डौ आएकी थिए । मनमा लाग्थ्यो काठमाण्डौमा बसेका मानिस गाउँघरका जस्ता मनकारी हुँदैनन तर जब मैले भाउजू नारायणीको बोलीबचन, व्यवहार आफैले चिन्न पाए १० वर्षसम्म मैले आमाको माया विर्सिएको पत्तै पाइन ।

म पशुपति बहुमखी क्याम्पस चावहिलमा मानविकी तथा सामाजिक संकायमा कक्षा ११ मा भर्ना भई अध्ययन प्रारम्भ गरेँ । कलेज बिहानी सत्रको थियो । विशाल नगरबाट कलेजको दुरी करिव २ कि.मी जति थियो । बिहान कलेज जानु भन्दा अगाडि नै भाउजूले चिया र बिस्कुट तयार गरी दिनुहुन्थ्यो । कलेजबाट फर्कदा कहिले अबेर हुन्थ्यो तर प्रत्येक दिन भाउजूले आफू नखाइकन मलाई कुरेर बस्नु भएको हुन्थ्यो । दाजुको परिवारमा सबै माछामासु सेवन गर्ने हुनुहुन्थ्यो तर म शाकाहारी थिए । भाउजूले मीनाले माछामासु खान्नन् भनेर प्रत्येक दिन १ गिलास दूध छुट्टै राखी दिनुहुन्थ्यो ।

मलाई मन पर्ने खानेकुरा केही चिज मिठाई लुकाइलुकाइ दिनुहुन्थ्यो । मलाई पहाड छोडेर आएको केही आभाष नै भएको थिएन । कलेजबाट फर्किएर आए पछि साथी जस्तै कलेजका विषयमा जिज्ञासा राख्नुहुन्थ्यो । तरकारी किन्न जादा, मन्दिर जाँदा, सपिङ गर्न जाँदा सधै मलाई लिएर जानुहुन्थ्यो । उहाँको निस्वार्थ भावनाले मलाई एक असल आमा पाए जस्तो लाग्थ्यो ।

मेरो हरेक जन्मदिनमा शुभकामना दिनुका साथै, सरप्राइज उपहार दिनुहुन्थ्यो । उहाँले दिएका ती चिजहरू आजसम्म पनि मसँग सुरक्षित छन् ।

दाजुभाउजूका तीन जना सन्तानहरू उमेरले जेठा भएपनि सम्बन्धले मलाई फुपू भन्नु पर्थ्यो तर उहाँहरूले मलाई बहिनी भनेर बोलाउँछौँ भन्नु हुन्थ्यो साह्रै खुसी लाग्थ्यो । आजसम्म पनि मलाई बहिनी नै भनेर सम्बोधन गर्नु हुन्छ ।

भाउजू परिवारको रमाइलो पात्र पनि हुनुहुन्थ्यो । विभिन्न अवसरमा रमाईलो गर्न, चाड पर्वमा खानाका परिकार बनाउँन, नाच्न, नचाउन, आफन्तलाई खानाका भेराइटी बनाएर स्वागत गर्न अत्यन्त मन पराउनुहुन्थ्यो । समय परिस्थितिले मेरो विवाहको कुरा निश्चित हुँदा भाउजू नै सबै भन्दा खुसी हुनुभयो । यी लाटीको विहे खान पाइने भयो भनेर जिस्काउनु हुन्थ्यो । मेरो विवाहमा सपरिवार झापा आउनुभयो । विवाहमा दुःखी हुन्छु की भनेर तिमी त भाग्यमानी सधै काठमाण्डौँ बाट झापा आउँदा तिम्रै आगँनबाट चप्रामारी जान पाइने भो भन्नुहुन्थ्यो ।

दाजुको सरकारी सेवाबाट अवकाश भए पछि सुरुङ्गामा घर बनाउने र आधा समय झापामा र आधा समय काठमाण्डौँमा बिताउने इच्छा उहाँमा थियो । त्यसैले सुरुङ्गा इलुवाबारीमा जग्गा किनेर एउटा सुन्दर घर निर्माण गर्नुभयो । जब दशै आउन लाग्थ्यो, तिहार आउन लाग्थ्यो वा यस्तै चाडपर्व आउन आग्थ्यो दाजु, भाउजू लगायत स–परिवार झापा आउने खवर सुन्थे मेरो खुसीले भुइमा खुट्टा हुदैनथ्यो । झापा आएर बाँकी जीवन बस्ने उहाँको तीब्र इच्छा थियो जुन अपुरो नै रह्यो । झापा आएपश्चात् हामी पनि इलुवावारी गएर रमाइलो गर्थ्यौं । आमासँग भेट भएको अनुभुति हुन्थ्यो । बुवा बिष्णुप्र. पाठकको स्वर्गरारेहण भएको १३ दिनको पुण्यकार्य सकाएर हामी सबैलाई सन्त्वना दिएर मलम पट्टि लगाएर काठमाण्डौँ प्रस्थान गर्नुभएको थियो । काठमाण्डौँ गएको केही समय पछि भाउजूलाई कोभिड भएको खबर आयो । उहाँलाई लगत्तै थप समस्या हुन नदिन ह्याम्स अस्पतालमा भर्ना गरेको खबर आयो । शुरुमा उहाँको अवस्था सामान्य रहेको खबर सुन्न पाइयो । भगवानसँग बारम्बार प्राथना गर्ने गर्थे भाउजूलाई केही नहोस् । डाक्टरहरूले भरपूर्ण प्रयास गरिरहेको थिए तर दिनप्रतिदिन उहाँको स्वास्थ्यमा समस्या थपिदै गयो । भाउजूको त्यो अवस्थाको जानकारी पाएपछि कहिलैँ जाउ कहिले भेटुँ भइ नै रहेको थियो । काठमाण्डौ फोन गर्न मन लाग्दैनथ्यो । मन बोझिलो भइरहन्थ्यो । त्यो सुन्दर परिवारको झल्को मानस पटलमा आइरहन्थ्यो । मनको बोझ बिसाउने ठाउँ नै थिएन । मोबाइलमा कहि कतैबाट फोन आयो भने मन डराउथ्यो कही

कतैबाट नराम्रो पो समचार आयो कि ? उता भाउजूको स्वास्थ्यस्थिति स्थीर नै रहेको समचार आइ नै रहन्थ्यो । अचानक टङ्क दाइले गाडी लिएर काठमाण्डौ जाने कुरा मैले सुनेँ । म जसरी नै भए पनि काठमाण्डौ जान्छु भनि अडान लिएँ । सुरुमा त मलाइ जान दिनुभएको थिएन तर बारम्बारको जिद्धीपनले गर्दा मलाई लिएर जानुभयो । काठमाण्डौ पुगेको भोलिपल्ट बिहान हस्पिटल गयौँ दाजुले मलाई भित्र गएर भेटेर आउ भन्नुभयो । मनलाई दह्रो बनाएर भित्र गएँ । भाउजू सुषुप्त अवस्थामा हुनुहुँदो रहेछ । हात, जीउ, अनुहार सबै सुम्सुम्याए ।

म मा थोरै आशा पलाएर आए । सायद म नन्द झापाबाट आएको थाहा पाएर हो की कुन्नी उहाँले त्यस्तो प्रतिक्रिया दिनु भएको ? शरीर नर्मल तातो थियो । भेन्टिलेटरमा अक्सिजन चलिरहेको थियो । नर्ससँग केही बेर भाउजुको स्वास्थ्यको विषयमा जिज्ञासा राखेँ । केही आशाका केही निराशाका प्रतिक्रिया सुनाइन् । भगवानसँग प्रार्थना गर्न बाहेक मसँग अर्को कुनै विकल्प थिएन । त्यो भेट नै अन्तिम भेट रहेछ । भोलिपल्ट विहान उहाँले यस लोकलाई सदा सदाका लागि छोडेर परमधामगमन हुनुभयो । आज उहाँकै स्मृतिमा एउटा लेख लेख्न खोजे पनि मन अमिलो भएर आँखाबाट आँसु बगिरहन्छ तर पनि उहाँसँग बिताएका ती पलहरू जीवन भरी रही रहनेछन् । अन्त्यमा मैले एक आमा सामान भाउजूलाई अल्पायुमा नै गुमाए । भाउजूको स्थूल शरीर नाश भएर गए पनि उहाँले देखाएको सत कर्म परिवारको एक मार्गदर्शन बनिरहेको छ । उहाँको आत्माले सदासदा बैकुण्ठको शान्तिवाटिकामा आनन्दका साथ रहन सकोस् । हार्दिक श्रदाञ्जलि भाउजू ।

# दिदीको सम्झनामा चिठी

सीता ओली चिमरिया

आदरणीय स्वर्गीय दिदी नारायणी पाठकमा म हजुरकी कान्छी बहिनी सीता ओली चिमरियाको तर्फबाट कोटीकोटी नमस्कार ।

दिदी, हजुरको सम्झनामा पुस्तक प्रकाशन हुन लागेको खवर सुनेपछि हजुरको यादमा दुई–चार शब्द कोर्न मन लाग्यो । आज हजुरले हामीलाई छोडेर गएको पनि ११ महिना पूरा भईसके छ । मेरा मनमा लागेका केही शब्दहरु यस कापीका पानमा व्यक्तगर्न लागिरहेको छु । मेरी दिदीहजुर यस संसारमा नरहेको खबर सुन्दा यो संसारै स्तब्ध भएको आभाष भयो । हातखुट्टा सबै फत्रक्क भएर थरथर काम्न थाले । आँखाबाट अविरल आँसुका बर्षा भए । अव सबै सकियो भने जस्तो महसुस भयो । न त भोक नै छ, न त प्यास नै छ, न कतै शरीरमा उर्जा छ, दिमाख शून्य भएर आयो ।

एकाएक भिनाजु र छोराछोरीको मुहार याद आयो । निष्ठुरी दैव कति निर्दयी हो, अब त्यो परिवारको के होला? हाम्रो के होला? कसरी बाँच्ने होला? हाम्रो छहारी नै उजाडिए जस्तो शरीर शिथिलभएर आयो । आज पनि जिन्दगीको हरेक सुख–दुखमा तपाई कै याद आउँछ । केही कुरा राम्रो हुँदा पनि दिदी हुँदा आज कति खुसी हुनुहुन्थ्यो होला जस्तो लाग्छ । आँसु आउँछन्, सोच्दा सोच्दै भावविहल हुन्छु, फेरि मन बुझाउँछु मेरी प्यारी दिदीलाई देख्न नपाए पनि दिदी हामीसँगै हुनुहुन्छ जस्तो लाग्छ । हामीले दिदीमात्र होइन आमा नै गुमायौं जस्तो लाग्छ । दशैँ, तिहार, विहे, पार्टी तथा कुनै पनि सामान्य भेटघाट आदिमा पनि मेरी दिदी माहुरीको रानो जस्तै हुनुहुन्थ्यो । दिदीले बोलेका हरेक शब्दहरु मुटुभित्र गाडिएका छन् आँखामा सजिएका छन् । सपनीमा केही क्षण भेट हुन्छ तर फेरि विपनीमा शून्य हुन्छ । बूढी आमालाई सम्झन्छु, अनि आमाको बिलापको याद आउँछ । यति धेरै आमाको मायागर्ने मान्छेले पनि आमालाई नै रुवाएर जानुहुन्छ भन्दै आफै रुन थाल्छु । तर के गर्नु र मृत्युलाई जित्न सक्ने मानिस त यो संसारमै जन्मेको छैन । शायद उसलाई पनि राम्रो आत्माको खाँचो छ होला, त्यसैले मेरी दिदी जस्तो निर्मल आत्मालाई ईश्वरले बैकुण्ठ लिएर गयो । स्वर्गमा बास होस दिदी हामी सबैलाई टाढैबाट हेरेर आशीर्बाद दिनु है । हजुर हामीबाट कहिल्यै टाढा हुनुहुने छैन दिदी । संधैभरी हजुरलाई पलपल मुटुमा सजाएर राख्ने छौं । हजुरको मीठो हाँसो र शान्त मुहारलाई आफ्नो जीवनको प्रेरणा सम्झने छौं ।

अलविदा दिदी ! हजुरको स्वर्गमा बास होस ।

तपाईकी प्यारी बहिनी

# स्मृतिमा आमा

रेनुका पाठक

आमालाई खै कुन शब्दमा बयान गरुँ ? छहारी विना घर नभए झै आमा विनाको घर शून्य हुने रहेछ । मेरा दुई जना आमाहरूमध्ये पहिलो जन्मदिने दोस्रो हजुर कर्म दिने । जन्म दिने आमा सँगभन्दा धेरै समय हजुरसँग बिताउने सौभाग्य पाए । मैले सोचेको पनि थिइन कि यसरी हजुरलाई शब्दमा पोख्नुपर्ने दिन यति छिट्टै आउने छ भनेर साँच्चिकै भविष्य हामीले सोचेको कल्पेको भन्दा धेरै भिन्न हुने रहेछ । हजुर विना घरमा सबैजना मरुभूमिमा हराएको मान्छेले पानि देख्न पाए पनि हुन्थ्यो भनी लालयित भएको जस्तो देख्छु । एकले अर्कालाई समाल्न गाह्रो हुन्छ भनेर आँसुहरू वन्द कोठाभित्र वा हृदयभित्रै पोखिएर सकिएका छन् । आमाको ठाउँ कदाचित संसारमा अरु कसैले लिन सक्थ्यो । ६/७ वर्षको अन्तरालमा कति उत्तरचढाव पनि आए होला तर पनि हजुरले मलाई छोरीलाई भन्दा कम व्यवहार कहिल्यै गर्नुभएन । मलाई के आवश्कता छ ? आँफै बुझेर ल्याइदिनु हुन्थ्यो । के खान मन छ ? के लाउन मन छ ? सन्चो छ ? छैन ? केही खान दिए नखादा चुप लागेर खा आमाले दिएको भन्नुहुन्थ्यो । हजुरले बोल्नुभएको प्रत्येक शब्दहरू सम्झिए मन भक्कानिन्छ । समुन्द्रको छाल झैँ आँसुको छालहरू बग्न थाल्दछ । हजुरलाई जति शरीर दुखे पनि रातभरी छटपटिएर ननिदाए पनि बिहानै उठेर नुहाई कपाल कोरी चिटिक्क भएर पूजा गरेर मात्र बाहिर निस्किने हजुरलाई त्यो पूजा कोठाले यदि शब्दमा व्यक्त गर्न सक्ने भए भन्थ्यो होला । तिमी कहाँ हराएकी भनेर ? घरका प्रत्येक कोठा... भऱ्याङ, गमलालाले पनि हजुरको आवाजलाई, हजुरको स्पर्शलाई कति सम्झिरहेका छन् । हजुरलाई फूलवारी कति मन पर्ने, कौसी भरी ढकमक्क फूलहरू फूलेका छन् तर हजुर घरको मुख्य फूल नै ओइलाएर झरेकाले होला ती फूलहरू हेर्न रमाउन कसैलाई मन छैन । घर भित्र वाहिर पाइला पाइलामा हजुरको अभावको आभाष हुन्छ । बुवालाई देख्नसाथ मन भक्कानिन्छ केवल आँसु झार्न सकिदैन । दादा भाउजू आरुषी आह्वान दिदी भिनाजु सबैको अनुहारमा

उदासिनता छाएको छ । बच्चाहरूप्रति हजुरको जस्तो लगाव कसको हुन्छ र ? भाइबहिनीहरूले देखाउन जान्दैनन तर हजुरको कमी उनीहरूमा प्रष्ट देख्न सकिन्छ । राम्रो मान्छेलाई नै भगवानले छिटो लैजान्छ होला.. हजुरसँग अन्तिम पटक भेटेर अँगालोमा बाधिँ दिएर धीत मर्ने गरी रुन मन थियो । तर यी सपना सपनामै सीमित । भयो अरुले त केही न केही मन वहलाउन सक्नुहुन्छ जस्तो लाग्छ तर जब बुवालाई हेर्छु पीडा हुन्छ । हजुर अरुका दुखः सुख कति छिटो बुझ्नुहुन्थ्यो मेरो बिराम बुझी भुला, चरीअमिलो खोजीखोजी ल्याइदिनु हुन्थ्यो । वदाम, खीर, सेलरोटी खान मन गरीसक्दा अघि किनेर वा पकाएर ओछ्यानमै ल्याइदिनु हुन्थ्यो । अब कसले गर्छ होला त्यस्तो ? अब खाइस खाइनस भनेर कसले सोध्छ होला ? कसले याद गर्दिन्छ होला ? दिनभरी सँगै बस्ने, रमाइलो गर्ने, गफ गर्ने भजन लेख्ने, गाउने, सुन्ने गर्नुहुन्थ्यो अहिले घरमा चकमन्न छाएको छ । त्यस्तो शरीरमा पीडा हुँदा पनि दिउँसो सधै सबैलाई चिया, खाजा फलफुल तयार गरी ओछ्यानमै पुऱ्याउने हजुर कहिल्यै आफ्नो कर्तव्यबाट पछि पर्नु भएन । अरुको खुसीमै आफ्नो खुसी खोज्ने हजुरको प्रशंसा अवर्णनीय छ । परीक्षा आउदा पनि जा एकछिन भए पनि पढ म खाना बनाउछु भन्दै पढ्न पठाउनुहुन्थ्यो । हजुर अब हामी समक्ष हुनुहुन्न यो कुरा स्वीकार गर्न सकिरहेको छैन । छोराछोरी, नातिनातिनीको निमित्त जे गरे पनि कहिले पछि हट्नुहुन्नथ्यो । फुर्के स्वाभावकी हजुरलाई अझै पनि खाना खाने समयमा भान्सामा बोलाउनुहुन्छ कि जस्तो लाग्छ । २०७७/१२/३१ गते घर आएको थिएँ त्यो दिन हजुरसँगको मेरो अन्तिम भेट रहेछ । वैशाख ६/७ गते फोनमा बोल्दा पनि गाली गर्दै हुनुहुन्थ्यो । अलि खाने गर केही खाना नखाएरै सकिने भई भनेर हजुरको त्यही शब्द अन्तिम शब्द भयो । ममी मेरो निमित्त हजुरलाई अब छुन, देख्न पाइँदैन भगवानको घरमा विलिन हुनुभयो । हजुर वैकुण्ठवास जानुभयो । त्यो जेठ १२ गते हाम्रो लागि कालो दिन हुन पुग्यो हजुरलाई दैवले हामी समक्षबाट सदेवको लागि खोसेर लगे... घरमा ठुलो चट्याङ पऱ्यो । घरको उज्यालो थियो । जो सदैवको लागि निभ्यो ... हजुर हर कोहीको लागि मायाको सागर उदाहरणीय प्रेरणाको स्रोत हुनुहुन्छ ... हजुर जहाँ कही हुनुहुन्छ खुसी हुनुहुन्छ होला अव हजुरलाई शरीर दुखेर पीडा अवश्य हुँदैन ... सबै पीडाबाट सदाका लागि मुक्त हुनुभयो तर हामीले एउटा छहारी आमा हजुरलाई गुमाएका छौँ । ....... हजुर सदैव स्मरणीय हुनुहुन्छ .. अब त ममी हजुर माया र मीठो सम्झाना मात्र......

# स्मृतिमा सम्धिनी

शुभद्रा बस्याल

नन्दनवन घुम्दै जाउ
बसाउ है ! त्यतै रस
पवित्र तिमी छौ आफै
अझै बल थप्ने गर

सपनीमा सादृष बन्दै
हामीसँग भेट गर
दर्शन गरेर कृतार्थ
हुने छौ हामी निश्चित्

रोगव्याद्यी अनेकौ छन्
शान्त छैन यो मन
हरहर उड्न मन लाग्छ
कावा खाँदै नीलो नम

तिम्रो धाम कस्तो होला
दर्शन् नै छ असंभव
कृपा भए त इश्वरको
बिस्तारै आउँछौ पख

चन्द्रमाको सरि उज्वल
तिम्रो रुप अकाट्य छ
कुँदिएको छ यो छातीमा
निर्मल तिम्रो त्यो माया

शुभ अङ्क कमल फूलझैँ
सुमांगीनै थियौ तिमी
विधिलाई प्रिय भैछौ
वित्दैनन दिन रात पनि

तिमीले हाँसिदिए मात्रै
दुनियाँ हुन्थ्यो झलमल
सम्झनाले नै मार्ने भो
कस्टकर भो पलपल

के हाम्रा दर्द बुझ्छ्यौ र ?
बुझ्ने भए आइ भन !
शीतलजल छर्किदेउ
उदीप्त छ यो तन मन

कसरी घस्रिने हो खै !
व्यवहार के गर्नु छ
मनको पाउ सिद्धेसी
के हातपाउ यी चल्दछ ?

सकियो जीवन मिति
वाँकि छ मात्र छमछम
विस्तारै हामी आउँ छौ
नारायणी पखहै पख !

सहारा थियौ तिमी मूर्त यो जिन्दगीको
छोराछोरी नातीनातिना अनि हामी सबको
सहेन विधिले यो मिलनको रोगलाई
भताभुङ्ग पाऱ्यो लग्यो बनायो अलविदा ।

# प्रथम जन्मजयन्तिमा तिमीलाईं सम्झदा

२०७८ साउन १

नरेन्द्रप्रसाद पाठक

मृत्यु निश्चय हो सत्य जन्मेपछि मरिन्छ नै
जानेरै पनि त्यो ज्ञान असह्य हुन्छ मन अझै
अशैह्य शोकको पीडा बुवा सुन्य हुँदा भयो
त्यो भन्दा झन अरु पीडा तिमी सुन्य हुदा भयो ।

मुटु दुख्ने गरी पीडा झन झन भित्र छुदै जाने
चसक्क मन यो दुख्दा आँसु झट्ट बगि जाने
हामी सबै भयौ कस्तो अभिभावाक गुमे जस्तो ।
सधै भरि पाइने हर्ष कसरी सून्य भो यस्तो ।

भाग्यनै सकिए जस्तो चित्त बुझ्दैन क्यै गरी
तिम्री स्पर्शको न्यानो पाइदैन केही गरी
पाँच वर्ष देखि माथी पैसठ्ठी वर्ष सम्मका
टुहुरा भै भयौ आज सबै थोक हराएका

चुँडिए दीलका तार बैराग्य बोध झैँ भयो
तिमी नहुँदा आज सारा घर नै सून्य भयो
बत्तीमा झुम्मिए जस्तै झुम्मिने अव हो कहाँ ?
रानी वीनाको मौरी झैँ घर नै सून्य भो यहाँ

योजना जति सारा ती इतिहास भो जब
सामीप्यता अब तिम्रो कल्पना मात्र छ अब
तिम्रा दराजका वस्त्र देख्ता अझै कतै कतै
भक्कानो मनमा फुट्दै सम्झी आउछ्यौ कि कतै

सोधुला बुझुला भन्थे कयौँ जीवनमा कुरा
ती सबै सकिए अब हसिला रसिला कुरा

छोराछोरी बुहारी अनि नातीनातिना
आफन्तहरु सबै अनि सम्धी सम्धीना
तिमीलाई नदेख्दा भित्र भित्रै टोलाउदै
सदैव मेरो मुख हेर्छन् ति सबै एकला बनि

मौनता बीचनै देह प्राण सून्य भएपछि
शोकमा परियो सारा आमा पत्नी गुमेपछि
बाँच्छु बाँच्छु भन्दा भन्दै किन पो जानु पर्ने हो
दैवको लीला हो भनी सम्झेर बस्नु पर्ने भो

रित्तो यो जगतै देख्छु रित्तो देख्छु चराचर
रित्तै रित्तो भयो सारा बाकी छैन कुनै कुरा
भान्सा रित्तो, आगन रित्तो, अनि फूलबारी पनि
वासना अब रित्तीयो कहिल्यै नफुल्ने गरी ।

सोफा रित्तो, मेच रित्तो सबै तिर रित्तैरित्तो
सोच रित्तो भयो आफ्ना प्रगति पनि रित्तियो
सारा जीवनको यात्रा रित्तियो अनि अन्त्य भो ।

# आमा

महेन्द्र चुडाल

केवल तिमि नै हौ एकमात्र
निःस्वार्थ प्रेममा बास गर्ने
मिर्मिरेको उज्यालोसंगै सुनौलो विहानी कोर्ने
क्षमाशील बनी तिमी धैर्य पाठ सिकाउँने ।

केवल तिमि नै हौ एकमात्र
ममताको न्यानो आँचलमा लुकाउँने
शिरमाथी हात राखी कामनाको आशीर्वाद दिने
आफ्नो चिन्ता रत्तिभर पनि नलिइकन
घर आँगन उज्यालो पारिदिने ।

केवल तिमि नै हौ एक मात्र
आँगर्दा अलंकार बुझ्ने
आफ्नो दुख कहिल्यै नदेख्ने
कहिल्यै कुनै फलको आशा नराख्ने
सधैं अरुको सेवामा समर्पित हुने ।

केवल तिमि नै हौ एक मात्र
आफ्ना सुन्दर पलहरुलाई बिर्सिएर
आफ्ना असीम चाहनाहरुलाई बन्धकी राखेर
समयको चक्रसंगै बगेर
स्वर्णिम भविष्यको कल्पनामा रमाउँने ।
केवल तिमि नै हौ एकमात्र
नकुनै स्वाअर्थ छ
नकुनै रीसराग छ
न कुनै बैगुन छ
केवल तिमि नै हौ एक मात्र
आमा तिमी नै हौ एक मात्र ।

# आमाको यादमा

वीना पाठक

आज तिम्रो सम्झनामा यादले धेरै सताउँछ
दिनमा चैन, रातमा निदमलाई कहाँ आउँछ
आँखा बन्द गरिहाले तिम्रै नजिक पुगिहाल्छु
विपनीमा त सकिन आमा तर सपनीमा पाउँछु

तिम्रो कोमल अँगालोमा आफूलाई समेट्दछु
सुम्सुम्याउँदै, मुस्कुराउँदै च्वाप्पच्वाप्प म्वाई खान्छु
लुट्पुटिन्छु काखमा तिम्रो ममताले भरिदिन्छ्यौ
शिरमाथि हात राखि लाटी वुद्धु भनी हाँस्छ्यौ

गफ गर्छु, माया गर्छु गन-गन विपनीमाझैं
मनका व्यथा पीडा पोख्छु आमा तिम्रा समिप भै
विचलित मेरो मनलाई कति तिम्ले सम्झाउँछ्यौ
छटपटाएको मेरो मनलाई स्नेहले भरीदिन्छयौ

घरी घरी टाढा हुनछयौ, घरी घरी नजिक झन्
घरी मुहार धमिलो त्यो, घरी घरी चन्द्रमाझन्
कत्तिपनिदुख छैन, चिन्ता छैन रत्तिभरी
उज्यालो त्यो मुहार कति हेर्छ्यौ मुस्कानले भरी

शान्त सुखी मुहार देख्दा मन हुन्छ मेरो ढुक्क
ममीलाई त सञ्चै रैछ भनी मेरो निद्रा खुल्छ
बिउँझिएर फेरि हेर्दा आमा छैनन् मेरो साथमा
यथार्थलाई बुझ्छु फेरि त्यो त केवल मिथ्या सपना

त्यो त केवलमिथ्या सपना

# आमा तिमीलाई म भुलु कसरी

रीना पाठक

आमा तिम्रो अभावमा जीवन बिताउँ खोइ कसरी
आमा तिम्रो सम्झनाले सताउँछ, भुलु म कसरी ?
निश्चल प्रेम तिम्रो, थियो कोमल ह्दय सरी
न्यानोपन त्यो, वात्सल्यता भुलुँ म कसरी ?

बुझाउन सक्दिन खै कसो गरी, तन यो बेस्सरी,
बुझाउँन खोज्दा रुन्छ मन आँसुधारा रोकुँ कसरी ?
मायाको खानी तिमी, प्रेरणाको श्रोत, मायालु आमा मेरी
गर्‍यौ दिशानिर्देश पलपल, जिती संसार, हारेउ आज कसरी

छैनौ आज तिमी यस जगतमा, नश्वर शरीर त्यागेउ फेरी,
भन्छन आत्मा अमर छ, सम्झनाहरूका भारी बोकुँ कसरी ?
तिमी वीना यो जगत सून्य छ, सून्य छ मेरो मन पनि
पलपल तिम्रो यादले सताउँछ, काटुँ बाकी जीवन खै कसरी ?

बिपनी बिरानो लाग्छ, तितो, निरस, लाग्छ अँध्यारो जीवनी,
सपनीमा पाउँछु तिमीलाई, मिठा पलहरूलाई रोकुँ कसरी ?
तिम्रो स्पर्स तिम्रो माया र हरेक क्षणहरू भुलुँ कसरी ?
साचेको छु स्मृतिहरू, अनि ती सपनीहरू, ऊर्जा मिल्छ जीउन फेरि,
फेरि पनि तिमी वीनाको यो जीवन जिउनु कसरी ?
तिमीलाई म भुलुँ कसरी ? तिमीलाई म भुलुँ कसरी ?

# रित्तो भयो दिदी अब हाम्रो माईती गाउँ

गौरा ओली

सम्पूर्ण परिवारकी प्रेरणाकी खानी
सबैकी माया अनि ममताकी रानी
माया अनि ममता र प्रेरणाकी खानी
गयौ दिदी कतै एका बिहानी

भयौ मेरी दिदी पलभर मै खरानी
रित्तियो अब हाम्रो प्रेरणाको खानी
सम्झनामा मात्र रह्यौ कहाँ भेटनु मैले
हामी सबैका थियौ उडाई लग्यो केले ?

तिमीलाई सम्झने र भेट्ने मेरो मन
अधुरो र अपुरो रह्यो अब कसलाई भन्ने
केही गर्दा पर्दा सोध्ने मान्छे तिमी
कहिल्यै नमेट्ने हावा सरी भयौ तिमी

दसैँ अनि तिहारमा भेला हुँदा हामी
हासी खेली कुरा गर्दै खुसी दिन्थ्यौ तिमी
सून्य भयौँ अब हाम्रो खुसी दिने ठाउँ
रित्तो भयो अब सँधै हाम्रो माइती गाउँ ।

# दुखेको मन

हर्षित चुडाल

रुवाउँनु भो हसाउँनु भो
हामी सबैलाई तड्पाउँनु भो
हेर्दाहेर्दै आमा
यो संसारबाटै हराउँनु भो

कराउ भो चिच्याउँनु भो
दुख सहेर हामीलाई हुर्काउँनु भो
माया ममताको सागर तपाई
संसारमा हामीलाई बाँच्न सिकाउँनु भो

अन्धकारमा उज्यालो झैँ
दुखमा हामीलाई हसाउँनुहुन्थ्यो
हामी कहिले रिसाउँदा
मुस्कानसहित हामीलाई फकाउँनुहुन्थ्यो

दया माया त्याग सारा
हजुरले मलाई सिकाउँनुहुन्थ्यो
बगैँचाको फूल जस्तै
आफ्नो घरलाई सजाउँनुहुन्थ्यो

यस्तो कमलो मन मैले
देखेको थिएन होला कतै
आकाशमा हेरौ या धर्तीमा
हजुरको मुहार देख्छु सँधै

मुटु बिझ्झाउँछ, आँखा रसाउँछ
मेरो बोलीले तपाईंलाईं सधै बोलाउँछ
तपाईंको यादमा मन सधै कराउँछ
यो यादले मलाई दिनरात सताउँछ

भिजेको अँखा र दुखेको मन
व्यथा र पीडाले थाकेको तन
मनभित्र बसेको त्यो माया सरी
छल्किन्छन् आँखामा आँसु सधैभरी

जानुभयो छोडेर टाढा
फर्केर कहिल्यै नआउँने गरी
तर पनि हजुरको सम्झना
बोकेर हिड्ने छु म मन भरी ।

# Memories of Aama from my Diary

Shuvashree Bashyal

28th May 2021

Today, I am really sad. My Bishalnagar Aama left us to go to the eternal world. I can not believe this news. I can not imagine Bishalnagar home without her. All the source of happiness at my mama ghar has always been due to her. She had always been our sunshine, our caretaker, our moonlight and everything for us. I still believe that she is near us somewhere smiling as ever before… looking at us and offering fruits like every other afternoon. I am very sad. I am really confused. I am very sad for Chupu dada, Swami, Aaru didi and Aabu as well. Chupu dada is very religious and he religiously loved Ama but I think his advanced knowledge about life and death would give him some answers to heal himself. Swami, I think after the incident of Buwa and our favorite dog Kali, might have some insights as well. Aarushi didi is naive and she was very attached to Ama. I am worried about her. I am anxious how someone would explain to Aabu. He does not understand anything yet. How would Pradeep mama and Iru didi ever persuade him? And Buwa- I don't think I can even look at his face at this moment. I can just imagine how sad he is. I can just pray for God to help him and promise him to love as I did to my Ama. It's a really hard situation for all our family members. Moreover,

kids cannot forget a person whom he or she loves so dearly. Dear diary! I am really sad as I could not even touch her or speak to her even once when she was still alive. For me, death is the most scary thing which has always broken my heart into pieces. I blame myself. Probably, I did not pray to God for her life properly. I remember praying to all God on the way to the hospital and back home. But, maybe my prayers were not enough. My Hajurbuwa always used to say that if we pray from the bottom of our heart, God would listen to our prayers. Have I not prayed from the bottom of my heart? I believe I had. I never thought I would not believe God. But my belief towards God is not the same anymore. My Bishalnagar Ama has always been my favorite. We have got her nature which is loving and caring. But we have not acquired her cooking skills. She had cooked Aaluchop for us last time we met. That was the best Aaluchop I had ever eaten. I felt hungry just remembering her but my mind is too sad to eat anything. I am also very confused. My heart believes that she is still alive and would buy some fresh fruits and cut them and divide them for all of us when we go there tomorrow. My heart is pounding so fast and my eyes are going to burst into tears. I don't understand why everyone I love has to leave us forever? Our pet Kali, my Hajurbuwa and now my BishalnagarAma- all have left us. Dear diary! Sometimes you never know the value of a person until it becomes a memory. Ama, you were always my inspiration, pride and most importantly my loving grandma. I will always cherish your love and every moment we spent with you. I love you endlessly and forever.

# Aama, Bless us From Heaven !

Aarushi Pathak

It is true that life is uncertain but hope is always before us. Never thought that I would have to start writing about my feelings for you this way. The shelter of your love, the warmth of your presence and the memories with you keep flashing in my eyes and mind one after another.

When Buwa took you to hospital, I was not there, at least, to wave you my final goodbye. But who knew that a person who had gone to hospital walking would not come back home. I believed in your return but days passed and your condition worsened. But a glimmer of hope had always been there. You were taking your last breaths and I still hoped for your return. The day when I saw you in the hospital bed, tears dropped down my eyes as I realized that the one who was always willing to listen to my every stupid things which I would share and would react to it as if had understood everything and would show equal happiness as mine while listening, is no more in this world. My mind went blank. The only thing I could think of doing at that time was calling your name and hoping for a miracle. But later I realized this is a real world and these kinds of miracles are not possible. The day was rainy and I could see all the sadness and sorrows in the faces of our family members. All of them had swollen eyes. At that time I was imagining all our lives without you. How would our lives be without you around? Though you went without fulfilling one of our promises, at least, your memories are left to always cheer me up and put a smile in my face. I feel so proud to be your first granddaughter.

Aama! although you are not here with us, you will not be forgotten and you will remain in our memories forever. We hope you will always shower your blessings upon us. We all love you and cherish all memories with you. When with me I loved you dearly, when gone I love you still. In my heart you hold a place; no one else can ever fill.

# रानो हराएको मूल घर

सोम प्रकाश प्रसाईँ

आज बिहान झण्डै २ बजेतिर निन्द्रा देवीको काखबाट बिउँझिएँ । निन्द्रालाई पूनः फर्काउन कोसीस गरेँ तर दिमाग मेरी जेठानी दिदी स्व. नारायणी पाठकको दिनचर्या र जीवनको अन्त्यका क्षणहरूको सम्झनामा पुगे ।

२०४९ सालमा विशालनगरको घर निर्माण भए पश्चात् हामी सबैको मूलघर त्यही घर हुन पुगेको थियो । मैले पनि चाबेलमा घर बनाए पनि हामी सबैको मूलघर विशालनगर नै हुन्थ्यो । विशालनगरको मूलघर हुनको मूल कारण पनि स्व. जेठानी दिदी नारायणी ओली पाठकको शीलस्वभाव र प्रेमभाव नै थियो । व्यवसायका क्रममा म बाहिर जाँदा पनि कमलालाई सरसहयोग भरथेग पनि स्व. दिदीले नै गर्नुहुहन्थ्यो । उहाँ विशालनगर घरको रानो नै हुनुहुन्थ्यो । उहाँ घरछिमेक इष्टमित्र ज्वाइँचेला र सम्पूर्ण पाठक परिवार कै रानो हुनुहुन्थ्यो । मेरा छोराछोरीको जन्मको समयदेखि हुर्काउने भूमिका पनि उहाँले नै निर्वाह गर्नुभएको थियो । उहाँको भूमिका अहिले पनि सम्झनाको तरेलीमा आइरहन्छ । विशालनगरमा सबैतिरका पाहुँनाहरू ठोक्किए पनि दर्जाअनुसारको मान मर्यादा सबैलाई प्राप्त हुन्थ्यो । केही कसैलाई अनादर गर्ने कोही कसैसँग झर्को मान्ने स्वभाव दिदीमा कहिल्यै आएन । विशालनगरमा हुने जुनसुकै पर्व पारिवारिक भेटघाटमा हामी कहिल्यै छुट्दैनथियौँ । यस्तो गुणवान, सहनशीलताकी धनी स्व. नारायणी पाठकले कोरोना कहरका कारण हामी सबैबाट विदाहुनु पर्दा हामी सबै मर्माहत भएका छौँ । मेरो परिवारको उन्नति र प्रगतिमा रमाउँने र प्रशंसा गर्ने एकमात्र सहृदयी भाउजू उहाँनै हुनुहुन्थ्यो । आज उहाँ हामीमाझ हुनुहुन्न तर उहाँबाट सिकेका प्रेरणा र सद्भाव हामी सबैका लागि सदा स्मरणीय हुने छन् । बाटाघाटामा हिँड्दा उहाँ जस्ता महिला देख्दा पनि उहाँको झझल्को सदा आइरहन्छ । विधिको विडम्बना जेजस्तो आइ परे पनि सहन गर्नै पर्ने अर्को विकल्प छैन । जेजसरी व्यक्त गरे पनि उहाँ हाम्रो मूल घरको रानो हुनुहुन्थ्यो । उहाँको पछि हामी सबै झुमिन्थ्यौँ । आज त्यो रानो हराएको छ । अब आउँने आशा पनि मरिसकेको छ ।

अन्त्यमा
पूर्णीमाको जुनमा पनि ग्रहण लागेछ
हाम्रो मूल घरको रानोलाई दैवले मागेछ
जति कोसिस गरे पनि रोक्न सकिएन
स्वर्गवासी भाउजूलाई थाम्न सकिएन ।

# ‘नारायणी मेमोरियल फाउण्डेसन’ को विधान, २०७८

## प्रस्तावना

सामाजिक, शैक्षिक, साहित्यिक क्षेत्रको विकास एवम् स्वास्थ्यको क्षेत्रमा सहयोग गरी मानव अधिकार, महिला तथा बाल अधिकारको संरक्षण गर्दै सामुदायिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्न तथा सामाजिक विकासमा सक्दो योगदान पुऱ्याउनु मानव जीवनको कर्तव्य मात्र होइन अभिभारा नै हो भन्ने सामाजिक सन्देश प्रवाह गर्न संस्थागत पहल वाञ्छनीय भएको हुँदा उक्त लक्ष्य र यस विधानमा उल्लेखित उद्देश्य कार्यन्वयनका लागि स्व. नारायणी पाठकको स्मृतिमा नरेन्द्रप्रसाद पाठकको अग्रसरतामा हामी प्रवन्ध समितिका व्यक्तिहरुको प्रयासमा स्व. नारायणी पाठक मेमोरियल फाउण्डेसनको विधान संस्था दर्ता ऐन, २०३४ बमोजिम तर्जुमा गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१) **संस्थाको नाम र प्रारम्भः**

क. संस्थाको नामः यस संस्थाको नाम “नारायणी मेमोरियल फाउण्डेसन” रहनेछ । जसलाई अंग्रेजीमा “Narayani Memorial Foundation” भनिनेछ । छोटकरीमा NAME Foundation भनिनेछ ।

ख. संस्थाको कार्यालय रहने ठेगानाः यस फाउण्डेसनको केन्द्रीय कार्यालय कन्काई न.पा., वडा नं. ४ इलुवाबारीमा रहनेछ ।

आवश्यकता अनुसार सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिई फाउण्डेसनको ठेगाना परिवर्तन गर्न वा काठमाडौँ जिल्लामा शाखा कार्यालय राख्न सकिनेछ ।

ग. प्रारम्भः स्थानीय अधिकारीबाट स्वीकृत भई संस्था दर्ता भएको मितिबाट यो विधान प्रारम्भ हुनेछ ।

घ. फाउण्डेसनको अस्तित्वः यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थावाट आफ्नो उद्देश्य बाहेक आय-आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः**

क. विधान भन्नाले "नारायणी पाठक मेमोरियल फाउण्डेसन" को विधान, २०७८ लाई संम्भन्नुपर्दछ ।

ख. फाउण्डेसन भन्नाले "नारायणी पाठक मेमोरियल फाउण्डेसन" लाई जनाउँदछ ।

ग. समिति भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँछ ।

घ. सभा भन्नाले यस विधान बमोजिमको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ. पदाधिकारी भन्नाले यस संस्थाको पदाधिकारहीरूलाई सम्भन्नु पर्दछ ।

च. नियम, बिनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ. स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज. तोकिएको वा तोकिए बमोजिंम भन्नाले यस विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्दछ ।

झ. स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका, जिल्ला समन्वय समितिलाई जनाउँनेछ ।

ञ. नियमावली भन्नाले संस्थाको कार्य संम्पादन गर्न विधान अनुसार बनाइएको र सम्बन्धित अधिकारप्राप्त निकायद्धारा पारित भएको नियमावलीहरूको सँग्रहलाई जनाउँदछ ।

ट. साधारण सभा भन्नाले संस्थाको मताधिकार प्राप्त सदस्यहरूको विधान अनुसार बोलाइएको सभालाई सम्झनु पर्दछ ।

ठ. केन्द्रीय समिति भन्नाले संस्थाको केन्द्रीय कार्यालयको कार्य समितिलाई सम्झनुपर्दछ ।

ड. संस्था भन्नाले "नारायणी मेमोरियल फाउण्डेसन"लाई जनाउँदछ ।

३) **संस्थाको छाप र चिह्नः "नारायणी मेमोरियल फाउण्डेसन" र अंग्रेजीमा Narayani Memorial Foundation अंकित संस्थाको छाप हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ। यसको प्रयोग संस्थाको काम काजसँग सम्बन्धित कागजातहरूमा मात्र गरिनेछ। यो छाप सचिव र अध्यक्षको जिम्मामा रहनेछ। तर संस्थाको नाम र छाप पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संसोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ।**

## परिच्छेद २

## उद्देश्यः

४) **संस्थाको उद्देश्यः प्रचलित नेपाल कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही यस संस्थाको देहाय बमोजिमका उद्देश्यहरू रहने छन्:**

१. यो संस्था गैरनाफामूलक जनहितकारी सामाजिक संस्था हुनेछ ।

२. अनाथ, असहाय, बाबु आमाबाट परित्याक्त (Deprived from Parents) र शारीरिक अशक्तता एवम् न्यून आयस्रोत भएका बालबालिकाहरूको लागि आधारभूत एवम् माध्यमिक स्तरको शैक्षिक छात्रवृत्ति प्रदन गर्ने ।

३. ज्येष्ठ असहाय आश्रित आमाहरुलाई सहयोग एवम् सम्मान गर्ने ।

४. सरकारी एवम् गैरसरकारी संस्थाहरुको सहयोगमा विभिन्न स्वास्थ्य शिक्षा तालीम एवम् घुम्ती स्वास्थ्य सेवा सुविधा प्रदान गर्ने ।

५. समाजसेवी दाताहरुबाट आफ्ना पूर्वजहरुको सम्मान र सम्झनामा छात्रवृत्ति एवम् अन्य सामाजिक कार्य सञ्चालनका लागि प्राप्त रकमको अक्षय कोष स्थापना गरी दाताको इच्छामा पूर्वजहरुका नाममा छुट्टै शैक्षिक छात्रवृत्ति एवम् अन्य सामाजिक कार्यक्रमहरु सञ्चालन गर्न प्राप्त अक्षयकोष ग्रहण गर्ने र संस्थाको विधानको अधिनमा रही सो को सञ्चालन एवम् व्यवस्थापन गर्ने ।

६. महिला अधिकार र बाल अधिकारका बारेमा वकालत गर्दै उनीहरुका अधिकारको संरक्षण गर्न मद्दत पुग्ने प्रकृतिका कार्यक्रम र अभियानहरू सञ्चालन गर्ने ।

७. आर्थिक, सामाजिक, जातीय विभेदमा परेका व्यक्तिहरू तथा वृद्ध वृद्धाको सहयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

८. भाषा, साहित्य, कला, धर्म संस्कृतिको विकास एवम् संरक्षण गर्दै सो का लागि उल्लेख्य योगदान पुऱ्याउने श्रष्टा, सर्जक तथा पूर्वजहरूको पहिचान गरी उहाँहरूलाई सम्मान र पुरस्कृत गर्ने र समसामयिक विषयमा गोष्ठी, अन्तर्क्रया कार्यक्रमहरु सञ्चालन गर्ने ।

९. स्थानीय समुदायको धार्मिक, सांस्कृतिक एवम् सांगीतिक तथा मनोरञ्जनात्मक कार्यक्रममा सहयोग पुऱ्याउने ।

१०. संस्थाको कार्यक्रम एवम् गतिविधि झल्कने पुस्तक एवम् स्मारीकाहरु प्रकाशन गर्ने ।

११. संस्थाको उद्देश्यसँग सम्बन्धित सामाजिक विषयका अन्य विविध सेवामूलक कार्यहरू गर्ने ।

५) **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः संस्थाले प्रचलित नेपाल कानुन वमोजिम सम्वन्धित निकायवाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र उपरोक्त बमोजिमका केही वा सबै उद्देश्य कार्यान्वयन गर्न देहायका कार्यहरू गर्नेछः–**

क. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने, संस्थाको प्रयोजनको निम्ति जग्गा वा घर खरिद गर्ने वा भाडामा वा लिजमा लिने छ । कम्प्यूटर, टेलिफोन जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिइ प्रयोग गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ ।

ग. समान उद्देश्य भएका वा संस्थाका उद्देश्यहरूसँग सहमत हुने स्थानीय तथा राष्ट्रिय संघ-संस्थाहरूसँग समन्वय राखी काम गर्न सक्नेछ ।

घ. उद्देश्य प्राप्तिका लागि आवश्यक खोज, अध्ययन, अनुसन्धान, भ्रमण, अन्तरक्रिया तथा गोष्ठी गर्ने ।

ङ. संस्थाको योजना तथा कार्यक्रमका संम्बन्धमा आवश्यक बुलेटिन, श्रब्य सामाग्री तथा वृत्तचित्रको निर्माण, प्रकाशन तथा प्रशारण गराउने ।

च. संस्थासँग आवद्ध व्यक्तिहरुले संस्थामार्फत आफ्ना पूर्वजहरुको सम्मान र सम्झनामा प्रदान गरिने छात्रवृत्ति लगायतका सहयोग बारे दाताहरुसँग सम्झौता गर्नसक्ने र सम्झौता बमोजिमको सेवा प्रदान गर्ने ।

छ. समाजकल्याण परिषदबाट दिइएका निर्देशनहरूको अक्षरशः पालना गरिनेछ ।

## परिच्छेद ३
## सदस्यता

६) **सदस्यको वर्गीकरणः यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरूको वर्गीकरण गरिएको छ ।**

क. साधारण सदस्यः यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिक तोकिएको प्रक्रिया पूरा गरी आवेदन गर्न सक्नेछन् । त्यस्ता आवेदकहरूलाई संस्थाको कार्यसमितले उपयुक्त र आवश्यक ठानेमा साधारण सदस्यता प्रदान गर्न सक्नेछ । त्यसरी सदस्यता प्राप्त गर्ने सदस्यहरू संस्थाको साधारण सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यः यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारी तथा रु १००,००१/- (अक्षरुपी एक लाख एक) भन्दा बढी रकम प्रदान गर्ने सदस्यहरू संस्थाको संस्थापक सदस्य हुनेछन् ।

ग. आजीवन सदस्यः संस्थाको विकासको लागि विशेष सहयोग पुर्याउने र तोकिएको प्रक्रिया पूरा गरी संस्थालाई एकमुष्ठ रू

५,०००/- (अक्षरुपी पाँच हजार) वा सो भन्दा बढी रकम प्रदान गर्ने व्यक्तिहरूलाई संस्थाले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

घ. मानार्थ सदस्यः यस संस्थाले उपर्युक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

७) **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः**

यस संस्थाको सदस्यता प्राप्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

क. संस्थाको सदस्य हुनका लागि प्रचलित कानुन बमोजिम योग्यता पुगेको, अयोग्य नभएको नेपाली नागरिक हुनु पर्नेछ । तर, मानार्थ सदस्यको हकमा यो व्यवस्था लागू हुने छैन ।

ख. १८ बर्ष उमेर पूरा गरेको ।

ग. मानसिक सन्तुलन नगुमाएको ।

घ. सार्बजनिक सम्पति हिनामिना गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारको अभियोगमा सजाय नपाएको ।

च. टाट पल्टेको वा कालोसूचीमा नपरेको ।

८) **सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः देहायको अबस्थाको कुनै ब्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न र सदस्यका रूपमा बहाल रहन सक्नेछैन ।**

क. १८ वर्ष उमेर पूरा नगरेको ।

ख. मानसिक सन्तुलन ठीक नभएको ।

ग. सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।

घ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

ङ. सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

च. साहुको दामासाहीमा परेको ।

छ. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाइ सजाय पाएको एक वर्षभित्र ।

**९) सदस्यताको समाप्तिः देहायको अवस्थामा संस्थाको कुनै पनि सदस्यको सदस्यता समाप्त भएको मानिनेछः–**

क. यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न वा सदस्यको रूपमा बहाल रहन नसक्ने भएमा ।

ख. साधारण सभाको ७५ प्रतिशतको सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफनो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कारवाहीमा वेईमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेको प्रमाणित भएमा ।

च. तोकिएको समयभित्र सदस्यता शुल्क नबुझाएमा ।

छ. संस्था विघटन भै खारेज भएमा ।

ज. यस संस्थाको उद्देश्य र हित विपरीत हुने कुनै पनि कार्य गरेमा, त्यसको लागि सहयोग गरेमा, संस्थाको हित प्रतिकूल कुनै कार्यक्रममा सहभागी भएको वा भाग लिएको प्रमाणित भएमा ।

तर, कुनै व्यक्तिको सदस्यता समाप्ति गर्नु वा निजलाई वहाल रहन अयोग्य ठहर्याउनु अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका प्रदान गर्नेछ ।

**१०) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः यस विधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।**

१. साधारण सदस्यता शुल्कः

क) साधारण सदस्यता प्राप्त गर्न चाहने सदस्यले प्रवेश शुल्क वापत

रु.५००/- र वार्षिक शुल्क बापत रु.५००/- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निणर्यले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले बार्षिक नवीकरण शुल्क रु. २००/- बुझाउनु पर्नेछ । तर संस्थापक र आजीवन सदस्यहरुले बार्षिक शुल्क बुझाउनु र नवीकरण गर्नुपर्ने छैन ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष आषाढ महिनाको मसान्त भित्र नवीकरण गराइ सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ । तर संस्थापक सदस्य र आजीवन सदस्यहरुले नवीकरण गर्नुपर्ने छैन ।

२. संस्थापक सदस्यः

क) यो संस्था दर्ता हुँदाका वखतका तदर्थ समितिका पदाधिकारी र दफा ६ (ख) बमोजिमका सदस्यहरू संस्थाका संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरूले स्वतः साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् ।

३. आजीवन सदस्यः संस्थामा कम्तीमा एकमुष्ठ रू ५,०००/- (पाँच हजार रूपैयाँ मात्र) बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन गर्ने व्यक्तिहरूलाई कार्य समितिको निणर्यले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

५. सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

६. संस्थाले प्रदान गरेको उपदफा १, २ र ३ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

११) **साधारण सभाको गठनः**

१. यस संस्थाको विधानको दफा ६ (घ) अनुसार सदस्यता प्राप्त गर्ने

मानार्थ सदस्यहरू बाहेकका सदस्यहरू सम्मिलित संस्थाको भेलालाई साधारण सभा भनिनेछ । मानार्थ सदस्यहरू साधारण सभामा आमन्त्रित सदस्यका रूपमा सहभागी हुन सक्नेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभाः बर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभाः संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्य समितिले कम्तीमा ७ (सात) दिन भित्र विशेष साधारण सभा अनिवार्य रूपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ (छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिना भित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कमीतमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कमीतमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई सुचना दिइनेछ ।

५. उपदफा (४) बमोजिम वोलाइएको साधारण सभामा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कमीतमा ७ (सात) दिनको म्याद दिइ पुनः साधारणसभा वोलाइनेछ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निणर्य पुस्तिका राखिनेछ ।

१२) **साधारण सभाको काम, कर्तव्य र अधिकारः साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

क. कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख. लेखापरीक्षकबाट प्राप्त भएको बार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनवाट देखिएका बेरुजु रकमहरू माथि छलफल गरि नियमित गर्ने, नमिल्ने बेरुजु रकमहरू असुल उपर गरि फछर्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरि कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधी पुगेको अवस्थामा कार्य समितिका पदाधिकारहीरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रहि निर्वाचन गर्ने ।

च. कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

ज. कार्य समितिवाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरूको औचित्य हेरि अनुमोदन गर्ने ।

झ. संस्थाको आफनै आन्तरिक स्रोतबाट व्यहोने गरी कार्य समितिले पेश गरेका कर्मचारहीरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

ञ. संस्थाको नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने ।

ट. साधारणसभाले यस संस्थाको कुनै पनि सदस्यलाई निजको खराब आचरण वा अन्य गलत क्रियाकलापका बारेमा स्पष्टीकरण सोध्न सक्नेछ । सोधिएको स्पष्टीकरणको उचित र पर्यतप्त आधार सहितको चित्तबुझ्दो जवाफ प्राप्त नभएमा त्यस्तो सदस्यको सदस्यता निश्चित

समयका लागि निलम्बन गर्न वा निजलाई संस्थाको सदस्यताबाट अलग गर्न सक्नेछ ।

ठ. कार्यसमितिको काम कार्यवाहीलाई प्रभावकारी बनाउन संरक्षक एवम् सल्लाकार समितिको गठन गर्ने ।

१३) **कार्यसमितिको गठनः**

१. साधारण सभाका सदस्यहरू मध्येबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने १३ (तेह्र) सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

(क) अध्यक्ष १

(ख) उपाध्यक्ष १

(ग) सचिव १

(घ) सह-सचिव १

(घ) कोषाध्यक्ष १

(ङ) सदस्य ८

२. कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

३. वार्षिक साधारणसभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

४. कार्य समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउनेछ । तर कार्य समितिको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारी र सदस्यहरूको कुल संख्याको दुई तिहाई पदाधिकारीहरू उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित रहेमा वैठकमा उपस्थित सदस्यहरूले छानेको सदस्य वा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएका विषयहरू र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी राख्नु पर्नेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सदस्यहरूले सही गर्नु पर्नेछ । तर, निर्णयमा असहमति जनाउने वा फरक मत राख्नेहरूले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ र ती कार्यहरु साधारण सभावाट अनुमोदन हुनुपर्नेछ ।

१०. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिने छ ।

१४) **कार्य समितिको काम, कर्तव्य र अधिकारः कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–**

१. संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिंमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. साधारण सभाप्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्ने, कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

८. संस्थाका कर्मचारीहरूको सेवा, शर्त सम्बन्धी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९. संस्थाको उद्देश्य परिपुर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति, अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाँडफाँड गरिदिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने ।

११. विभिन्न स्वदेशी संघ-संस्थासँग मिलेर उद्देश्य प्राप्तिका लागि काम गर्ने, सहयोग दिने लिने तथा सम्पर्क राख्ने ।

१२. संस्थाको नाउँबाट पत्रपत्रिका प्रकाशन गर्ने ।

१३. सभा, गोष्ठी, छलफल, कार्यशालाको आयोजना गर्ने, अध्ययन अनुसन्धान गर्ने गराउने, अन्य संघ-संस्था वा व्यक्तिलाई बोलाउने र अरुले बोलाएको ठाउँमा प्रतिनिधि पठाउने ।

१४. यस संस्थाको औपचारिक प्रतिनिधित्व गर्ने ।

१५. यस संस्थाको सदस्यता प्राप्त गर्न चाहनेहरूलाई आवश्यकता र औचित्यताका आधारमा यस विधानको परिधिभित्र रही सदस्यता प्रदान गर्ने ।

१.) कारबाहीमा परेका सदस्यहरूको आवश्यक छानविन पश्चात आफ्नो सीफारिस सहित आवश्यक कारवाहीका लागि साधारण सभामा प्रतिवेदन पेश गर्ने ।

१७. समितिको कुनै विशेष कामको कार्यन्वयनका लागि उपसमितिहरू गठन गर्ने ।

१५) **पद त्याग गर्न सक्नेः अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिइ पद त्याग गर्न सक्नेछन् । राजिनामाको स्वीकृति समितिबाट हुनेछ ।**

१६) **अन्य समितिहरू: यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकताअनुसार अन्य समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ तर यसरी गठन भएका अन्य समिति वा उपसमितिहरूको कार्य, कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ । यी समिति वा उपसमितिहरूको गठन सम्बन्धमा भएको निर्णय साधारणसभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।**

## परिच्छेद ५

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः

१७) **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१) **अध्यक्षको काम कर्तव्य र अधिकारः**

क. समिति र सभाको वैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख. निर्णायक मत दिने ।

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ. संस्थाको नेतृत्व लिने ।

ङ. आवश्यकतानूसार वैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।

च. अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।

छ. अभिलेख प्रमाणित गर्ने ।

ज. कार्य समितिको बैठकमा विवादको स्थिति सृजना भएको खण्डमा अध्यक्षको मत नै निर्णायक मत हुनेछ ।

झ. यस संस्थाको सम्पूर्ण सम्पतिको संरक्षण रेखदेख र नियन्त्रणका साथै आवश्यक निर्देशन प्रदान गरी लक्ष्य प्राप्तिप्रति गतिशीलता तथा निरन्तरता दिने कार्य अध्यक्षको हुनेछ ।

ञ. एक तिहाई सदस्यहरूबाट आकस्मिक साधारणसभाको लिखित माग प्राप्त भएको खण्डमा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

ट. यस संस्थाको कुनै पनि कार्यक्रम नियमानुसार तथा सम्बन्धित निकायको निर्णयअनुसार भए गरेको तथा कार्यान्वियन भए नभएको हेरविचार गर्नु अध्यक्षको कर्तव्य हुनेछ ।

ठ. कार्य समितिको पदाधिकारीमध्ये कोही अनुपस्थित भएमा उक्त अनुपस्थित पदाधिकारीको बाँकी अवधिको कार्यक्रम अन्य सदस्यले संहाल्नको लागि निर्देशन दिने अधिकार अध्यक्षमा निहीत रहनेछ ।

ड. संस्थाको कार्यक्रम तथा क्रियाकलापलाई कार्यान्वियन गर्दा कार्य समितिका सदस्यहरू पूर्णरूपमा अध्यक्षप्रति उत्तरदायी हुनेछन् ।

२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने ।

ख. अध्यक्षको मातहतमा रही अध्यक्षले गर्नुपर्ने काम कर्तव्य र अधिकारको प्रयोगमा अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

ग. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

घ. अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोगमा आवश्यक सहयोग गर्ने ।

३) **सचिवको काम, कर्तव्य र अधिकारः**

क. संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख. अभिलेख सुरक्षित राख्ने ।

ग. अध्यक्षको निर्देशनमा साधारणसभा तथा कार्य समितिको बैठक बोलाउने ।

घ. अध्यक्षको निर्देशनमा यस संस्थाको दैनिक प्रशासकीय कार्यहरूको रेखदेख नियन्त्रण तथा प्रत्राचार गर्ने र निर्देशन दिने ।

ङ. साधारणसभा तथा कार्य समितिले पारित गरेका निर्णय तथा कार्यक्रमको विस्तृत विवरणसहितको माइन्युट तयार गरि सुरक्षितसाथ राख्ने ।

च. पारित कार्यक्रमलाई कार्यान्वयनका लागि संस्थाका सदस्यहरूमध्ये जसको सक्रियतामा कार्यसम्पन्न हुनेछ, उसैलाई जिम्मेवारी सुम्पने तथा कार्य प्रगति प्रतिवेदन कार्य समितिमा उपलब्ध गराउने जिम्मा सचिवको हुनेछ ।

छ. साधारणसभा तथा कार्य समितिले पारित गरेका निर्णयहरू कार्यान्वयन गराउने जिम्मा सचिवमा हुनेछ ।

ज. संस्थाको वार्षिक प्रतिवेदन कार्य समितिको तर्फबाट अध्यक्षको सहमतिमा साधारणसभामा पेश गर्ने जिम्मा सचिवको हुनेछ ।

झ. वार्षिक कार्यक्रमभित्र परेका कार्यक्रमहरूलाई सञ्चालन गर्ने, गराउने ।

ञ. संस्थाको दैनिक प्रशासन सञ्चालन गर्ने, रेखदेख गर्ने तथा कर्मचारी मार्फत काम काज चलाउने ।

ट. अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४) **सह-सचिवाको काम, कर्तव्य र अधिकारः**

क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने काम गर्ने ।

ख. सचिवको मातहतमा रही सचिवाले गर्नुपर्ने काम कर्तव्य र अधिकारको प्रयोगमा सचिवलाई आवश्यक सहयोग गर्ने ।

ग. सचिवको अनुपस्थितिमा सचिवको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

घ. सचिवको काम, कर्तव्य र अधिकारको प्रयोगमा आवश्यक सहयोग गर्ने ।

**५) कोषाध्यक्षका काम कर्तव्य र अधिकारः**

क. संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख. साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग. लेखा दुरुस्त राख्ने ।

घ. नियमितरूपमा वार्षिक लेखापरीक्षण गराउने ।

ङ. सदस्यता शुल्क तथा अन्य आयस्रोतका रकम उठाउने सम्बन्धी ताकेता पत्राचार कोषाध्यषबाटै हुनेछ ।

च. संस्थाको आय, व्ययको हिसाबको खाताहरू सही ढंगले सम्बन्धित निकायहरूको निर्णयानुसार दुरुस्त अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षलाई नै हुनेछ ।

छ. वार्षिक आर्थिक प्रतिवेदन लेखापरीक्षणको प्रतिवेदन आगामी वर्षको लागि समेत कार्य समितिको तर्फबाट साधारणसभा समक्ष पेश गर्नुपर्नेछ ।

ज. संस्थाको आर्थिक व्यवस्थाको सम्बन्धमा विशेष जिम्मेवारी लिई वार्षिक बजेट अनुरूप खर्च गर्ने, गराउने ।

झ. अध्यक्षको निर्देशानुसार काम गर्ने ।

**६) सदस्यको काम कर्तव्य र अधिकारः**

क. समितिको वैठकमा सक्रिय सहभागिता जनाउने ।

ख. यस संस्थाको प्रत्येक सदस्यले संस्थाको उन्नति र हितको लागि मन, वचन र कर्मले समर्पित हुनु पर्नेछ साथै संस्थाको कार्यमा रचनात्मक भुमिका निर्वाह गर्ने ।

ग. संस्थाको विधान तथा नियमहरूको अक्षरशः पालना गर्नु पर्नेछ ।

घ. सदस्यहरूले आफ्नो व्यवसायिक योग्यतालाई उच्च राखी आपसी सहयोग र सद्भाव अभिबृद्धि गर्नुपर्नेछ ।

ङ संस्थाले सम्पादन गर्ने प्रत्येक कार्यहरूमा यथासक्य सक्रिय सहयोग गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

च. संस्थाको नीति, कार्यक्रम, सूचना तथा आह्वान प्रति सजग रही सक्रिय योगदान पुरयाउनु सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

छ. सक्रिय तथा आजीवन सदस्यहरूलाई मात्र कार्यसमितिको पदहरूका लागि मत दिने अधिकार हुनेछ ।

ज. संस्थाको सम्पूर्ण काम कारवाही प्रति आवश्यक जानकारी राख्न सबै सदस्यहरूलाई सुसुचित हुन पाउने हक संरक्षित गरिएको छ । अति गोप्य वा विशिष्ट कागजातको हकमा अध्यक्षको अनुमति अनिवार्य रहनेछ ।

झ. सदस्यहरूले यस संस्थासँग आफ्नो व्यवसायिक हितको विषयमा परामर्श तथा कानूनी संरक्षणको लागि अनुरोध गर्न सक्नेछन् ।

१८) **गणपूरक संख्याः कुल सदस्य संख्याको दुई तिहाई (२/३) साधारण सदस्यहरू उपस्थित नभई साधारणसभाको काम कारवाही हुनेछैन। तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए वमोजिंम पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन।**

## परिच्छेद ६
## आर्थिक व्यवस्था

१९) **संस्थाको कोषः**

१) संस्थाको आफनो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाए बमोजिम प्राप्त रकमहरू जम्मा हुनेछन्ः

क. संस्थापक सदस्यहरुबाट अक्षयकोषको रुपमा एकमुष्ट प्राप्त रकम ।

ख. संस्थापक सदस्यहरुबाट वार्षिक रुपमा प्राप्त रकम ।

ग. आजीवन सदस्यबाट प्राप्त रकम ।

घ. सदस्यता वापत प्राप्त प्रवेश शुल्क, सदस्यता नवीकरण र सदस्यता शुल्कको रकम ।

ङ. कसैले स्वेच्छाले दिएको अनुदान सहायता वापत प्राप्त रकम ।

च. संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको वित्रीबाट प्राप्त रकम ।

छ. विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ज. स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

झ. विभिन्न व्यक्ति संघसंस्था, सरकारी तथा गैर-सरकारी निकायहरूबाट प्राप्त दान, उपहार, सहयोग आदि ।

ञ. संस्था मार्फत संचालित कुनै योजना, अनुसन्धान र सेवामूलक कार्यक्रमवाट आर्जन गरेको वा प्राप्त गरेको रकम ।

ट. अन्य स्रोतहरुबाट प्राप्त रकम ।

२) विदेशी संघ-संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिने भएमा संस्थाले नेपाल सरकार अर्थ मन्त्रालय र समाज कल्याण परिषदबाट स्वीकृति लिनेछ । गैर आवाशीय नेपालीको हकमा यो व्यवस्था लागु हुने छैन ।

३) संस्थामा प्राप्त रकम जम्मा गर्न स्थानीय बैंक, वित्तीय संस्था, सहकारी संस्थामा मुद्दती, चल्ती र बचत खाता सञ्चालन गरिनेछ ।

२०) **खाता सञ्चालनः संस्थाको बैंक खाता कार्य समितिले निर्णय गरे अनुसार कोषाध्यक्षको अनिवार्य दस्तखत रहने गरी अध्यक्ष र सचिव मध्ये एक व्यक्ति सहित दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ। प्रचलित ऐन नियमानुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ।**

२१) **कोषको रकम खर्च गर्ने तरिकाः संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाइ खर्च गरिनेछ।**

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत गरी कोषको रकम खर्च गर्न सकिनेछ ।

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्यरूपले पेश गर्नुपर्नेछ ।

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

ङ. संस्थापक सदस्य र आजीवन सदस्यबाट प्राप्त रकम अक्षय कोषको रुपमा राखीनेछ । उक्त अक्षय कोषमा राखेको रकमको मूल धनको

आम्दानी र ब्याजबाट प्राप्त रकम दाताको इच्छा अनुसारको छात्रवृत्ति लगायत सामाजिक सेवामा बाहेक दाताको मञ्जुरी बेगर अन्यत्र खर्च गर्न पाइने छैन । सो बाट बढे-बढाएको रकम र विधानमा उल्लेखित अन्य स्रोतबाट प्राप्त रकम बाट संस्थाको उद्देश्य प्राप्तिका लागि खर्च गर्न सकिनेछ ।

२२) **संस्थाको लेखा र लेखापरीक्षणः**

१. संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब-किताब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय समिति, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संसोधन सम्बन्धि व्यवस्था

२३) **निर्वाचन सम्बन्धी व्यवस्थाः**

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिबाट गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भए पछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४) **उम्मेदवार हुने योग्यताः कार्य समितिको पदाधिकारी तथा सदस्य पदको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः–**

१. संस्थाको साधारण वा आजीवन सदस्यता वहाल रहेको हुनुपर्ने ।

२. संस्थालाई तिर्न बुझाउन पर्ने रकम बाँकी नरहेको ।

३. संस्थाको रकम हिनामिना गरेको विषयमा चलेको कारवाही विचाराधीन नरहेको ।

२५) **अविश्वासको प्रस्तावः**

१) अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहायबमोजिमको रीत पुर्याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

ग. साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरूको प्रष्ट नाम थर ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभा वा विशेष साधारण सभा बस्ने सुचना दिइनेछ ।

३) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः

क. साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरुविरुद्ध

प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारहीरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरू राख्न अनुमति दिइनेछ ।

४) अविश्वासको प्रस्ताव माथि निर्णयः

१. अविश्वासको प्रस्तावउपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निणर्यको लागि देहायबामोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निणर्यको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

२६) **विधान संशोधनः कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारणसभा सदस्यहरूले अनुमोदन गरेपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारीसमक्ष सीफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।**

२७) **नियम बनाउने सक्नेः**

१. संस्थाले विधानमा उल्लेखित कार्यहरु सम्पादन गर्न आवश्यक नियम एवम् कार्यविधि बनाउन सक्नेछ र सो नियम एवम् कार्यविधि साधारणसभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनुपर्नेछ ।

२. यो विधान र विधान अर्न्तगत बनेको नियम एवम् कार्यविधिको अधीनमा रही संस्थाको कार्य सञ्चालन गर्नका लागि कार्य समितिले

कर्मचारी व्यवस्था र आर्थिक प्रशासनसम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारणसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

२८) **कर्मचारीको व्यवस्था:**

१. संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारीको दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारहीरुको सेवा शर्तहरू र यस सम्बन्धमा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२. संस्थाको विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंमसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइनेछ ।

२९) **संस्था खारेजी:**

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामका लागि एक वा एकभन्दा वढी लिक्विडेटरहरू र संस्थाको हिसाब-किताब गर्नका लागि एक वा एक भन्दा वढी लेखापरीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरूको पारिश्रमिक साधारणसभाले तोकेबमोजिम हुनेछ ।

४. यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३०) **व्याख्या: यो विधान र यसअन्तर्गत बनेको नियम विनियम एवम् कार्यविधिको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।**

३१) **गोप्यता भंग गर्न नहुने: यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने कार्य गर्न, कुनै गोपनियता भंग गर्न र बैठक वा साधारण सभामा असभ्य र अश्लील शव्दको प्रयोग गर्न पाइने छैन ।**

३२) **ऐन अनूसार हुने: यस विधानमा भएका विषयमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूका सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ । यस विधानमा उल्लेखित प्रावधान संस्था दर्ता ऐन, नियम र प्रचलित नेपाल कानुनसँग वाभ्भिन गएमा बाँभ्भिएको हदसम्म यस विधानको व्यवस्था स्वत: निष्कृय हुनेछ ।**

३३) **निर्देशनको पालना: नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।**

## अनुसूची–१
## संस्थाको छाप:

संस्थाको छाप गोलाकार भित्र महीलाले बच्चालाई पुस्तक दिएको जसको तल अंग्रेजीमा ल्बःभ लेखी त्यसको बाहिरी आधा भागमा अर्धगोलाकार रूपमा तल्लो भागमा नेपालीमा ँनारायणी मेमोरियल फाउण्डेसन लेखिएको र माथिल्लो आधा भागमा अंग्रेजीमा “Narayani Memorial Foundation” लेखिएको तलको नमूना बमोजिमको संस्थाको छाप हुनेछ ।

# नारायणी मेमोरियल फाउण्डेसन
## (NAME FOUNDATION)

### असहाय अनाथ अशक्त मेधावी शैक्षिक छात्रवृत्ति सम्बन्धी निर्देशिका २०७८

नारायणी मेमोरियल फाउण्डेसन (NAME FOUNDATION) को विधानले व्यवस्था गरेको छात्रवृत्ति सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि विधानले दिएको अधिकार प्रयोग गरी यो नारायणी मेमोरियल फाउण्डेसन असहाय अनाथ अशक्त मेधावी शैक्षिक छात्रवृत्ति निर्देशिका २०७८ बनाइ लागू गरिएको छ ।

१) **यो निर्देशिका कार्यसमितिले पारित गरेको मितिबाट लागू हुनेछ ।**

२) **निर्देशिका कार्यान्वयनका लागि संस्थाले पाँच सदस्सीय छात्रवृत्ति समिति गठन गर्न सक्नेछ ।**

३) **छात्रवृत्ति समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।**

   क) संस्थाको अध्यक्ष वा कार्यसमितिले तोकेको उपाध्यक्ष वा सचिव मध्ये एक जना — संयोजक

   ख) संस्थाको सह–सचिव — सदस्य

   ग) कार्यसमितिले तोकेको शिक्षाप्रेमी मध्येबाट एक जना — सदस्य

   घ) कार्यसमितिले तोकेको आधारभूत तथा माध्यमिक विद्यालयका शिक्षकहरुमध्येबाट दुईजना — सदस्य

४) **छात्रवृत्ति समितिले संस्थाको कुनै पदाधिकारी, अन्य शिक्षाप्रेमी वा विज्ञलाई आमन्त्रितका रुपमा बोलाउन सक्नेछ ।**

५) **छात्रवृत्ति समितिले संस्थाको कार्यालय रहेको नगरपालिकाको शिक्षा समन्वय समितिको प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।**

६) **छात्रवृत्ति समितिका कार्यहरु देहाय बमोजिम हुनेछन् :**

क. संस्थाको उद्देश्य अनुरुप प्रदान गरिने छात्रवृत्तिका लागि विद्यालयहरूको पहिचान गर्ने । यसरी पहिचान गर्दा कम्तीमा दशवटा विद्यालयहरुको सूची तयार गर्ने । तर कुनै छात्रवृत्तिदाताले आफ्नो नाममा वा निजको पूर्वजको सम्मान एवम् सम्झनामा स्थापित छात्रवृत्ति कुनै विद्यालयलाई प्रदान गरिपाउँ भनि अनुरोध गरेमा उक्त विद्यालयलाई समावेश गर्न सकिने ।

ख. पहिचान गरिएका बिद्यालयहरुमा अनुसूची बमोजिमका आवश्यक फारमहरु वितरण गर्ने सूचीकृत बिद्यालयहरु मध्येबाट यस निर्देशिकाको दफा ७ बमोजिम असहाय, अनाथ, अशक्त एवं मेधावी विद्यार्थी सम्बन्धी सूचना र विवरण संकलन गर्ने ।

ग. संकलित विवरण मध्येबाट विधानमा उल्लेखित शर्तमा प्रदान गरिने छात्रवृत्तिका लागि विद्यार्थीहरूको छनौट गर्ने ।

घ. छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नको लागि संस्थामा सीफारिश गर्ने ।

ङ. छात्रवृत्ति आवेदन सम्बन्धमा स्थानीय एफ.एम. वा पत्रपत्रिका मार्फत सूचना संम्प्रेषण गर्न सकिनेछ ।

७) **छात्रवृत्ति प्रदान गर्ने विद्यार्थीहरूको छनौटका लागि सीफारिस गर्दा छात्रवृत्ति समितिले देहायका आधारहरुलाई अवलम्बन गरी प्राथमिकताक्रममा सूचीकृत गर्नेछ :**

क. कुनै छात्रवृत्तिदाताले आफ्नो नाममा वा निजको पूर्वजको सम्मान एवम् सम्झनामा स्थापित छात्रवृत्ति कुनै नीजि तथा संस्थागत विद्यालयको तोकिएको कक्षालाई प्रदान गरिपाउँ भनि अनुरोध गरेमा बाहेक छानिएको विद्यार्थी सामुदायिक विद्यालयमा कक्षा ७ देखि १२ सम्म अध्ययन्रत हुनुपर्ने ।

ख. सम्भव भएसम्म न्यून आर्थिक स्रोत भएका आमा बुवा दुबै वा आमा वा बुवा गुमाएका असहाय, अनाथ, अशक्त विद्यार्थी हुनुपर्ने ।

ग. आमा वा बुवा भएपनि आमा बुवाबाट परित्याक्त (Deprived from Parents) विद्यार्थीलाई प्राथमिकता दिइने ।

घ. संरक्षक एवं अभिभावकको अन्य आयस्रोत भए नभएको एकिन गरी अभिभावक एवं संरक्षकको आर्थिक स्रोतलाई समेत आधार बनाइने ।

ङ. विद्यार्थी मेधावी र पढाइमा रुचि भएको एकिन गरिने ।

च. न्युन आर्थिक स्रोत भएका सिमान्तकृत, पिछडिएका एवं दलित समुदायका आमा वा बाबु गुमाएका मेधावी विद्यार्थीलाई प्राथमिकता दिइने ।

छ. उपरोक्त आधार र सीमाभित्र नपरेका विद्यार्थीहरु छनौट गर्नुपर्दा सो को आधार र कारण प्रष्ट रुपमा खुलाउनु पर्ने ।

८) **विद्यार्थीहरुलाई छनौट गर्दा प्रथम वर्ष संभव भएसम्म कक्षा ७ देखि ९ सम्मका विद्यार्थीहरुलाई छनौट गरिनेछ। द्धितीय वर्षदेखि अन्य कक्षाका विद्यार्थीलाई समेत छनौट गरी छात्रवृत्ति प्रदान गरिनेछ। संस्थाको आयस्रोत बढ्दै गएमा यो संख्यालाई बढाउन र क्याम्पस स्तरका विद्यार्थीलाई समेत प्रदान गर्न सकिनेछ।**

९) **छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया :**

क. यस संस्थाले निर्धारण गरेको अनुसूची बमोजिमको फारम भरी आवेदकले संस्था समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

ख. प्राप्त निवेदन उपर छलफल गरी छात्रवृत्ति समितिले दफा ७ बमोजिमको योग्यता र प्राथमिकताक्रमको सूची तयार गर्नेछ ।

ग. छात्रवृत्ति समितिले सूचीकृत नामावली मध्येबाट संस्थाले निर्धारण गरेको संख्याको अधिनमा रही छात्रवृत्तिका लागि उपयुक्त विद्यार्थीहरुको नाम कार्यसमिति समक्ष सीफारिस गर्नेछ । यसरी सीफारिस गर्दा सो वर्षको लागि निर्धारित कोटा भित्र पर्न नसकेको तर अर्को वर्षको कोटाको लागि उपयुक्त देखिएमा सो समेत खुलाउनु पर्नेछ ।

घ. छात्रवृत्ति समितिले सीफारिस गरेको सूचीलाई आधार मानी कार्यसमितिले छात्रवृत्तिको अन्तिम सूची प्रकाशन गरी सम्बन्धित अभिभावक एवम् विद्यालयलाई सूचित गर्नेछ ।

ङ. कार्यसमितिले निर्धारण गरेको वार्षिक छात्रवृत्तिको रकम विद्यार्थीको शैक्षिकसत्र सुरु भएको समयमा ६०% र ६ महिनापछि बाँकी

४०% प्रदान गरिनेछ । यसरी प्रदान गरिने रकम सम्भव भएसम्म सम्बन्धित विद्यालयका प्रधानाध्यापक वा कक्षा शिक्षकको रोहवरमा निजको आमा/बाबु, संरक्षक वा अभिभावकलाई प्रदान गरिनेछ ।

च. छात्रवृत्ति प्रदान गरिने विद्यार्थीहरुलाई समय-समयमा छात्रवृत्ति समिति वा कार्यसमितिले तोकेको छात्रवृत्ति समितिका सदस्यले विद्यार्थीको पढाईको अवस्थाबारे अभिभावक एवं विद्यालयसँग सूचना लिन सक्नेछ ।

छ. एकपटक प्रदान गरेको छात्रवृत्तिलाई विद्यार्थीको पढाइ सन्तोषजनक भएमा र अभिभावकको चाहना समेतलाई मध्यनजर राखी निरन्तरता दिइनेछ । तर पढाइ सन्तोषजनक नभएमा वा छात्रवृत्तिको दुरुपयोग भएको पाइएमा चालु शैक्षिक सत्र पूरा भएपछि छात्रवृत्ति अन्त्य गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

१०) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई समितिले वर्षमा एकपटक भेला गराई एक अर्का बीच परिचय गराई निजहरूको व्यक्तित्व विकास सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

११) संस्थाले वर्षमा एकपटक छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी एवम् अभिभावकहरुलाई आमन्त्रण गरी पढाइको स्थिती, पढाइमा देखिएका समस्या लगायतका विवरण संकलन लगायत मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्न सक्नेछ । सो कार्यक्रममा संभव भएसम्म विद्यालयका प्रतिनिधिलाई समेत अतिथिको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

१२) यो निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र सो बाहेक छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था गर्नु परेमा कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

१३) छात्रवृत्ति सम्बन्धी निवेदन एवम् अन्य ढाँचा अनूसुचि १, अनूसुचि २ र अनूसुचि ३ बमोजिम हुनेछ ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भद्रपुर, झापा

दर्ता नं :- ३२४०

मिति :-२०७८-०६-११

श्री अध्यक्षज्यू,
नारायणी मेमोरियल फाउण्डेशन,
कनकाई न.पा. झापा ।

विषय : संस्था दर्ताको प्रमाण पत्र ।

"नारायणी मेमोरियल फाउण्डेशन" नामक संस्था कनकाई न.पा. ४ झापा संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम मिति २०७८-०६-११ मा दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ ।

स्थानीय अधिकारीको सही

प्रशासकीय अधिकृत

नाम :- रामहरी खतिवडा
दर्जा :- प्रशासकीय अधिकृत
कार्यालय :- जिल्ला प्रशासन कार्यालय, झापा
मिति :- २०७८-०६-११

अनुसूचि – १

जि.प्र.का. झापा दर्ता नं ३२४०/०७८/७९

# नारायणी मेमोरियल फाउण्डेसन

## Name Foundation

कनकाई नगरपालिका वडा नं ४, सुरुङ्गा, इलुवाबारी, झापा

फोन नं : ०२३–५५२१६६

इमेलः namefoundation.org@gmail.com

(विद्यार्थीको पासपोर्ट साइजको फोटा)

## छात्रवृत्ति निवेदन फारम

मिति :- ......................

श्रीमान् अध्यक्षज्यू
मार्फत छात्रवृत्ति समिति
नारायणी मेमोरियल फाउण्डेसन ।

विषय :– असहाय/अनाथ/अशक्त/मेधावी शैक्षिक छात्रवृत्ति उपलब्ध गराई पाऊँ ।

उपरोक्त सम्बन्धमा मेरो घरको आर्थिक अवस्था सामान्य रहेको र अन्य आर्थिक स्रोत समेत नभएको हुँदा निम्न विध्यार्थीको विद्यालय शुल्क, पुस्तक/कापी/कलम, विद्यालय पोशाक लगायत अन्य फुट्कर खर्च समेतको उचित व्यवस्थापन गरी पढाइलाई निरन्तरता दिन तहाँ फाउण्डेसनबाट वार्षिक असहाय/अनाथ/अशक्त/मेधावी शैक्षिक छात्रवृत्ति उपलब्ध गराई बच्चाको शैक्षिक उन्नयनमा सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछु । निजलाई प्राप्त छात्रवृत्तिको रकम अन्यत्र खर्च नगरी निजको हितमा मात्र खर्च गर्नेछु । छात्रवृत्ति सम्बन्धी फाउण्डेसनको नियम एवम् निर्देशनलाई पालना गर्नेछु भनी विद्यालयको सीफारिस सहित यो निवेदन पेश गरेको छु । छात्रवृत्ति उपलब्ध गराई पाउन अनुरोध गर्दछु ।

| | | | |
|---|---|---|---|
| १. | विद्यार्थीको नाम ..................... | २. | कक्षा............ |
| ३. | विद्यालयको नाम ..................... | ४. | बाबुको नाम ..................... |
| ५. | आमाको नाम ..................... | ६. | संरक्षकको नाम ..................... |
| ७. | छात्रवृत्ति पाउनु पर्ने कारण ............ | ८. | अविभावकको सम्पर्क न ............. |

निवेदक को दस्तखत :-
निवेदक को नाम:-
विद्यार्थीसँगको नाता:-

## अध्ययन्रत विद्यालयको सीफारिस

निवेदनमा उल्लेखित विद्यार्थी यस विद्यालयमा कक्षा .......मा अध्ययनरत विद्यार्थी भएको र निजको पढाइ राम्रो भएको, निज नियमित विद्यार्थी भएको व्यहोरा सूचित गर्दछु । निजको पढाइ लगायतको विद्यालयको अध्ययन विवरण बारे फाउण्डेसनले जानकारी लिन चाहेमा वा विवरण माग गरेमा सो समेत उपलब्ध गराउन सकिने व्यहोरा समेत सूचित गर्दछु । निवेदन माग बमोजिम तहाँबाट प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराई निजको शैक्षिक विकासमा सहयोग प्रदान गरिदिनु हुन सीफारिस गर्दछु ।

प्रधानाध्यापकको दस्तखत :-
दस्तखत मिति :-
(विद्यालयको छाप) प्रधानाध्यापकको नाम :-
कक्षा शिक्षकको नाम :-
सम्पर्क नं :-

## सम्बन्धित वडा अध्यक्ष/सदस्यको सीफारिस

निवेदनमा उल्लेखित विद्यार्थी असहाय/अनाथ/अशक्त/न्युन आर्थिक आवस्थाको भएकोले तहाँबाट प्रदान गरिने वार्षिक असहाय/अनाथ/अशक्त/मेधावी छात्रवृत्ति उपलब्ध गराई निजको शैक्षिक विकासमा सहयोग प्रदान गरिदिनु हुन सीफारिस गर्दछु ।

वडा अध्यक्ष/सदस्यको नाम :-
गाउँपालिक/नगरपालिकाको नाम :-

वडा अध्यक्ष/सदस्यको दस्तखत :-
मिति :-
सम्पर्क नं :-

# नारायणी मेमोरियल फाउण्डेसन
# NAME Foundation

कनकाई न.पा.-४ इलुवावारी, सुरुङ्गा, झापा

**शैक्षिक सत्र २०७९ को वार्षिक छात्रवृत्तिका लागी छनौट भएका विद्यालय एवम् विद्यार्थीहरू**

## झापा जिल्ला

| सि.नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | छात्रवृत्ति दिनु पर्ने कारण | छात्रवृत्तिदाताको नाम | स्मृति तथा सम्मान |
|---|---|---|---|---|---|---|
| १. | भुपिन्ता थापा मगर | ७ | भृकुटी आ.वि., झापा गा.पा.-६, भृकुटीचौक | वावु परलोक, आमा वेपत्ता, जेहेन्दार, काका-काकीको संरक्षण, कमजोर आर्थिक अवस्था | श्री नरेन्द्र प्रसाद पाठक | स्व. नारायणी पाठक |
| २. | रामु टुडू सतार | ७ | जनकल्याण मा.वि., झापा गा.पा.-७, मदरगाछ, झापा | आमा परलोक, बुवा बेपत्ता भएको, अरुको आश्रयमा रहेको | श्री प्रदीप पाठक/ श्री इरिना प्रसाई पाठक | स्व. नारायणी पाठक |
| ३. | रसना विष्ट | ६ | सिंहदेवी आ.वि., टेक्रा, झापा | आमा वावुवाट परित्याक्त, असहाय, सानी आमाले लालनपालन गर्दै आउनुभएको | श्री बीना पाठक/ श्री महेन्द्र प्रसाद चुडाल | स्व. नारायणी पाठक |
| ४. | अर्पण पाण्डे | ७ | जानकी आ. वि. कनकाई-२, सुकेडाँगी | कमजोर आर्थिक अवस्था, जेहेन्दार | श्री रीना पाठक/ डा. सम्राट वश्याल | स्व. नारायणी पाठक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | भावना कडरिया | ७ | भगवती आ.वि. कन्काई न.पा.-५, झापा | बुवा सम्पर्कविहिन, आमाले दोस्रो विवाह गरी गएको, मावलकी हजुर आमाले पालेको | श्री पदमा देवी पाठक,<br>श्री लक्ष्मी प्रसाद पाठक,<br>श्री नरेन्द्र प्रसाद पाठक,<br>श्री टीका प्रसाद पाठक,<br>श्री टंक प्रसाद पाठक /<br>श्री कमल (प्रकाश) प्रसाद पाठक | स्व. देवी प्रसाद पाठक/<br>स्व. दिव्यश्वरा पाठक |
| ६. | पुर्णिमा भुर्तेल | ६ | कन्काई मा.वि. झापा | वावु परलोक, असहाय, जेहेन्दार, घरको आर्थिक अवस्था कमजोर | श्री पदमा देवी पाठक,<br>श्री लक्ष्मी प्रसाद पाठक, श्री नरेन्द्र प्रसाद पाठक, श्री टीका प्रसाद पाठक, श्री टंक प्रसाद पाठक /श्री कमल (प्रकाश) प्रसाद पाठक | स्व. देवी प्रसाद पाठक/<br>स्व. दिव्यश्वरा पाठक |
| ७. | सलिना पाठक | ४ | मेरीगोल्ड विद्यालय. सुरुङ्गा | आमा परलोक, असहाय, जेहेन्दार | श्री प्रेम प्रसाद पाठक, श्री ओम प्रसाद पाठक, श्री कृष्ण प्रसाद पाठक, श्री राम कुमार पाठक, श्री नरेन्द्र प्रसाद पाठक | स्व. धनमाया पाठक |
| ८. | शिला हेमरम | ६ | लालपानी मा.वि. शिवसताक्षी -७, लालपानी | बुवा मानसिक असन्तुलन भई घरबास छोडेको, आमाले कृषि ज्यालादारी गरी आफन्तको सहाराबाट बसोबास गरेको | श्री सरीता प्रसाईं,<br>श्री सन्दिप राज प्रसाईं/<br>श्री वन्दना भुषाल प्रसाईं | स्व. सन्तोषराज प्रसाईं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | समीर किस्कु | ११ | महेन्द्ररत्न मा.वि. अनार मुनी, झापा | असहाय, अनाथ, कमजोर आर्थिक अवस्था | श्री गणेश ओली, श्री रविन (सज्जन) ओली | स्व. चेतना देवी ओली |
| १०. | कृष्ण पौडेल | ९ | दुर्गा मा.वि. गरामुनी झापा | वावु नभएको, आमा मानसिक रोगी, जग्गाजमीन केहि नभएको, मावलीमा बसेको | श्री नरेश कुमार पाण्डे/ श्री नर्वदा पाण्डे | स्व. सुकदेव पाण्डे |
| ११. | इन्दिरा अधिकारी | ६ | सरस्वती मा.वि. जमुनावारी झापा | आमाबाबुबाट परित्याक्त, जेहेन्दार, कमजोर आर्थिक अवस्था | श्री विनोद ओली/श्री अनीता उप्रेती ओली | स्व. गंगा प्रसाद ओली |
| १२. | अनवेश श्रेष्ठ | ६ | भृकुटी मा.वि. दुर्गापुर, झापा | आमा परलोक, वावु सम्पर्कविहिन, जेहेन्दार | श्री नरेन्द्र कुमार शिवाकोटी/ श्री सरीता शिवाकोटी | स्व. विष्णु प्रसाद सिवाकोटी / स्व. हरीमाया सिवाकोटी |
| १३. | पेम्वा नर्वु शेर्पा | ७ | सिमलवाडी आ.वि., झापा गा.पा.-३ | आमा परलोक, अति जेहेन्दार, आर्थीक रुपले विपन्न | श्री हरी प्रसाद उप्रेती/ श्री जसोदा (यशोदा) उप्रेती | स्व. प्रतिमान उप्रेती |
| १४. | विश्वेश्वर राजवंशी | ७ | रामनगर आ.वि., बाह्रदशी-३, राजगढ, झापा | बाबु परलोक, कमजोर आर्थिक अवस्था, जेहेन्दार | श्री जसोद (यशोदा) पाठक उप्रेती | स्व.लक्ष्मी प्रसाद पाठक/स्व. रमा देवी पाठक |
| १५. | रित्तिका चोधरी | ८ | राष्ट्रिय रमणीय आदर्श मा.वि., दुधे | बाबु अशक्त (बिरामी), आमाले जनवन गरी पालनपोषण गरेको, जेहेन्दार | श्री दिपेन्द्र ओडारी/ श्री चण्डीका ओली ओडारी | स्व. लक्ष्मी प्रसाद ओडारी/स्व. महेश्वरा उप्रेती ओडारी |

## तेह्रथुम जिल्ला

| सि.नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | छात्रवृत्ति दिनु पर्ने कारण | छात्रवृत्तिदाताको नाम | स्मृति तथा सम्मान |
|---|---|---|---|---|---|---|
| १. | अनिसा राई | ७ | सरस्वती आ.वि. आठराई | असहाय, आमा वावुवाट परित्याक्त, न्यून आय, मेधावी | श्री नरेन्द्र प्रसाद पाठक | स्व. नारायणी पाठक |
| २. | नरमाया मगर | ७ | भानु आधारभूत विद्यालय, इवा, भदौरे | आमाको देहान्त, कमजोर आर्थिक अवस्था, जेहेन्दार | श्री लक्ष्मी प्रसाद पाठक र श्री नरेन्द्र प्रसाद पाठक | स्व. डिल्लीराम पाठक/ स्व. सुभद्रा पाठक |
| ३. | निरुता संयोक | ८ | रन्दल आ.वि.,आठराई-४ | असक्त /आँखा कमजोर, आर्थिक अवस्था कमजोर | श्री लक्षीमा देवी पाठक, श्री चन्द्र प्रसाद पाठक, श्री प्रसाद पाठक, श्री मदन प्रसाद पाठक, श्री भिम प्रसाद पाठक, श्री प्रमोद प्रसाद पाठक, श्री नरेन्द्र प्रसाद पाठक | स्व. विष्णु प्रसाद पाठक |
| ४. | सन्दिप उप्रेती | ६ | पोखरी मा.वि. आठराइ-५ | बुबा वेपत्ता, आमा अर्कै श्रीमानसँग विवाह गरी गएकी, जेहेन्दार | श्री कमल प्रसाद उप्रेती/ श्री सन्ध्या उप्रेती, श्री नरेन्द्र प्रसाद पाठक | स्व. हरि प्रसाद उप्रेती/ स्व. विष्णुमाया उप्रेती |
| ५. | डिक व. कालिकोटे | ९ | श्री प्रणामी मा.वि., आठराई-४, ईवा | आमा परलोक, अती कमजोर आर्थीक अवस्था, पढाइ राम्रो भएको | श्री नरेन्द्र कुमार शिवाकोटी/ श्री सरीता शिवाकोटी | स्व. विष्णु प्रसाद सिवाकोटी/ स्व. हरीमाया सिवाकोटी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | प्रविण मगर | ६ | श्री प्रणामी मा.वि., आठराई–४, ईवा | आमा परलोक, अती कमजोर आर्थिक अवस्था, पढाइ राम्रै भएको | श्री चन्द्र प्रसाद मैनाली (भतिज), श्री भवानी प्रसाद मैनाली | स्व. हीमादेवी मैनाली र स्व. गोपीचन्द मैनाली |
| ७. | जेनिसा खरेल | ६ | पोखरी मा.वि. आठराई – ५ | बुबा वेपत्ता, आमा परलोक, जेहेन्दार | श्री तारा ओली उप्रेती, श्री युकेश उप्रेती, श्री उदिप उप्रेती | स्व. मनरथ उप्रेती |
| ८. | सनम सिवा | १० | पोखरी मा.वि. आठराई – ५ | असहाय, बुवा विरामी नियमीत औषधि सेवन र उपचारमा कुदीरहनुपर्ने, न्यून आय, जेहेन्दार | श्री गंगा प्रसाद उप्रेती/श्री डिल्लीमाया उप्रेती | स्व. विष्णु प्रसाद उप्रेती/ स्व. सरस्वता उप्रेती |
| ९. | विक्रम खपाङ्गी | ६ | जनता आधारभूत विद्यालय, बरबोटे | बाबु कारागारमा रहेको, आमाले दोस्रो विवाह गरी देहान्त भएको, छिमेकीको घरमा बसेको | श्री राम प्रसाद उप्रेती/ श्री रेखा ओली उप्रेती | स्व. विष्णु प्रसाद उप्रेती/ स्व. सरस्वता उप्रेती |